डि.स.का. काठमाडौं दर्ता नं. २३३६

पान नं.: ३०३८११८१५

'सदस्यलाई भरपर्दो वित्तीय टेवा, युगवाणीको सेवा'

युगवाणी

बचत तथा ऋण सहकारी संस्था लि.

YUGBANI SAVING & CREDIT CO-OPERATIVE LTD.

चन्द्रागिरि नगरपालिका-७, महादेवस्थान, काठमाण्डौं

१७ औं बार्षिक साधारण सभा



बार्षिक प्रतिवेदन

आ.व. २०८२/०८३

२०८३ असोज १७ गते, शनिवार

सञ्चालक समिति



मोहन ब. बलामी
अध्यक्ष



पार्वती के.सी.
उपाध्यक्ष



श्रीभगत महर्जन
सचिव



करन थापा
कोषाध्यक्ष



रामराजा सिलवाल
सदस्य



सरस्वती कुमारी के.सी. पाण्डे
सदस्य



ध्रुव कुमार के.सी.
सदस्य

लेखा सुपरिवेक्षण समिति



कृष्ण भगत बस्नेत
संयोजक



केशब के.सी.
सदस्य



प्रतिमा खड्का
सदस्य

ऋण उप-समिति

श्री भगत महर्जन - संयोजक
हरिहर सुवेदी - सदस्य
रेश्मा महर्जन - सदस्य सचिव

शिक्षा उप-समिति

सरस्वती कुमारी के.सी. पाण्डे - संयोजक
प्रमिला कुँवर थापा - सदस्य
सन्ध्या ढकाल - सदस्य सचिव



राष्ट्रिय गान

(सयौं थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची महाकाली) २

प्रकृतीका कोटीकोटी सम्पदाको आँचल
वीरहरुको रगतले स्वतन्त्र र अटल

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल

बहुल जाति भाषा धर्म सँस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।



साधारणसभामा संस्थाका पदाधिकारीहरु



जेष्ठ सदस्यबाट सधारण सभा उद्घाटन



अध्यक्षबाट प्रतिवेदन प्रस्तुत



वार्षिक नीति कार्यक्रम तर्जुमा गोष्ठी

युगवाणी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

YUGBANI SAVING & CREDIT CO-OPERATIVE LIMITED

चन्द्रागिरि नगरपालिका-७, महादेवस्थान, काठमाण्डौ, फोनः ०१-४३११५२९, ०१-४३१५५५१

च.नं १७ (०८३/०८४)

मितिः- २०८३।०५।०८

श्री सदस्यज्यूहरू,
युगवाणी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

विषयः- १७ औं वार्षिक साधारण सभा सम्वन्धमा ।

यस संस्थाको सञ्चालक समितिको २०८३।०५।०७ गतेको वैठकको निर्णय बमोजिम संस्थाको **१७ औं वार्षिक साधारण सभा** तपसिल बमोजिम विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा तोकिए बमोजिमको मिति, समय र स्थानमा उपस्थितको लागि सदस्य महानुभावहरूमा हार्दिक अनुरोध छ ।

छलफलका विषयहरू

१. आ.व.२०८२/२०८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित सम्वन्धमा
२. आ.व.२०८३/२०८४ को कार्यक्रम तथा बजेट स्वीकृति गर्ने सम्वन्धमा
३. आ.व.२०८२/२०८३ को लेखापरिक्षण प्रतिवेदन अनुमोदन सम्वन्धमा
४. आ.व.२०८२/२०८३ को लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित सम्वन्धमा
५. आ.व.२०८२/२०८३ मा समितिबाट भएका सम्पुर्ण निर्णयहरू अनुमोदन सम्वन्धमा
६. आ.व.२०८३/२०८४ को लागि लेखा परीक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण सम्वन्धमा
७. प्रस्तावित लाभांस र संरक्षित पुँजी फिर्ता कोष वितरण सम्वन्धमा
८. कार्यविधि पारित सम्वन्धमा
९. कार्यविधि संसोधन सम्वन्धमा
१०. सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्वन्धमा

कार्यक्रमः

मिति :- २०८३ आश्विन १७ गते शनिवार
समय :- विहान १२:३० बजे
स्थान :- ग्रीनल्याण्ड बैंकवेट, चन्द्रागिरि-०७

आज्ञाले

श्रीभगत महर्जन
सचिव
संचालक समिति

नोटः-

१. उपस्थिति पुस्तिका बिहान ११:०० देखि राखिने भएकोले आफनो परिचयपत्र साथ तोकिएको समयमा उपस्थित भई नाम दर्ता गराउन पर्नेछ ।

सदस्यलाई भरपर्दो वित्तीय टेवा, युगवाणीको सेवा

१. भूमिका :

सहकारीको मूल्य, मान्यता र सिद्धान्त अनुरूप विभिन्न स्रोतबाट आर्जन गरेको सम्पत्ति बचत गर्ने बानी बसाल्न र बचत रकमलाई उचित ब्याजदरमा विभिन्न आयमूलक, सीपमूलक तथा उत्पादनशील क्षेत्रमा ऋण प्रवाह गरी रोजगारका अवसरहरू उपलब्ध गराउँदै सदस्यहरूको आर्थिक, सामाजिक, सँस्कृतिक एवम् सामुदायिक गतिविधिहरू मार्फत आर्थिक एबम् सामाजिक विकासमा टेवा पुऱ्याउने उद्देश्यका साथ २०६६ साल बैशाख ५ गते स्थानीय शिक्षक, किसान, व्यावसायी, वुद्धिजीवि तथा सामाजिक अगुवा समेत ५१ जना मिलेर स्थापना गर्ने निर्णय भएको र मिति २०६६ असार ८ गते प्रति सदस्य रू.२५०००/- का दरले शेयर पुँजी संकलन गरी डिभिजन सहकारी कार्यलय काठमाण्डौमा २६ जना व्यक्तिहरूको सहभागीतामा दर्ता भई यस संस्थाको विधिवत स्थापना भएको हो । संस्थाले २०६६ श्रावण १० गते देखी प्रति व्यक्ति रू २००/- का दरले मासिक बचत संकलन गरी नियमित वित्तिय कारोबार शुरूवात गरेको थियो । संस्था स्थापनाकालमा यसको कार्यक्षेत्र साविक बाडभञ्ज्याङ, दहचोक, थानकोट, महादेवस्थान र मातातिर्थ गा.वि.स रहेको मा हाल संस्थाको कार्यक्षेत्र चन्द्रागिरि नगरपालिका भर रहेको छ ।

२. ध्येय (Mission)

सहकारी सिद्धान्तको पालना गर्दै व्यवसायीक, नविनतम प्रविधिको प्रयोग मार्फत सरल सहजरूपमा वित्तिय तथा गैह्र वित्तिय सेवाबाट सामाजिक तथा संस्थागत विकास गरी सदस्यहरूको जिवनस्तरमा सुधार गर्ने ।

३.परिकल्पना (Vision)

सुशासित वित्तिय सक्षमतायुक्त गुणस्तरीय उत्कृष्ठ र दिगो सहकारी संस्था
Quality Excellent and Sustainable SACCOS With Sound Financial Capability.

परिकल्पनाको व्याख्या

सुशासित

- नियमित वार्षिक साधारण सभा समयमा नै सम्पन्न गर्ने ।
- संस्थाको वार्षिक लेखापरिक्षण असोज मसान्त भित्र सम्पन्न गर्ने ।
- संचालक समितिको बैठक मासिक रूपमा बस्ने ।
- लेखा सुपरिवेक्षण समितिको बैठक त्रैमासिक रूपमा अनिवार्य रूपमा बस्ने ।
- एक पटकमा कुल सञ्चालक समिति सदस्य मध्ये ४९ प्रतिशत भन्दा बढि व्यक्तिले ऋण उपभोग नगर्ने ।
- संचालक समिति र कर्मचारीहरूको ऋणको स्विकृती संचालक समिति मार्फत गर्ने ।
- संस्थाको आर्थिक क्रियाकलापहरू पारदर्शि बनाउने ।
- साधारण सभाले स्विकृत गरेको वजेटको अधिनमा रहि खर्च गर्ने ।
- नियामक निकायमा नियमित रूपमा प्रतिवेदन पेश गर्ने ।
- संस्थाको आन्तरीक कार्यविधिको पुर्ण रूपमा पालना गर्ने ।
- सदस्यहरूलाई सहज तरिकाले चुस्त, दुरूस्त सेवा प्रदान गर्ने ।
- संचालकहरूको स्वमुल्याँकन वार्षिक रूपमा गर्ने ।
- संस्थाको निर्णय प्रक्रियामा सदस्यहरूको सहभागीता सुनिश्चित गर्ने ।
- संचालक समिति तथा उपसमितिहरूमा महिलाको सहभागितालाई सुनिश्चित गर्ने ।
- संचालक समिति, उपसमिति र सदस्यहरू विच संस्थाको सेवा उपभोगमा विभेद नगर्ने ।

सक्षमतायुक्तः

- वित्तिय रूपमा सक्षम हुनु ।
- पर्याप्त मात्रामा दक्ष कर्मचारीहरूको व्यवस्था ।
- सदस्यको आवश्यकता अनुसारको बस्तु तथा सेवाको विकास गर्नु ।
- बजारमा प्रचलित नविनतम प्रविधिको प्रयोग गरी सदस्यहरूलाई सेवा दिने ।
- आवश्यकता अनुसार सदस्यहरूको परिचालन गर्न सक्ने ।
- कार्यक्षेत्र भित्रका सम्पुर्ण स्थानहरूमा सेवाको पहुँच पुऱ्याउने ।
- अन्य संस्थाहरूमाझ प्रतिस्पर्धिको स्थान हासिल गर्नु ।
- दैनिक कार्यसंचालनको लागि आवश्यक कार्यविधिहरूको निर्माण गरी कार्यन्वयन गर्नु ।
- वित्तीय सुशासन कायम गर्ने ।
- कर्मचारीहरूलाई समय सापेक्ष सेवा सुविधा प्रदान गर्ने ।

गुणस्तरीय सेवा :

- सदस्यहरूले काउण्टर सेवा उपस्थित भएको ५ मिनेटमा प्रवाह गर्ने ।
- ऋणको सम्पूर्ण कागजात पेश भएको अधिकतम ५ दिनमा ऋण सेवा प्रदान गर्ने ।
- सदस्य सेवाका कर्मचारीहरू मार्फत बचत संकलन गर्ने,
- मासिक रूपमा बचत संकलन लघु उद्यम कार्यक्रमको समूह बैठकबाट संकलन गर्ने ।
- गुनासो सुनुवाईको व्यवस्था गर्ने,
- सवै कार्यालयमा सदस्यहरूको बसाई सहज बनाई समयानुकुल तातो चिसो पिउने पानीको व्यवस्था गर्ने।
- सवै सदस्यहरूमा सम्मानजनक व्यवहार गर्ने ।
- अपाङ्गता भएका सदस्यहरूलाई सहज वातावरण निर्माण गर्ने ।
- समय सापेक्ष सदस्यहरूलाई विभिन्न क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- सदस्यहरूको आवश्यकता पहिचान गरि उत्पादन तथा सेवाहरूको विकास र प्रवर्द्धन गर्ने ।
- सदस्यहरूको आर्थिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- खाजाको समयमा पनि काउण्टर सेवा सुचारू राख्ने ।
- वार्षिक रूपमा सदस्य सन्तुष्टि सर्वेक्षण गर्ने ।

उत्कृष्ट

- QR Code, Mobile Banking, HRM, Deposit Mechine, Queing Mechine, E-Teller, TAB Banking सहितको नबीनतम प्रविधि ।
- योजनाको अन्तिम बर्ष सम्ममा प्रोवेशन ब्राण्ड प्राप्त गर्ने ।
- वार्षिक रूपमा न्यूनतम १०% सदस्यहरुको सन्तुष्टि सर्वेक्षण गर्ने ।
- काउण्टरमा उपस्थित भएको १० मिनेटभित्र बचत संकलन र भुक्तानी सेवा प्रवाह गर्ने ।
- सम्पूर्ण कागजात पेश भएको अधिकतम ३ कार्यदिन भित्र ऋण प्रवाह गर्ने ।
- सरसफाई निरिक्षक तोकि कार्यालय व्यवस्थापनका लागि 5S (Sort, Set in Order, Shine, Standard, Sustain) लागु गर्दै मासिक रूपमा परिक्षण गर्ने ।
- मुस्कान सहितको सेवा प्रवाह गर्ने ।
- वार्षिक रूपमा समुदाय केन्द्रीत क्रियाकलाप सञ्चालनमा प्राथमिकता दिने ,
- वार्षिक रूपमा न्यूनतम २५% सदस्यहरूलाई वित्तीय एवम् सहकारी शिक्षा प्रदान गर्ने ,
- एक सदस्य एक संस्थाको पूर्ण कार्यान्वयनका लागि योजनाको अन्त्यसम्ममा कूल सदस्यहरू मध्ये न्यूनतम ६०% सदस्यहरू यस साकोसको मात्र सदस्य भएको हुनेछन् ।
- योजनाको अन्त्य सम्ममा चन्द्रागिरि न.पा.को न्यूनतम ५% घरधुरी संस्थामा आवद्ध गराइनेछ ।

दिगो :

- मासिक रूपमा पूर्ण ऋण जोखिम कोषको व्यवस्था गरिनेछ ।
- ऋण लगानी क्षेत्रगत रूपमा नीतिमा भएको व्यवस्था बमोजिम गरिनेछ ।
- ऋण लगानी गर्दा तिर्न सक्ने क्षमतामा आधारित ऋण लगानी गरिनेछ,
- कूल ऋण लगानीको ९० प्रतिशत भन्दा वढी धितो सुरक्षणमा लगानी गरिनेछ ।
- वार्षिक न्यूनतम १० प्रतिशत ऋणीहरूको ऋण सदुपयोगीता जाँच गरिनेछ ।
- कूल बचतको अनुपातमा नियमित बचत न्यूनतम २५ प्रतिशत, आवधिक बचत बढीमा २५ प्रतिशत, धन सिर्जना गर्ने बचत न्यूनतम १५ प्रतिशत र अरू अन्य ऐच्छिक बचत मार्फत संकलन गरिनेछ ।
- नियमित बचत गर्ने सदस्यहरूको अनुपात ९० प्रतिशत भन्दा वढी कायम गरिनेछ ।
- शेयर पूँजी न्यूनतम १० प्रतिशत कायम गरि औषत शेयर खरिद गर्ने सदस्य न्यूनतम ४० प्रतिशत कायम गर्ने ।
- संस्थागत पूँजी बृद्धिको लागि कोष व्यवस्थापन आन्तरिक कार्यविधि अद्यावधिक गरि मितव्ययी रूपमा खर्च गरि बाँकी रकम जगेडा कोषमा स्थानान्तर गर्दै न्यूनतम १०% कायम गरिनेछ ।
- भाखा नाघेको ऋण ५ प्रतिशत भन्दा कम कायम गरिनेछ ।
- आय आर्जन नगर्ने सम्पति ५ प्रतिशत भन्दा कम र संस्थागत पूँजीको ५० प्रतिशत भन्दा कम कायम गरिनेछ ।
- तरलता बचतको अनुपातमा न्यूनतम १६ प्रतिशत कायम गर्ने ।
- सदस्यता बृद्धिदर न्यूनतम १५ प्रतिशत कायम गर्ने ।

४. मूल्य र मान्यता (Values & Beliefs)

यस युगवाणी बचत तथा ऋण सहकारी संस्था लि. को मुल्य मान्यताहरू निम्नानुसारको रहेका छन् ।

४.१ **सहकारी मुल्य मान्यता:** संस्थाले सहकारीको मुल्य, मान्यता र सिद्धान्तको पुर्ण रूपमा परिपालना गरिने छ ।

४.२ **सामुहिक कार्य:** संस्थामा समिति, उप-समिती सदस्यहरू र कर्मचारीहरू मिलेर कार्य गरिने छ । संस्थागत सुशासन कायम राख्दै वित्तिय सक्षमता कायम गरिने छ ।

४.३ **जवाफदेहिता:** गरेका राम्रा र नराम्रा सबै कामको सबैले सामुहिक एवं व्यक्तिगत रूपमा जिम्मा लिइने छ ।

४.४ **उत्तरदायित्व:** सबै सरोकारवालाहरूले निष्ठा पूर्वक आ-आफ्नो भुमिका निर्वाह गर्दै जिम्मेवारी बहन गरिनेछ ।

४.५ **ऐक्यबद्धता:** सम्पूर्ण समिति, उप-समितिहरू, सदस्यहरू र कर्मचारीहरू बिच एक भै संस्था सञ्चालन गरिनेछ ।

४.६ **गोपनियता:** सदस्यहरूको वित्तीय कारोबार, संस्थाका महत्वपूर्ण अभिलेख तथा दस्तावेजहरूलाई गोप्य राखिनेछ ।

४.७ **दीगोपना:** वित्तीय रूपमा सुरक्षित, विधि तथा प्रविधिद्वारा संचालित र सदस्यहरूलाई गुणस्तरीय सेवा प्रदान गरिनेछ ।

४.८ **ईमान्दारिता:** संस्था सञ्चालन गर्दा छलकपट नगरि सञ्चालन गरिनेछ ।

४.९ **सम्मानको संस्कृति:** आफु भन्दा ठुलालाई मान मर्यादा राख्ने, ठूलाले सानासंग व्यवहार गर्दा सम्मानजनक तथा संस्थागत व्यवहार गर्ने र असल काम गर्नेलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

४.१० **समयको पालना:** ठीक समयमा ठीक कार्य गरिनेछ ।

४.११ **पारदर्शिता:** संस्थाको भित्रि अबस्था जस्तो छ बाहिर त्यस्तै देखाइनेछ । सदस्यहरूको सुसुचित हुने अधिकारको सम्मान गरिने छ ।

४.१२ **शुन्य सहनशिलता:** गलत काम प्रति शुन्य सहनशिलता अपनाईनेछ ।

४.१३ **समाबेशि सहभागिता:** स्थानिय स्रोत साधनको उचित परिचालन गरिने, समिति तथा उपसमितिहरूमा भौगोलिक सहभागिता सुनिश्चीत गरिनेछ ।
४.१४ **प्रतिवद्धता:** बोलेका काम प्रति प्रतिवद्ध भई कार्य गरिनेछ ।
४.१५ **नियमित:** सेवा सुविधा तथा संस्थागत काम प्रति नियमितता दिईनेछ ।
४.१६ **मुस्कान सहितको सेवा:** संस्थाबाट मुस्कान सहितको सेवा प्रवाह गरिनेछ ।

५. उद्देश्यहरू (Objectives)

५.१ दीर्घकालिन उद्देश्यहरू (Long Term Objectives)

५.१.१ सदस्यहरूमा मितव्ययिताको भावना जागृत गराई नियमित बचत गर्ने वानिको विकास गर्ने ।
५.१.२ व्यक्तिगत तथा सामुहिक क्षमता अभिवृद्वि गरी स्वावलम्वी एवं आत्मनिर्भर समाजको निर्माणमा योगदान पुऱ्याउने ।
५.१.३ सदस्यहरूको प्राथमिक आवश्यकता र आयआर्जन क्षमताको पहिचान गरी उत्पादनशील र आयमूलक क्षेत्रमा सदस्यहरू मार्फत लगानी प्रवर्द्वन गरी छरिएर रहेको राष्ट्रिय पूँजीको उपयोग बढाउने ।
५.१.४ सदस्यहरूको दैनिक जीवनका विविध क्षेत्रमा संस्थागत सहयोग पुऱ्याउने सेवामूलक कार्यक्रम सञ्चालन गरी समुदायमा सहकारिताको महत्व प्रदर्शित गर्ने ।
५.१.५ उत्पादनशील, आयमूलक, सीपमूलक कार्यका लागि सदस्यहरूलाई उत्प्रेरित गर्नुका साथै उचित ब्याजदरमा ऋण प्रदान गर्ने ।
५.१.६ वित्तीय साक्षरतामार्फत सदस्यहरूलाई आत्मनिर्भरता तथा आत्मविश्वास सम्बन्धी धारणाबारे उत्प्रेरित गर्ने ।
५.१.७ सदस्यहरूको आर्थिक अवस्थामा सुधार गर्नसक्ने किसिमका अन्य क्रियाकलाप सञ्चालन गर्ने ।
५.१.८ सहकारी अभियानको विकास र प्रवर्द्धनको उद्देश्य लिई गठित जिल्ला, प्रदेश र केन्द्रीय सङ्घको सदस्यता ग्रहण गर्ने ।
५.१.९ सदस्यहरूको सम्बृद्धि र विकासको अधिकतम हितलाई ध्यानमा राखि सहकारी ऐन, नियमावलि र यस विनियममा व्यवस्था भए बमोजिमका दैनिक कार्य सञ्चालनका साथै चल अचल सम्पत्ति आर्जन गर्ने, ऋण लगानी गर्ने, विनिमय गर्ने, हस्तान्तरण गर्ने, चन्दा दिने, धरौटी राख्ने, बन्धकी राख्ने आदि कार्य गर्ने ।
५.१.१० दातृ संस्थाहरूवाट कुनै शर्त नराखी प्राप्त हुने चन्दा तथा अनुदान स्वीकार गर्ने ।
५.१.११ आफनो उद्धेश्य पूरा गर्नका लागि समान उद्धेश्य भएका स्थानीय,प्रदेश,राष्ट्रिय र अन्तराष्ट्रिय संस्थाहरूसँग सहयोगात्मक सम्बन्ध र भावना राख्ने ।
५.१.१२ सदस्यहरू तथा संस्थागत विकासका लागि आय आर्जन परियोजना सञ्चालन गर्ने ।
५.१.१३ समाजका कमजोर वर्ग र निम्न आय भएका व्यक्ति वा समूदायमा आर्थिक सामाजिक उत्थानमा सहयोग पुऱ्याउने ।
५.१.१४ सदस्यहरू विच बैकिंग कारोवार गर्ने ।
५.१.१५ नविनतम प्रविधि (एटिएम, क्यूआर कोड, मोबाईल बैंकिङ्ग, ई बैकिङ्ग लगायत अन्य प्रविधि)को उच्चतम प्रयोगद्वारा कारोवार तथा कागजातहरूलाई विद्युतीकरण (Digitalization) गरि प्रविधिको प्रयोगमार्फत सेवा प्रवाह गर्ने ।
५.१.१६ पर्यटन विकासमा टेवा पुऱ्याउने खालका क्रियाकलापहरू सञ्चालन गर्ने ।

५.२ रणनीतिक उद्देश्यहरू (Strategic Objectives)

यस युगवाणी तथा ऋण सहकारी संस्था लि. का रणनीतिक व्यवसायिक योजनाका ४ वटा वृहत रणनीतिक उद्देश्य रहेका छन जसमा प्रत्येक रणनीतिक उद्देश्यका ७ वटा रणनीतिहरू रहेका छन् । त्यसैले यस रणनीतिक व्यवसायिक योजनाका रणनीतीहरू ४×७ मेट्रिक्समा तयार गरिएका छन् ।

रणनीतिक व्यवसायिक योजनाका ४ वटा वृहत रणनीतिक उद्देश्य

५.२.१ वित्तीय सुरक्षा र पहुँच
५.२.२ गुणस्तरीय सेवा तथा सन्तुष्टि
५.२.३ कुशल तथा स्तरीय सञ्चालन
५.२.४ निरन्तर सिकाई र निर्णय सक्षमता

५.२.१. वित्तीय सुरक्षा र पहुँच	५.२.१.१ नियमित सदस्य तथा सम्पति बृद्धि ५.२.१.२ बचत बृद्धि तथा सेवा विविधीकरण ५.२.१.३ स्तरीय ऋण तथा जोखिम व्यवस्थापन ५.२.१.४ आन्तरिक तथा बाह्य स्रोत परिचालन ५.२.१.५ सदस्यको नियमित सहभागीता बृद्धि ५.२.१.६ संस्थागत पूँजी बृद्धि तथा कोष परिचालन ५.२.१.७ नकमाउने सम्पति व्यवस्थापन र सुरक्षा
५.२.२. गुणस्तरीय सेवा तथा सन्तुष्टि	५.२.२.१ सेवा विविधीकरण तथा प्रवर्द्धन कार्यक्रम ५.२.२.२क्षमतामा आधारित ऋण परिचालन प्रवर्द्धन ५.२.२.३ सेवामा पहुँच तथा सेवाकेन्द्र विस्तार ५.२.२.४ सदस्य हेरचाह तथा बजारीकरण प्रवर्द्धन ५.२.२.५ सदस्य लाभ तथा सहभागीता बृद्धि ५.२.२.६ प्राविधिक प्रणालीहरूको विकास तथा आन्तरिकीकरण ५.२.२.७ भौतिक पूर्वाधार विकास तथा स्तरीकरण
५.२.३ कुशल तथा स्तरीय सञ्चालन	५.२.३.१ अद्यावधिक नीति तथा कार्यविधिको विकास ५.२.३.२ स्तरीय कार्यवातावरण तथा गल्ती व्यवस्थापन ५.२.३.३ व्यवस्थापन सूचना तथा आन्तरिक सञ्चार प्रणाली ५.२.३.४ योजनावद्ध व्यवस्थापन विकास प्रणाली ५.२.३.५ सहकारी एकीकरण, स्तरीकरण र प्रतिकिकरण ५.२.३.६ सहकार्य, समुदाय तथा सञ्जालमा संलग्नता ५.२.३.७ उत्कृष्ट कानुन अनुपालना अभ्यास स्थापना
५.२.४ निरन्तर सिकाई तथा स्वनियमन	५.२.४.१ निरन्तर सिकाई तथा निर्णय सक्षमता ५.२.४.२ समावेशी तथा नमुना योग्य समिति ५.२.४.३ जोखिम सुपरिवेक्षण तथा सुशासन प्रवर्द्धन ५.२.४.४ मानव संसाधनको सामुहिक सक्षमता विकास ५.२.४.५ आन्तरिक लेखा परिक्षण प्रभावकारीता बृद्धि ५.२.४.६ सदस्य शिक्षा तथा सिकाई अभिबृद्धि कार्यक्रम ५.२.४.७ सामाजिक परिक्षण तथा स्थिरीकरण कोष

६. **आवद्धता:** संस्थाको कारोवार वृद्धि गर्दै सहकारी अभियानमा समेत आफनो उपस्थिति देखाउन तपसिल बमोजिम सहकारी संस्थाको छाता संगठन मा आवद्धता जनाई सकिएको र आगामी दिनमा अन्य निकायहरूमा समेत आवद्ध हुने योजना रहेको छ ।

क. जिल्ला सहकारी संघ काठमाण्डौ (सदस्यता मिति २०७०।०६।१३, नं १७१३)
ख. नेपाल वचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफस्कुन) (सदस्यता मिति २०७५।३।३,नं३२४२)
ग. राष्ट्रिय सहकारी वैंक (सदस्यता मिति २०७६।०३।१६, नं ३०९२)

घ. काठमाण्डौं जिल्ला वचत तथा ऋण सहकारी संघ(कास्कुन) (सदस्यता मिति २०७८।१।५,नं ७३२)
ङ बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ (प्रोस्कुन) (सदस्यता मिति २०६९।७।२९, नं३७७)
च. राष्ट्रिय सहकारी नियमन प्राधिकरण (दर्ता मिति २०८२।११।११ दर्ता नं. २०६६-००२८९)
छ. कर्जा सूचना केन्द्र (दर्ता मिति २०८३।३।१५ दर्ता नं.अयउ-११७८,०८२/०८३)

७. संस्थाको सांगठनिक तथा व्यवस्थापकीय ढाँचा :

संस्थाको नीति नियम निर्माण तथा अनुमोदनको लागि सम्पूर्ण सदस्यहरूको साधारण सभा, नीतिको मश्यौदा निर्माण तथा कार्यान्वयनको लागि ७ सदस्सीय सञ्चालक समिति, संस्थाको आन्तरिक लेखा परिक्षण तथा समितिलाई आवश्यक सुझाव दिनको लागि ३ सदस्सीय लेखा सुपरिवेक्षण समिति र संस्थाको क्रियाकलाप सञ्चालनमा सहजताको लागि सञ्चालकहरूको संयोजकत्वमा ६ वटा उप समिति गठन भएका छन । साथै संस्थाको दैनिक कार्य सञ्चालनको लागि मुख्य अधिकृतको नेतृत्वमा मानव संशाधन व्यवस्थापन कार्यविधिमा व्यवस्था भए बमोजिम तहगत संरचना र संख्यामा कर्मचारीहरू ९जना कार्यरत रहेका छन ।

८. विशेषताहरू :

क. सदस्यहरूको सुविधालाई ध्यानमा राखी बिहान ८:०० बजे देखि बेलुका ६:०० बजे सम्म कार्यालय सञ्चालन हुने । साथै सार्वजनिक बिदाको दिनमा पनि प्रभातकालिन काउन्टर बिहान ८:०० बजे देखि ११:०० बजे सम्म सञ्चालन हुने ।
ख. समुदायमा आधारित सहकारी पहिचान बनाउन समुदायको रूचि र आवश्यकता अनुसार सेवा प्रदान गर्ने गरिएको
ग. अत्याधुनिक प्रबिधिको माध्यमबाट छिटो छरितो रूपमा वचत तथा ऋण सेवा प्रदान गरिरहेको ।
घ. उच्चतम प्रविधिमा आधारित निःशुल्क मोवाइल बैंकिङ सुविधा रहेको ।
ङ. स्प्रेड रेट (ऋणमा लिने र वचतमा दिने ब्याज अन्तर) तुलनात्मक रूपमा न्युन राखी वित्तिय उदेश्य प्राप्त गर्न सफल रहेको ।
च. वित्तिय अनुशासन कायम गर्दै संस्था स्थापना देखि नै नियमित रूपमा लाभाशं र संरक्षित पूँजी फिर्ता कोष वितरण गरि रहेको ।
छ. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सदस्यहरूलाई प्रसुति खर्च, एम्बुलेन्स तथा शववाहन खर्च, काजकिरिया अनुदान, दुघर्टना क्षति सहयोग,घातक रोग तथा अंगभंग राहत, शल्यक्रिया सहयोग खर्च को व्यवस्था भएको ।
ज. आपतकालिन अवस्थामा बिना ब्याज सापटीको व्यवस्था भएको ।
झ. संस्थाको सामाजिक उत्तरदायित्व अन्तर्गत शिक्षा, स्वास्थ, संस्कृति तथा खेलकुद जस्ता विविध कार्यक्रमामा सहभागीता जनाउदै आएको ।
ञ. प्रतिवद्ध तथा जिम्मेवार पदाधिकारीहरूको निरन्तर योगदानमा सञ्चालन भैरहेको ।
ट. केन्द्रीय संघबाट सञ्चालित जोखिममा आधारित साकोस सुपरिवेक्षण (कर्ब्बस) पश्चात पूर्ण तथा व्यवसायिक साकोस कार्यक्रम (प्रोवेसन) मा आवद्व

९. संस्थाका विधान एवं आधारभुत कार्यविधिहरू

१. विनियम २०६६
२. निर्वाचन कार्यविधि २०६९
३. संगठन तथा सामान्य कार्यविधि २०७६
४. सुशासन कार्यविधि २०७६
५. मानव संसाधन ब्यवस्थापन कार्यविधि २०७६
६. आर्थिक प्रसशासन कार्यविधि २०७६
७. ऋण कार्यविधि २०७६

८. वचत कार्यविधि २०७६
९. आचार संहिता २०७६
१०. सम्पति सुद्धिकरण निवारण कार्यविधि २०७६
११. सदस्यता कार्यविधि २०७६
१२. आन्तरिक लेखा परिक्षण कार्यविधि २०७६
१३. तालिम कार्यविधि २०७६
१४. सञ्चालक समिति तथा व्यवस्थापन कार्यविधि २०७६
१५. सुचना प्रविधि कार्यविधि २०७७
१६. सदस्य राहतकोष कार्यविधि २०७७
१७. नगद परिचालन कार्यविधि २०७९

१०. संस्थाका सेवा तथा सुविधा

क. वचत सेवा

वचत परिचालन संस्थाले सदस्यहरू मार्फत प्रति महिना मासिक (नियमित) वचत बापत न्युनतम रू २०० का अलावा ऐच्छिक र आवधिक वचत गरि १५ किसिमका वचत खाताहरू प्रतिस्पर्धी तथा आकर्षक ब्याजदरमा सञ्चालन गरि रहेको छ ।

क्र.स	बचत सेवा	लक्षित वर्ग	उदेश्य	न्यूनतम रकम
१	नियमित वचत	सम्पूर्ण सदस्यहरू	बचत गर्ने बानीको बिकाश र समृद्व भविष्य	रू २००।
२	साधारण वचत	सम्पूर्ण सदस्यहरू	कारोवार सहजता	रू १००।
३	दैनिक वचत	दैनिक आम्दानी हुने सदस्य	दैनिक बचत र कारोवार सहजता	रू १०००।
४	बाल वचत	बाल बचतकर्ता	बचत गर्ने बानीको बिकाश र समृद्व भविष्य	रू १०००।
५	नारी वचत	महिला सदस्य	बचत गर्ने बानीको बिकाश	रू ५००।
६	कर्मचारी वचत	कर्मचारी सदस्य	बचत गर्ने बानीको बिकाश	रू ५००।
७	क्रमिक बचत	सम्पूर्ण सदस्यहरू	उदेश्यमा आधारित बचत	रू ५००।
८	सुनिश्चित भविष्य बाल वचत	बाल बचतकर्ता	बचत गर्ने बानीको बिकाश र समृद्व भविष्य	रू १०००।
९	जेष्ठ सदस्य वचत	६० वर्ष माथीका जेष्ठ सदस्यहरू	उच्च प्रतिफल र सहज जिवनयापन	रू ५००।
१०	विप्रेषण वचत	वैदेशिक रोजगारमा रहेका सदस्यहरू	बचत विस्तार र समृद्व भविष्य	रू ५००।
११	अक्षय कोष वचत	सामाजिक संघ संस्था	कार्यक्रम खर्च जुटाउन सहजता	रू २००००।
१२	हितकोष वचत	संस्थाका कर्मचारी	समृद्व भविष्य	
१३	विशेष वचत	सम्पूर्ण सदस्यहरू	संस्थाको आवश्यकता र सदस्यहरूको चाहना परिपूर्ती	
१४	आवधिक वचत	सम्पूर्ण सदस्यहरू	उच्च प्रतिफल र समृद्व भविष्य	रू ५००००।
१५	युगवाणी विशेष आवधिक वचत	मासिक व्याज आवश्यक पर्ने सदस्यहरू	उच्च प्रतिफल र जिवनयापन सहजता	रू २,००००।

११. ऋण सेवा

११.१ संस्थाले सदस्यहरूको आय स्तर वृद्धि तथा आवश्यकता पुरा गर्ने उदेश्यले उत्पादनमुलक तथा अनुत्पादक गरि १४ किसिमका शिर्षकमा ऋण लगानी गरि रहेको छ ।

क्र.स.	ऋण शिर्षक	उदेश्य	ऋण अवधि अधिकतम
१	औद्योगिक ऋण	उद्योग खरिद तथा सञ्चालन	२४ महिना
२	व्यापार	व्यापार व्यावसाय सञ्चालन	२४ महिना
३	हायर पर्चेज ऋण	व्यवसायिक सवारी साधन खरिद र मर्मत सम्भार	६० महिना
४	घर जग्गा कारोवार ऋण	घर जग्गा कारोवार	१२ महिना
५	कृषि ऋण	खेतीपाती, पशुपंक्षी पालन	१२ महिना
६	शिक्षा ऋण	सदस्य वा सदस्यका सन्ततीको उच्च शिक्षा तथा प्राविधिक शिक्षा	६० महिना
७	वैदेशिक रोजगार ऋण	श्रम स्विकृतीको आधारमा रोजगारीको लागि विदेश जाने सदस्य वा सदस्यका परिवारलाई	२४ महिना
८	अल्पकालिन ऋण	छोटो समयमा आय आर्जन गर्ने	४ महिना
९	घर ऋण	घर खरिद, निर्माण, तलाथप तथा मर्मत	६० महिना
१०	जग्गा तथा घडेरी खरिद ऋण	व्यक्तिगत आवास तथा उत्पादन प्रयोजनको लागि जग्गा तथा घडेरी खरिद	६० महिना
११	निजि सवारी साधन खरिद ऋण	व्यक्तिगत सवारी साधन (कार, जिप, मोटर साइकल) खरिद	३६ महिना
१२	सामाजिक ऋण	घरायसी व्यवहार र सामाजिक कार्यको लागि	२४ महिना
१३	आपतकालिन ऋण	सदस्य तथा सदस्यहरूको एकाघरको परिवार बिरामी, दैवी प्रकोप, दुर्घटना भई औषधी उपचार गर्नू पर्ने भएमा वा मृत्यु संस्कार प्रयोजनको लागि	२४ महिना
१४	आवधिक वचत ऋण	अत्याश्यक अवस्थामा आवधिक वचतको रूपमा जम्मा गरेको रकमको जमानतमा	बचत अवधि सम्म

११.२ ऋण आवेदन साथ संलग्न हुनु पर्ने कागजातहरू

क. ऋण माग फारम
ख. शेयर प्रमाण पत्रको प्रतिलिपि
ग. नागरिकता प्रमाणपत्रको प्रतिलिपि
घ. हालसालै खिचेको पासपोर्ट साइजको फोटो
ङ. जमानत दिनेको फोटो र नागरिकता प्रमाणपत्र प्रतिलिपि
च पारिवारिक मञ्जुरीनामा
छ. जग्गा धनी प्रमाण पुर्जा (लालपुर्जा)को प्रतिलिपि
ज. जग्गाको प्रमाणित नक्शा
झ. जग्गाको स्थानीय तहबाट गरेको चारकिल्ला सिफारिस
ञ. तिरो तिरेको रसिद
ट. सम्पति मुल्याङ्कन प्रतिवेदन

ठ. व्यावसाय दर्ता,नविकरण,करचुक्ता प्रमाणपत्र प्रतिलिपि
ड. ऋण भूक्तानीको लागि आयश्रोत खुल्ने कागजात
ढ. सवारी धनी प्रमाणपत्र प्रतिलिपि,कोटेशन, वीमा, जाँचपास, बाटो इजाजत पत्र
ण. संस्थाले आवश्यक ठानेका अन्य कागजातहरू

११.३ ऋण लगानीका आधारभुत मापदण्डहरू

क. संस्थाको नियमित सदस्य भएको हुनुपर्ने ।
ख. कम्तिमा ३ महिना देखि नियमित बचत गरेको हुनुपर्ने ।
ग. संस्थाबाट यस अघि कुनै ऋण लिइको भए नियमित साँवा ब्याज चुक्ता गरेको हुनुपर्ने ।
घ. पछिल्लो ६ महिनामा कुनै पनि ऋणको भाखा ननघाई भुक्तानी गरेको हुनुपर्ने
ङ. अन्य सदस्यको धन जमानी बसेको भए सो ऋण भाखा ननाघेको हुनुपर्ने ।
च. ऋणीले पेश गर्ने व्यावसायिक योजना निरन्तर वृद्वि उन्मुख हुनुपर्ने ।
छ. प्रस्तावित परियोजना सञ्चालनको लागि कुल लागतको कम्तिमा २० प्रतिशत स्वलगानीको आधार खुलेको हुनुपर्ने ।

११.४ ऋण लगानीका आधारभुत प्राथमिकताहरू

क. लामो समयदेखि निरन्तर रूपमा नियमित बचत गर्ने सदस्यबाट प्राप्त आवेदन ।
ख. नियमित रूपमा ऋण भुक्तानी गर्ने सदस्य ।
ग. बचत धितोका आधारमा माग भएको ऋण ।
घ. प्रयाप्त अचल सम्पती धितो प्राप्त हुने ऋण ।
ङ. साना तथा घरेलु उद्योग सञ्चालनका लागि आवेदन गरिएको ऋण ।
च. उत्पादनमूलक क्षेत्रमा लगानी गर्न माग गरिएको ऋणहरू ।
छ. साना आकारका ऋणहरू
ज. छोटो अवधीमा भुक्तानी हुने ऋणहरू
झ. संस्थाको कुनै पनि विधामा उत्कृष्टता प्राप्त गरेको सदस्यबाट माग भएको ऋण ।
ञ. संस्थामा गरेको योगदान, तिर्न सक्ने सामर्थ्य, इमान्दारिता, परियोजनाको प्रकृति, सञ्चालन गर्ने शीप दक्षता, आर्थिक अनुशासनका आधारमा उपयुक्त ऋण
ट. परियोजनाको प्रतिफल दर उच्च भएको ऋण ।

११.५ ऋण लगानीलाई व्यवस्थित तथा ऋण सेवालाई छिटो छरितो बनाउन देहाय बमोजिम स्वीकृतीको क्षेत्राधिकार तोकिएको छ ।

क. आवधिक बचत र रू १,००००। सम्म–ऋण अधिकृत
ख. रू १०,००००।सम्म –व्यवस्थापन प्रमूख
ग. रू २०,००००।सम्म –ऋण उप समितिको सिफारिसमा समिति पदाधिकारी
घ. रू ४०,००००।सम्म –ऋण उप समितिको सिफारिसमा समिति अध्यक्ष
ङ रू ४०,००००।भन्दा माथी–ऋण उप समितिको सिफारिसमा पदाधिकारी वैठक

११.६ ऋण स्वीकृत नहुने अवस्थाहरू

क. नियमित मासिक बचत नियमित छैन भने
ख. अघिल्लो ऋणमा हर्जाना तिरेको छ भने
ग. ऋण तिर्नको लागि बारम्वार ताकेता गरिएको छ भने

घ. सट्टाबाजी वा अन्यत्र तिर्न ऋण माग गरिएको छ भने
ङ. अन्य धेरै संस्थाबाट ऋण निकालेको छ भने
च. अन्य सदस्यको ऋणमा जमानी बसेको ऋण भाखा नाघेको छ भने

१२. सदस्य राहत कोष :-

क. संस्थाका सदस्य तथा सदस्यका परिवारलाई पर्न सक्ने सामाजिक तथा स्वास्थ्य सम्वन्धी समस्याबाट केही आर्थिक राहत होश भन्ने अभिप्रायले सदस्य राहत कार्यक्रमहरू सञ्चालन गरिएको छ । जसमा देहाय बमोजिम सुविधा व्यवस्था गरिएको छ ।

क्र.स.	राहत कार्यक्रम	लक्षित	आवश्यक कागजात	राहत रकम (अधिकत्तम)
१	काजकिरिया अनुदान	सदस्य स्वयं	निवेदन मृत्यु दर्ता प्रमाणपत्र नाता प्रमाणित	रू १५०००।
		सदस्य परिवार		रू ५०००।
२	मातृशिशु अनुदान	महिला सदस्य	अस्पताल भर्ना कार्ड जन्म प्रमाणपत्र	रू १००००।
३	एम्वुलेन्स सेवा	सदस्य	सक्कल बिल	रू १०००।
	शव वाहन सेवा (उपत्यका भित्र मात्र)	सदस्य तथा परिवार	सक्कल बिल	बिल रकम अनुसार
४	दुघर्टना क्षती सहयोग	सदस्य	प्रहरी प्रतिवेदन स्थानीय निकाय सिफारिस	रू २,००००।
५	आपतकालिन सापटी	सदस्य	बिरामी, दैवी प्रकोप, दुर्घटना भई औषधी उपचार गर्नू पर्ने भएमा वा मृत्यु संस्कार प्रयोजनको लागि	रू २०००।
६	औषधी उपचार सहयोग (शल्यक्रिया मात्र)	सदस्य	सक्कल बिल	रू १००००।
७	घातक रोग तथा अंगभंग राहत	सदस्य	अवस्था पुष्टि हुने प्रमाण	रू १००००।

ख. उपरोक्त राहत रकम प्राप्त गर्न अनिवार्य रूपमा देहायका शर्तहरू पालना गरेको गरेको हुनु पर्दछ ।

- सदस्य भएको १ वर्ष पुरा भएको
- सदस्य राहत कोषमा योगदान गरेको –
- नियमित बचत गरेको –
- एम्बुलेन्स सेवाको लागि ३० दिन भित्र र अन्य सेवाको लागि ९० दिन भित्र आवश्यक कागजात सहित निवेदन पेश गरेको

ग. संस्थाबाट आ.व. २०८२/०८३ मा सदस्य राहत कोष कार्यविधि बमोजिम राहत रकम प्राप्त गर्नेको विवरण देहाय बमोजिम रहेकोछ ।

क्र.स	स.न.	नामथर	राहत शिर्षक	रकम
१	२४८१	सीता विष्ट	शल्यक्रिया अनुदान	५०००।
२	१८९६	रबि सिलवाल सुनार	काजकिरिया अनुदान	३७५०।
३	२२१५	निरूता काफले	काजकिरिया अनुदान	२५००।
४	३०९	शान्तदेवी खत्री खडका	शल्यक्रिया अनुदान	१००००।
५	१५६५	कमला सिंह सुनार	काजकिरिया अनुदान	३७५०।
६	६७	प्रदिप सिग्देल	शल्यक्रिया अनुदान	१००००।
७	१६१७	शान्ति थापा क्षेत्री	शल्यक्रिया अनुदान	७५००।
८	२३७२	विना तामाङ	घातकरोग अनुदान	५०००।
९	१४९०	सन्ध्या ढकाल	मातृशिशु अनुदान	७५००।
१०	२१३६	कल्पना नगरकोटी	मातृशिशु अनुदान	५०००।
११	१४१६	पवित्रा के.सी	काजकिरिया अनुदान	११२५०।
१२	२७४	सुनिता के.सी	काजकिरिया अनुदान	५०००।
१३	२७५	राधेश्याम के.सी	काजकिरिया अनुदान	५०००।
१४	१३१८	अनु चौहान	मातृशिशु अनुदान	१००००।
१५	१६३५	दीपिका बलामी	मातृशिशु अनुदान	७५००।
१६	५५६	प्रदीप के.सी	शल्यक्रिया अनुदान	१००००।
१७	५५६	प्रदीप के.सी	घातकरोग अनुदान	१००००।
१८	२४४९	रूपक के.सी	काजकिरिया अनुदान	२५००।
१९	२३७२	विना तामाङ	शल्यक्रिया अनुदान	५०००।
२०	११२२	गंगा नारायण श्रेष्ठ	शल्यक्रिया अनुदान	१००००।
२१	२१८१	गोमा गोतामे	घातकरोग अनुदान	५०००।
२२	११७	यसोदा ढकाल	काजकिरिया अनुदान	५०००।
२३	३९६	शान्ति श्रेष्ठ	शल्यक्रिया अनुदान	१००००।
२४	२२५३	जेनुका खतिवडा	मातृशिशु अनुदान	५०००।
२५	१२१०	सुषमा अधिकारी	शल्यक्रिया अनुदान	१००००।
२६	७९२	सरस्वती लुइटेल	काजकिरिया अनुदान	५०००।
२७	५७०	पुष्पा खडका	काजकिरिया अनुदान	५०००।
२८	१३९५	कौशल ब.कुमाल	काजकिरिया अनुदान	२५००।
२९	१४३२	कबिन्द्र बाँनिया	शल्यक्रिया अनुदान	७५००।
३०	५५६	प्रदिप के.सी	काजकिरिया अनुदान	१००००।
३१	१९७८	तारा के.सी	काजकिरिया अनुदान	३७५०।
३२	१७३०	कल्पना श्रेष्ठ मानन्धर	शल्यक्रिया अनुदान	७५००।
३३	२१११	अनिस गोले	शल्यक्रिया अनुदान	५०००।
३४	११०२	लक्ष्मी खडका	काजकिरिया अनुदान	५०००।
३५	०४७	दिल बहादुर लामा	शल्यक्रिया अनुदान	१००००।
३६	१९०५	मैया अर्याल	शल्यक्रिया अनुदान	७५००।

३७	१८५५	कमला के.सी	शल्यक्रिया अनुदान	७५००।
३८	१६९२	चन्द्रावती के.सी	शल्यक्रिया अनुदान	७५००।
३९	१४७५	उमा सापकोटा	शल्यक्रिया अनुदान	७५००।
४०	२१७५	रितु के.सी	शल्यक्रिया अनुदान	५०००।
४१	११६	बाटु थापा	शल्यक्रिया अनुदान	१००००।
४२	१४७५	उमा सापकोटा	मातृशिशु अनुदान	५०००।
४३	१९०५	मैया अर्याल	शल्यक्रिया अनुदान	७५००।
४४	११०२	लक्ष्मी खडका	शल्यक्रिया अनुदान	१००००।
४५	१५१६	सागर खत्री	शल्यक्रिया अनुदान	७५००।
४६	१६४३	सीता सिलवाल	शल्यक्रिया अनुदान	७५००।
४७	१३४४	जमुना खडका	शल्यक्रिया अनुदान	१००००।
४८	१२८२	कमला भण्डारी	काजकिरिया अनुदान	५०००।
४९	११३३	वसन्त महर्जन	काजकिरिया अनुदान	५०००।
जम्मा				**३,४००००।**

१३. युगवाणी मोवाइल बैंकिङ सेवा :-

विश्वव्यापी तिव्रतर रूपमा अघि बढीरहेको प्रविधिमा आधारित डिजिटल सेवाहरू संग सदस्य तथा कर्मचारीहरूलाई अभ्यस्त गराई वित्तीय सेवाहरूलाई छिटोछरितो, सरल र भरपर्दो माध्यमबाट नगद रहित कारोबारलाई प्रोहोत्साहन गर्न युगवाणी मोवाइल बैकिङ सेवा प्रयोगमा ल्याइएको छ । आपतकालिन अवस्था तथा महामारीमा यो सेवा अझ बढी आवश्यक र प्रभावकारी भएको देखिन्छ ।

विशेषताहरू

१. खाता तथा ब्यालेन्सको जानकारी
२. खाताको मिनि तथा पुरा स्टेटमेन्ट
३. चेकबुक अनुरोध तथा नगद भुक्तानी
४. मोवाइल टपअप (रिचार्ज), Data Pack खरीद
५. विजुली, इन्टरनेट, टी.भी, टेलिफोन, खानेपानी आदिको विल भुक्तानी
६. बस, केबलकार, एयर टिकेटिङ तथा बुकिङ
७. इन्स्योरेन्स, बिलबुक, शेयर ब्रोकर आदिको भुक्तानी
८. बालेट लोड सेवा (e-sewa, Khalti, IME Pay, Prabhu Pay…)
९. क्यू आर QR राईड सरकारी सेवाका भुक्तानीहरू
१०. सहकारीको एक खाताबाट अर्को खातामा रकम ट्रान्सफर
११. सहकारीबाट बैंकमा बैंकबाट सहकारीमा रकम ट्रान्सफर
१२. Connect IPS

१४. अन्य सेवा तथा कार्यक्रमहरू :

विप्रेसन सेवा,सदस्य शिक्षा तथा तालिम कार्यक्रम सेवा,जेष्ठ सदस्य सम्मान सेवा,बाल बचत कर्ता सम्मान, सदस्य जीवन बिमा,उत्कृष्ट कारोबारी सदस्य सम्मान,

१५. १६ औं वार्षिक साधारण सभा :

संस्थाको १६ औं वार्षिक साधारण सभा मिति २०८२ पौष ५ शनिवार ग्रिनल्याण्ड वैंकेट, चन्द्रागिरि-७, महादेवस्थानमा संस्थाका अध्यक्षको सभाअध्यक्षतामा भएको १६ औं वार्षिक साधारण सभा संस्थाका जेष्ठ एवं सक्रिय सदस्य न. १४९४का धन बहादुर महर्जन वर्ष ९४ बाट दिप प्रजवलन गरि कार्यक्रको उदधाटन भएको

थियो । सदस्यहरूको उत्साहप्रद उपस्थितिमा ११ वटा कार्यसुचीहरू माथी छलफल तथा निर्णयहरू पारित गरियो । सोही समारोहमा उत्कृष्ट नियमित बचत गर्ने २ जना सदस्य तथा उत्कृष्ठ कर्मचारी सम्मानबाट १ जना कर्मचारीहरूलाई सम्मानीत गरिएको थियो । उपस्थित सदस्यहरूलाई खाजाको व्यवस्था सहित उल्लासमय वातावरणमा कार्यक्रम सम्पन्न भएको थियो ।

१६. अवलोकन भ्रमण :

संस्थाको वार्षिक नीति तथा कार्यक्रम बमोजिम सदस्यता क्रमसंख्या,उत्कृष्ट शेयर खरिदकर्ता, उत्कृष्ट नियमित बचतकर्ता, उत्कृष्ट बचतकर्ता, उत्कृष्ट ऋण कारोवारी, उत्कृष्ट संरक्षित पूँजीफिर्ता कोष रकम प्राप्तकर्ता सदस्यहरू तथा संस्थाका कर्मचारी एवं पदाधिकारीहरू समेत ४१ जनाको अनुशासित तथा उत्साहप्रद सहभागितामा पाल्पा भैरब मन्दिर, रानीमहल, लुम्बिनी र त्रिवेणीधाम अवलोकन भ्रमण सम्पन्न भएको थियो ।

१७. राष्ट्रिय सहकारी दिवस :

मिति २०८२ चैत्र २० गते शुक्रबार ६९औं राष्ट्रिय सहकारी दिवस "उद्यमशीलता र पारदर्शिता: सहकारीको प्राथमिकता" भन्ने नारालाई आत्मसाथ गर्दै संस्थाको कार्यालयबाट ब्यानर र सहकारी सम्वन्धी प्ले कार्ड सहितको प्रभातफेरी कार्यक्रम दाउरा डिपोबाट शुरू भई कोतघर थानकोटमा पुगी सभामा परिणत भएको थियो । संस्थाका सदस्य, पदाधिकारी तथा कर्मचारीहरूको तथा आम जनसमुदायको सहभागिता रहेको उक्त सभालाई नगर प्रमूख, जन प्रतिनिधि लगायत सहकारी अभियन्ताहरूले सम्वोधन गरि सहकारीको मर्यादा, समाजमा सहकारीको महत्व, सहकारी क्षेत्रमा देखिएका अबसर र चुनौतीबारे प्रकाश पार्नु भएको थियो ।

१८. स्थापनाकाल देखि हाल सम्मको कारोवार समीक्षा

आ.व	शेयर	वचत	ऋण	कुल सम्पति
०६६/०६७	४९,९२७००	९३,४०३१९	१२४,४५०९८	१५२,४८१९५
०६७/०६८	९९,४४२००	१३६,१५६२१	२३२,७५९४८	२६२,२२७३५
०६८/०६९	१०१,२७७००	१९५,२४६९६	२८५,५२३६७	३४०,३८५३३
०६९/०७०	१०१,८३४००	२४३,९२८५५	३६४,८५७९१	४०७,१४४३९
०७०/०७१	१०५,४५६००	३३६,२७०६५	४४७,७०१६२	५२५,६१४६८
०७१/०७२	१०८,३१४००	४६२,५९७८०	६०६,३३५२४	६९१,७०४५५
०७२/०७३	११०,३१६००	८२७,७३७००	८७९,४३५९५	१०७८,६२६०३
०७३/०७४	१२५,४९४००	११७९,७४४४२	१२९८,७७३४६	१५०६,६८३१८
०७४/०७५	१३९,७७८००	१८५१,६९९६०	१७६८,२४२०९	२२५४,५१६४०
०७५/०७६	१५०,७१५००	२१७८,५३२१६	२१२१,१४९५०	२६४६,४३०८३
०७६/०७७	१७४,२५०००	२७९६,६७९१६	२२८३,७४६५४	३३५५,६००४३
०७७/०७८	१८९,२६५००	३३३५४५४८४	२५७८५८५७२	४३०६६४९८३
०७८/०७९	१९५,७४०००	३४२३,२०८३२	३३०९,६८३८०	४१४५,०७९६३
०७९/०८०	२२८,७९३००	३०७२,०७२७२	३००७,०३०९०	३८५२,२७६९२
०८०/०८१	२४५,९७७००	३२३९,३५९३६	३०२९,६२८२०	४२४६,८६४९६
०८१/०८२	२६५,३४३००	३७५४,०७२९५	३४७०,०७९५५	४४१५,७८५५५
०८२ /०८३	२५९,७५१००	४३८७,७०६८९	३०२४,९१३९१	५०१५,१७९००

१९. २०८३ भाद्र ८ गते सम्मको शेयर विवरण

शेयर कित्ता	सदस्य संख्या	शेयर रकम (रू)
१००० भन्दा माथी	३०	५८,१२५००।
२५० देखि ९९९	१८५	८२,२५२००।
१०० देखि २४९	३४८	५१,०३७००।
५० देखि ९९	१०१५	६४,२०००।
१० देखि ४९	२९५	३,७६६००।
१० कित्ता भन्दा कम	३२२	३४६००।
बाल वचतकर्ता	१७८	००
जम्मा	२३७३	रू.२५९,७३६००।

२०.

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल ।
(स्थापना-२०८१)
नेपाल सरकार

अनुसूची-३
(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)
सहकारी संस्थाको सञ्चालन इजाजतपत्र

राष्ट्रिय सहकारी नियमन प्राधिकरण (National Cooperative Regulatory Authority)
पुल्चोक, ललितपुर (Pulchowk, Lalitpur)

सहकारी संस्थाको सञ्चालन इजाजतपत्र (Operative License of Co-operative)

इजाजतपत्र नं.: 2066-00289

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखिकरण मापदण्ड, २०८२ को दफा ४ बमोजिम देहायको सहकारी संस्थालाई राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा दर्ता अभिलेखीकरण गरी यो सञ्चालन इजाजतपत्र जारी गरिएको छ ।

सहकारी संस्थाको नाम: युगवाणी बचत तथा ऋण सहकारी संस्था लिमिटेड
दर्ता नं र दर्ता गर्ने निकाय: 2336/065/66, Division cooperative office, Kathmandu
कार्यक्षेत्र: काठमाडौ चन्द्रागिरी नगरपालिका भित्र रहने छ ।
कार्य: बचत तथा ऋणको मुख्य कारोबार

जारी गर्ने अधिकारी
नाम: मुकेश कर्ण
पद: उप-निर्देशक
जारी मिति: 2082-11-11

१७औं वार्षिक साधारण सभा २०८३ आश्विन १७ गते शनिवार
अध्यक्ष श्री मोहन बहादुर बलामीद्धारा प्रस्तूत

आ.व.२०८२/०८३को सञ्चालक समितिको वार्षिक प्रगति प्रतिवेदन

आदरणीय सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू,लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरू,विभिन्न उपसमितिका संयोजक तथा सदस्यज्यूहरू, संस्थाको गरिमामय साधारण सभामा उपस्थित रहनु भएका शेयर सदस्यज्यहरू र कर्मचारी वर्गमा संस्थाको १७ औं वार्षिक साधारणसभाको अवसरमा हार्दिक शुभकामना एवं सहकारी अभिवादन व्यक्त गर्दछु ।

सर्वप्रथम मिति २०८३ भाद्र १० गते बुधबार रसुवाको भोटेकाशीमा आएको भीषण बाढी र पहिरोका कारण रसुवा,नुवाकोट लगायत देशका विभिन्न स्थानमा भएको जनधनको अपुरणीय क्षतिप्रति गहिरो दु:ख व्यक्त गर्दछौं । यस विपदमा परि आफनो ज्यान गुमाउनु हुने सम्पूर्ण आत्माहरूको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछौं साथै शोकाकुल परिवारजनमा समवेदना प्रकट गर्दै घाइतेहरूको सिघ्र स्वास्थलाभको कामना गर्दछौं । उक्त प्रलयकारी बाढी पहिरोमा परि सम्पर्कविहीन हुनुभएका सम्पूर्णको सकुशलताको कामना गर्दछौं ।

आदरणीय सदस्य महानुभावहरू :

संस्था स्थापनाको लागि मिति २०६६ बैशाख ५ गतेको प्रारम्भिक भेलामा जम्मा भई सहकारी स्थापनाको पवित्र सोच राखी संस्था स्थापना गर्ने निर्णयकर्ताहरू प्रति सम्मान प्रकट गर्न चाहान्छौं। संस्था स्थापना पछिका आरोह अवरोहलाई चिर्दै १७औं वार्षिक साधारण सभा मनाउन पाउँदा ज्यादै हर्षित र गौरवान्वित महशुस भइरहेको छ । सहकारीका विश्वव्यापी सिद्धान्त र मूल्यमान्यतालाई अनुशरण गर्दै सबल, आत्मनिर्भर र समुन्नत समाजको निर्माण गर्न सकिन्छ भन्ने विश्वासका साथ ७८ जना सदस्यहरूको जोशजाँगर र सामुहिक प्रयासबाट शुरू भएको संस्थामा हाल १२१८ पुरूष,११४० महिला(१९५ बाल बचतकर्ता सहित) र १५ संस्थागत सदस्य गरि जम्मा २३७३ जना आवद्व रहेको जानकारी गर्न चाहान्छु । "सदस्यलाई भरपर्दो वित्तीय टेवा,युगवाणीको सेवा"भन्ने आर्दश वाक्यलाई आत्मसात गर्दै श्रोतसाधनको प्रभावकारी प्रयोगबाट सदस्यहरूको आर्थिक, सामाजिक र सास्कृतिक विकास मार्फत सफलता प्राप्त गरि आफनो छुट्टै पहिचान कायम गर्न सफल रहेको यहाँहरू समक्ष राख्न चाहान्छु । संस्थागत विकाश र सुदृढीकरणको लागि मन,बचन र कर्मले सहयोग गर्ने सक्षम,योग्य र उच्च नैतिकवान नेतृत्व वर्ग, मेहेनती,अनुभवी र क्षमतावान व्यवस्थापन एवं सक्रिय,अनुशासित र विश्वासका साथ कारोवार गर्ने सदस्यज्यूहरूलाई सफल पहिचानको श्रेय सर्मपित गर्न चाहान्छु ।

मानव सभ्यताको विकासक्रम संगै शुरू गुठी,मेला,पर्म,धर्मभकारी जस्ता आर्थिक तथा गैह्र आर्थिक क्रियाकलापका विकसित स्वरूपहरू नै आजको आधुनिक सहकारी भएको सर्व विदितै छ । विश्वको सहकारी अभियानले झण्डै दुई शताब्दी हुन लाग्दा नेपालमा सहकारी अभियानको इतिहास त्यती लामो नरहेता पनि सहकारीता प्रवर्धन गर्न सहकारी ऐन २०४८को महत्वपूर्ण योगदान रहेको छ । सहकारीको व्यावसायिक प्रयोग मार्फत समाजको आर्थिक,सामाजिक एवं साँस्कृतिक रूपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै दिगो विकास लक्ष्य प्राप्तीको लागि सहकारीको महत्वपुर्ण भुमिका रहदै आएकोछ । आर्थिक तथा सामाजिक क्षेत्रमा सहकारी क्षेत्रको उपस्थिति,महत्व र प्रभावको मुल्याङकन गर्दै नेपालको संविधान २०७२ले पनि सहकारीलाई अर्थतन्त्रको तीन खम्बा मध्य महत्वत्वपूर्ण खम्बाको रूपमा अंगिकार गर्नुले समेत सहकारीको महत्वलाई उजागर गरेको देख्न सकिन्छ । सहकारी जस्तो स्वायत्त तथा पवित्र अभियानको प्रभावकारितामा आएको विचलनलाई व्यवस्थित र मर्यादित बनाउन सहकारी ऐन २०७४ महत्वपूर्ण रहदा रहदै सहकारी अभियानलाई अझ व्यवस्थित र सशक्त बनाउन राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन भई सहकारी संचालन सम्वधी निर्देशनहरू समेत जारी भएको यहाँहरू सामु राख्न चाहान्छौं ।

विश्व अर्थतन्त्रमा आएको संकुचन,प्राकृतिक प्रकोप,राजनैतिक अवस्थाका कारण लगानीका सम्भावनाहरूमा कमी,ऋण भुक्तानीमा समस्या, वित्तीय बजारको असन्तुलनको अवस्था रहेको साथै सहकारी सिद्धान्त,मूल्य,मान्यता र आदर्शको परिपालना प्रभावकारी हुन नसक्दा सहकारी क्षेत्रमा अनेक विकृति,चुनौतीपूर्ण र जोखिम विध्यमान रहेको यहाँहरूलाई विदितै छ । अधिक तरलतामा, ब्याजदरमा अस्वस्थ प्रतिश्पर्धा, सहकारी अभियानमा भएको प्रहारबाट लगानीमा अत्याधिक जोखिम रहेको यहाँहरूलाई अवगत गर्न चाहान्छौं । सहकारी क्षेत्रमा जुन प्रहार र अविश्वासको वातावरण सृजना भई रहेको छ "उद्यमशीलता र पारदर्शिता:सहकारीको प्राथमिकता" आदर्श वाक्यलाई आत्मसाथ गर्दै हाम्रो योजना तथा कार्यदिशाबाट प्रमाणित गर्नु पर्ने भएको छ । सुशासन तथा व्यवसायिक क्षमताले जस्तो सुकै प्रतिकुलता चिर्न सकिन्छ भन्नेमा हामी विश्वस्त छौं । सहकारीताको माध्यमबाट सदस्यहरूको समृद्वि हासिल हुने भएकोले संख्यात्मक भन्दा गुणात्मक वृद्धिले अघि बढनु पर्छ भन्नेमा हामी प्रष्ट छौं । सहकारी ऐन,नियम , संस्थाको आन्तरिक कार्यविधि तथा रणनितिक व्यावसायिक योजनाले निर्दिष्ट गरेका योजना तथा कार्यक्रमहरूको पूर्ण कार्यान्वयनबाट सुशासित तथा सक्षम सहकारी बन्नेमा हामी विश्वस्त छौं । नीति,विधि र प्रविधिको उच्चतम प्रयोगबाट आन्तरीक नियन्त्रण प्रणाली र वित्तीय पारदर्शिता कायम गरि उत्कृष्ट सहकारी बनाउन हाम्रो निरन्तर प्रयास रहिरहने छ । उच्चस्तरको सुशासन र वित्तीय सुरक्षा कायम गरि सदस्यहरूको आर्थिक, सामाजिक र साँस्कृतिक विकास वृद्धि एवं सामाजिक सुरक्षा कायम गर्दै युगवाणी बचत तथा ऋण सहकारी संस्थालाई सुशासित वित्तिय सक्षमतायुक्त गुणस्तरीय उत्कृष्ठ र दिगो सहकारी संस्था बनाउने प्रतिवद्धता गर्दछौं ।

आदरणीय सदस्य महानुभावहरू :

यस सम्मानित सभामा संस्थाको प्रगति समिक्षा, समग्र कारोबार,उपलब्धी तथा चुनौती र भावी कार्ययोजना सहित आ.व. २०८२/०८३ को वासलात, आय/व्यय, नगद प्रवाह विवरण एवं तत् सम्वन्धी अनुसूचिहरू लेखापरीक्षकले पेश गरेको वार्षिक प्रतिवेदन यसै साथ संलग्न गरी पेश गरेका छौं । आ.व ०८२/०८३ मा भएका विभिन्न आर्थिक कारोवार एवं प्रगति बारे यहाँहरू समक्ष संक्षिप्त जानकारी गराउन चाहान्छु ।

१. शेयर पुँजी :

संस्था स्थापना कालका ७८ जना सदस्यहरूको रू ३२,५०,०००।०० वाट शुरू गरिएको शेयर पुँजी आ.व.०८२।०८३को अन्त सम्ममा जम्मा रू २५९,७५१००। मात्र शेयर पुँजी रहेको अनुरोध गर्दछु ।

२. बचत :

बचत सदस्यहरूको सुनिश्चित भविष्यको आधार भएकोले भविष्यमा आफनो आवस्यकताहरू पूर्ति गर्न सजिलो होस भन्ने अभिप्रायले संस्थाले विविध किसिमका बचत योजनाहरू सञ्चालनमा ल्याएको विदितै छ । वचतका विविध शिर्षक अन्तर्गत आर्थिक बर्ष २०८२/०८३को अन्त सम्ममा बचत संकलन रू ४३८७,७०६८९। रहेको सो गत आ.व भन्दा १६.८७ प्रतिशतले वृद्वि भएको जानकारी गराउन चाहान्छु ।

३. ऋण लगानी :

वचत तथा ऋण सहकारी संस्था सञ्चालनको मेरूदण्डको रूपमा ऋण लगानी रहने विदितै छ । सदस्यहरूको व्यावसायिक तथा सामाजिक आवस्यकताहरू पुरा गर्ने अभिप्रायले ऋण लगानीका विविध शिर्षक अन्तर्गत उत्पादनमूलक वा गैरउत्पादनमूलक क्षेत्रमा आ.व २०८२/२०८३को अन्त सम्ममा कुल ऋण लगानी रू ३०२४,९१३९१। मात्र रहेको अवगत गर्न चाहान्छु ।

४. आम्दानी :

संस्थाले आर्थिक वर्ष २०८२/०८३ मा गरेका आम्दानीमा विभिन्न शिर्षक मध्य ब्याज आम्दानीबाट रू ४१४,९४००२ , अन्य सञ्चालन तथा गैह सञ्चालन आम्दानीवाट रू ७१,१९२६४। गरी जम्मा रू ४८६,१३२६६ आम्दानी गर्न सफल भएको छ ।

५. खर्च :

खर्च तर्फ आर्थिक वर्ष २०८१/०८२ मा खर्चका विविध शिर्षक अनुसार बचतमा व्याज खर्च र बाह्य ऋण ब्याज खर्च रू ३२६,३५५५५, कर्मचारी खर्चमा रू ७२,८५२११।, सञ्चालन तथा व्यवस्थापन खर्चमा रू ३२,३०८६८, ह्रास कटटी रू १९२६५३, कर्जाको क्षयिकरण व्यवस्था थप खर्च रू ४२४९०८ र चालु कर रू.५०४२५८ गरि जम्मा रू ४४२,७३४५३। खर्च भएको जानकारी गराउन चाहान्छु ।

६. आय व्यय हिसाब:

संस्थाले आर्थिक वर्ष ०८२/०८३ मा लगानी गरेको ऋणको ब्याज र बैंक व्याज आम्दानीबाट रू ४१४,९४००२ , अन्य सञ्चालन तथा गैह सञ्चालन आम्दानीवाट रू ७१,१९२६४। गरी जम्मा रू ४८६,१३२६६। कूल आम्दानी गरेमा सो अवधीमा बचतमा व्याज खर्च र बाह्य ऋणमा ब्याज खर्च रू ३२६,३५५५५। यसै गरी कर्मचारी खर्चमा रू ७२,८५२११, कार्यालय सञ्चालन तथा व्यवस्थापन खर्च रू ३२,३०८६८, ह्रास कट्टी खर्च रू १,९२६५३ , कर्जाको क्षयिकरण व्यवस्था थप खर्च रू ४,२४९०८ र चालु कर रू.५०४२५८ गरी जम्मा रू ४४२,७३४५३ कूल खर्च हुन गई वाँकी रू ४३,३९८१३ सम्पूर्ण कारोबार समावेशपछिको खुद नाफा हुन पुगेको छ । सो नाफालाई सहकारी ऐन र नियमावली मा व्यवस्था भए बमोजिम विभिन्न कोषहरूमा बाँडफाड गरिएको यहाँहरूलाई जानकारी गराउन चाहान्छु ।

७. कुल कारोवार :

संस्थाले आ.व २०८२/०८३ अन्त सम्म कुल कारोवार रू.५०१५,१७९०२। रहेको सो गत आ.व.को तुलनामा १३.७५ प्रतिशतले वृद्धि भएको समेत जानकारी गराउन चाहान्छु ।

आदरणीय सदस्य महानुभावहरू :

संस्थाले आ.व २०८२/२०८३ को वार्षिक विश्लेषण सहित सुशासन प्रर्वधन,संस्थागत विकाश, प्रविधिको प्रयोग, जोखिम न्यूनिकरण गर्दै संस्थाको व्यवसायिकता विकाशका क्षेत्र लक्षित चालु आ.व.२०८३/२०८४ मा अबलम्वन गर्ने वार्षिक नीति तथा कार्यक्रम र अनुमानित वजेट एवं विविध कारोवारको अनुमानित आँकलन बारे संक्षिप्त जानकारी गराउन चाहान्छु ।

१. नियमित सदस्य र सम्पति वृद्वि :-

सहकारी मूल्य मान्यता र अन्तराष्ट्रिय सिद्वान्त तथा ऐन नियमको परिधि भित्र रही स्वेच्छिक तथा खुल्ला सदस्यताको मान्यतालाई कायम राखि सदस्यता विस्तारलाई निरन्तरता दिई सक्रिय तथा नियमित सदस्य २४५० जना पुर्याइनेछ । सदस्यता लिन छुट भएका संस्थाका सदस्यका परिवार लगायत कार्यक्षेत्र भित्र बसोबास गरि सदस्यता नलिएका व्यक्तिहरूलाई प्रोत्साहन गरि सदस्य बनाइनेछ । संस्थामा सदस्यता लिई सक्रियता कायम गर्न नसक्नु भएका सदस्यहरूको व्यवस्थापन गर्ने निति अवलम्वन गरिनेछ ।

२. सदस्यहरूको नियमित आर्थिक सहभागिता वृद्वि :-

योगदानमा आधारित बचत तथा ऋण सेवा, शेयर पूँजी वृद्वि,औषत शेयर कायममा प्रोत्साहनका साथै सेवा तथा सुविधा उपभोगमा शेयर मापदण्ड कायम गराई सदस्यहरूको नियमित आर्थिक सहभागिता वृद्वि गर्ने नीति लिइनेछ । सदस्यहरूलाई शेयर थप तथा नियमित आर्थिक कारोवार गर्न हौसलाका प्रयासहरू जारी राखिनेछ । जसबाट संस्थागत पूँजी वृद्वि हुने,प्राथमिक पूँजीकोष बढन गई प्रतिव्यक्ति ऋण लगानी क्षमता वृद्वि हुने विश्वास लिन सकिन्छ ।

३. सदस्य लाभ तथा सहभागीता :

संस्थामा सदस्यको सहभागिता मार्फत भएको योगदान जस्तै शेयर लगानीमा लाभांश,कारोबारका आधारमा संरक्षित पूँजी फिर्ताकोष ,रेमिटयान्स, छुट, बीमा, कार्यक्रम मार्फत सदस्य लाभमा सहभागितालाई निरन्तरता

दिइनेछ । स्थापना दिवस,सहकारी दिवस,विस्तारित मञ्च, कार्यविधि निर्माणमा सदस्य सहभागिता वृद्वि गरिनेछ । शुभकामना, समवेदना,राहत कार्यक्रम,सदस्य सम्मान कार्यक्रममा सदस्यहरूको सहभागीता कायम गरि संस्था प्रति अपनत्वको भावना जागृत गराईको प्रयास गरिनेछ । प्रतिफलको न्यायोचित वितरणले सदस्यहरूमा हौसला एवं संस्थासंगको आत्मीयता वृद्वि हुने विश्वास लिन सकिन्छ ।

४. संस्थागत पुँजी वृद्वि तथा कोष परिचालन :-

संस्थाको संस्थागत पूँजी वृद्वि गरि वित्तीय संरचनालाई मजबुत तथा प्रभावकारी बनाई संस्थागत कोषमा आधारित संस्था बनाइनेछ । जसका लागि शेयर पूँजीमा वृद्वि,जगेडा कोष २५ प्रतिशत +,अन्य कोषलाई जगेडा कोषमा परिणत गरिनेछ । जसबाट संस्थाको वित्तीय संरचना सन्तुलित हुने, थप पुँजी परिचालनको सम्भावना ,वित्तीय सक्षमता र सदस्य सेवामा वृद्धि हुने विश्वास लिन सकिन्छ ।

५. स्तरीय तथा क्षमतामा आधारित ऋण परिचालन :

उत्पादनमूलक क्षेत्रलाई प्राथमिकतामा राखी ऋण परिचालनलाई योगदान , सुरक्षा र क्षमतामा आधारित गरिनेछ । आवश्यकताको आधारमा ५सी विश्लेषण,भारगत वर्गीकरण,किस्ता निर्धारण गरि नियामक निकायबाट निर्देशित पूँजीकोष मापदण्डमा कायम गरिनेछ । जसबाट संस्थाको प्रतिव्यक्ति ऋण क्षमतामा विस्तार,सदस्यको पहुँचमा वृद्वि साथै ऋण लगानी उत्पादनमूलक र सुरक्षित हुने विश्वास लिन सकिन्छ । .

६. भौतिक पुर्वाधार, स्तरीकरण :

संस्थाबाट प्रदान गरिने सेवा सुविधालाई अझ प्रभावकारी बनाउन,सामाजिक विश्वस्नीयतामा वृद्वि गर्न र संस्थाको स्थायीत्वको लागि संस्थाको आधुनिक भवन निर्माणलाई प्राथमिकतामा राखिने छ । विध्यमान भौतिक संरचनाको स्तरीकरणको लागि आवश्यक पहल गरिनेछ । कार्य सम्पादनमा सहज,सेवा सुविधामा वृद्वि, सदस्य मैत्री कार्य वातावरणको निर्माणबाट कार्य सम्पादनमा प्रभावकारिता बढन गई संस्थागत विश्वस्नीयता वृद्वि हुने विश्वास लिन सकिन्छ ।

७. अद्यावधिक नीति तथा कार्यविधिको विकास :

संस्था सञ्चालनको आधार एवं संस्थागत सुशासनको मेरूदण्डको रूपमा रहेको कार्यविधिहरूलाई वैधानिक तथा आवश्यकताको आधारमा अद्यावधिक तथा थप विकास गरिनेछ । जसबाट कार्य सम्पादनमा सहजतका साथै सुशासन कायममा महत्वपूर्ण आयाम कायम हुनेछ ।

८. प्राविधिक प्रणाली विकाश तथा आन्तरिकीकरण :

आधुनिक युगको पर्यायवाची भैं रहेको प्राविधिक प्रणाली विकाश तथा आन्तरिकीकरण मार्फत प्रविधि मैत्री सहकारीको रूपमा विकाश गरिनेछ । निःशुल्क मोवाइल बैंकिङ, वेबसाइट तथा सामाजिक सञ्जाल, फ्रि वाइफाइको प्रयोगलाई प्रोहोत्साहन गरिनेछ । जसबाट सदस्यहरूलाई आर्थिक फाइदा पुग्ने, समयको वचत हुने,सदस्यहरू उत्साहित हुने, आकर्षण बढने, सदस्यको सहभागिता तथा कारोवारमा वृद्धि भई सेवामा विशिष्टता आउने देखिन्छ । चुस्त तथा प्रभावकारी सेवा,सेवा ग्रहणमा सहजता, कार्य सम्पादनमा सहजता, सदस्य तथा कारोवारमा वृद्वि,छवी तथा व्यवसायिकता विकास ,संस्थाले गर्ने वित्तीय कारोवारलाई प्रविधिसंग जोडी अझ बढी प्रभावकारी बनाउने काममा निरन्तरता प्रदान गरिनेछ ।

९. मानव संसाधनको सामुहिक क्षमता वृद्वि :

कर्मचारीको उत्साह, लगाव र निरन्तरताबाट कार्यदक्षता वृद्वि गराई उत्पादकत्व वृद्वि गर्न मानव संसाधन कार्यविधिले निर्दिष्ट गरेको काम कर्तव्यको आधारमा तालिम, कार्य विवरण,सेवा सुविधा,कार्य सम्पादन,सन्तुष्टी र उच्च मनोवल कायम गरि संस्थामा कार्यरत सवै तहका कर्मचारीहरूको क्षमता एवं कार्यदक्षता अभिवृद्विको योजनाहरू ल्याइनेछ । योजना निर्माणमा कर्मचारीको सहभागितालाई सुनिश्चित गर्दै सदस्य सेवाको प्रारूपसंगै

कार्यसम्पादनलाई थप व्यवस्थित, चुस्त दुरूस्त गराउने,लक्ष्य सहितको कार्य विवरण उपलब्ध गराएर मासिक समिक्षा गरि मानव संसाधनको सामुहिक क्षमता वृद्विलाई प्राथमिकतामा राखिनेछ ।

१०. सहकार्य,समुदाय तथा सञ्जाल संलग्नता :

स्थानीय निकाय,कार्यक्षेत्र भित्रका विद्यालय,स्वास्थ संस्था,सहकारीका तालुक संघहरू संगको सहकार्य मार्फत सहकार्य र सञ्जाल संलग्नता बढाइने छ । संस्थाको सामाजिक उत्तरदायित्वलाई आत्मसाथ गर्दै कला संस्कृतिको जर्गेना, खेलकुद, वातावरण संरक्षण,सरसफाई,सामाजिक स्वास्थ,विकाश निर्माण, जनचेतना मूलक कार्यक्रममा सहकार्य गरि सामाजिक विकाशमा निरन्तरता दिइनेछ ।

११. समावेशी तथा जवाफदेही नेतृत्व :

परिवर्तित वैधानिक व्यवस्थालाई आत्मसात गर्दै संस्थागत नेतृन्वलाई समावेशी र जवाफदेही बनाइनेछ । समावेशिताको लागि भौगोलिक,लिङ्ग,पेशा,वर्ग,जात,उमेर समुहलाई मापदण्डको रूपमा कायम गरिनेछ । नेतृत्वलाई कार्य विवरण, आचारसंहिता पालना,फिट एण्ड प्रोपर टेष्ट तथा आवधिक कार्य सम्पादन मुल्याङ्कन मार्फत नेतृत्वलाई थप जवाफदेही बनाइनेछ । जसबाट जन विश्वास सुढृड सामाजिक रूपमा सबलता बढने देखिन्छ ।

१२. उत्कृष्ट कानुन अनुपालक अभ्यास स्थापना गर्ने :

सहकारी ऐन नियमावली,विभागको निर्देशन,नियामक निकायको निर्देशन तथा अन्य ऐन कानुनको पूर्ण पालना मार्फत सहकारी संस्थालाई उत्कृष्ट कानुन अनुपालकको रूपमा समावेश गराई सोही अनुरूपको अभ्यासमा अभ्यस्थ गराइने छ । वैधानिक रूपमा परिपक्वता हाशिल गरि संस्थागत सुशासन मजबुत हुने विश्वास अपेक्षा गर्न सकिन्छ ।

१३. सुशासन तथा स्तरीय कार्यवातावरण :

मर्यादित र सुशासनको प्रत्याभुती दिदै राष्ट्रिय सहकारी दिवसले अंगिकार गरेको मर्यादित सहकारी : समुन्नत समाज भन्ने नारालाई आत्मसात गरिनेछ । निर्वाचन कार्यविधि, भौगोलिक समावेशीकरण, स्तरीय आचार संहिता मार्फत संस्था तथा मानव संसाधनलाई मर्यादित र प्रोत्साहित बनाइनेछ । नीति तथा कार्यविधिको निर्माण, परिमार्जन र कार्यान्वयनबाट आन्तरिक तथा वित्तीय शुसासनलाई व्यवस्थित गरिनेछ ।

१४. गुणस्तरीय सेवा तथा सन्तुष्टी :

सदस्यको आवश्यकतामा आधारित सेवा,समयको परिपालना, ,सेवामा विविधकरण, आरामदायी तथा व्यवस्थित कार्यस्थल,आर्थिक सुरक्षा,मानव संसाधनको दक्षता वृद्वि ,आन्तरिक नियन्त्रण प्रणाली,उचित प्रतिफल,कानुन परिपालक,बस्तु तथा सेवाको गुणस्तर कायम गरि गुणस्तरीय सेवा प्रवाहलाई प्राथमिकतामा राखिनेछ । नीति, विधि र प्रविधिको प्रयोग उच्चतम प्रयोगबाट सदस्य,पदाधिकारी,कर्मचारी तथा सामाजिक सन्तुष्टीको स्तर वृद्विमा जोड दिइनेछ । जसबाट संस्थाले परिकल्पना गरेको शुसासित, वित्तिय सक्षमतायुक्त, गुणस्तरीय,उत्कृष्ठ र दिगो सहकारी संस्था प्राप्त हुने विश्वास लिन सकिन्छ ।

१५. गुणस्तरीय सेवा तथा सन्तुष्टी:-

सदस्यको आवश्यकतामा आधारित सेवा,समयको परिपालना, सेवामा विविधकरण, आरामदायी तथा व्यवस्थित कार्यस्थल, आर्थिक सुरक्षा, मानव संसाधनको दक्षता वृद्वि, आन्तरिक नियन्त्रण प्रणाली, उचित प्रतिफल, कानुन परिपालक, बस्तु तथा सेवाको गुणस्तर कायम गरि गुणस्तरीय सेवा प्रवाहलाई प्राथमिकतामा राखिनेछ । नीति, विधि र प्रविधिको प्रयोग उच्चतम प्रयोगबाट सदस्य, पदाधिकारी, कर्मचारी तथा सामाजिक सन्तुष्टीको स्तर वृद्विमा जोड दिइनेछ । जसबाट संस्थाले परिकल्पना गरेको शुसासित, वित्तिय सक्षमतायुक्त, गुणस्तरीय, उत्कृष्ठ र दिगो सहकारी संस्था प्राप्त हुने विश्वास लिन सकिन्छ ।

०८३/०८४ को लागि लक्ष्य तथा अनुमानित बजेट

क. शेयर पुँजी:-

सक्रिय सदस्यहरूको उचित प्रतिफल दिने विश्वासका साथ एक कित्ता शेयरबाट कारोवार गरी रहनु भएका सदस्यहरूलाई शेयर थप गराउनु को साथै अन्य शेयर वृद्धिका योजनाहरू अवलम्वन गरि शेयर पूँजीलाई रू २७०,००००।०० पुरयाउने लक्ष्य राखिएको छ ।

ख. वचत :-

नियमनकारी निकायले निर्धारण गरेको मापदण्डलाई कायम गर्दै सदस्यहरूको आवश्यकका आधारमा बचतका शिर्षकहरूमा विविधकरण ल्याई चालु आ.वको अन्त सम्ममा बचत रकम रू ४५९०,००००।०० पुरयाउने लक्ष्य राखिएको छ ।

ग. ऋण लगानी :-

सहकारी संचालनको मेरूदण्डको रूपमा रहेको ऋण लगानीलाई नियामकीय मापदण्ड कायम तथा भारगत संरचना कायम गर्दै सदस्यहरूको आवस्यकता बमोजिम उत्पादनमूलक क्षेत्रलाई प्राथमिकता राखी ऋण लगानी रकम रू ४०५७,००००।०० पुरयाउने लक्ष्य राखिएको छ ।

घ. अनुमानित आम्दानी :-

चालु आव.मा ऋणको ब्याज र बैंक ब्याजबाट रू.४७२,५०००।०० , सञ्चालन तथा गैह आम्दानीबाट रू ८०,७०००।,कर्जाको क्षयिकरण फिर्ताबाट रू १४,८०००।०० गरी जम्मा रू ५६८,००००। आम्दानी हुने अनुमान गरिएको छ ।

ङ. अनुमानित खर्च :-

चालू आ.व.मा ब्याज खर्च तर्फ रू ३३७,५०००।००, कर्मचारी खर्चमा रू ६८,७२०००।, संचालन खर्च तर्फ रू ३३,५८०००,ह्रास खर्च रू.१८०००। गरि जम्मा रू ४४१,६०००। हुने अनुमान गरिएको छ ।

च. आय व्यय :-

चालु आ.व. मा आम्दानी विविध शिर्षकमा हुने अनुमानित आम्दानी रू ५६८,००००। र खर्चका विविध शिर्षमा हुने अनुमानित खर्च रू ४४१,६०००० । बाट वचत भएर रू १२६,४०००। कुल बचत हुने जसमा अन्य कोष बापत रू १२,६४००० र चालु कर बापत रू १२,८०००। कट्टा गरि रू १००,९६०००। यस अवधिको खुद नाफा हुने अनुमान गरिएको छ ।

अनुमानित तथा लक्षित वित्तीय स्थितीको विवरण (वासलात)

क्र.स	सम्पति	आ.व.०८२/०८३	आ.व ०८३/०८४
१	नगद	३४७१५०	१५,५००००
२	वैंक मौज्दात	१८८०,३२८७९	९२४,५००००
३	सदस्यलाई ऋण लगानी	२८२३,०२८७६	४०१७,००००।
४	कर्मचारीलाई ऋण तथा सापटी	४९,३१३३९	४०,०००००
५	लगानी धितोपत्रहरू	९,७०००।	९,७०००।
६	चालु कर सम्पत्ति	३,४७३१८	५,३००००

७	स्थगन कर सम्पत्ति	२७५२०	२००००
८	सम्पत्ति संयन्त्र तथा उपकरण	२३९,६८१५१	३३०,०००००
९	ख्याती तथा अर्मुत सम्पत्ति	१,४४९३६	१,५००००
१०	अन्य सम्पति	४,४५७३१	१३,५००००
	कुल सम्पत्ति	५०१५,१७९०२	५३५७,२००००

क्र.स	दायित्व	आ.व ०८२/०८३	आ.व ०८३/०८४
१	सदस्यबाट बचत र निक्षेप दायित्व	४३८७,७०६८९	४५९०,०००००
२	कर्जा सापटी	५५२५	
३	कर्मचारी लाभको लागि व्यवस्था	३,३९३४६	२,४००००
४	स्थगन कर दायित्व		
५	अनुदान दायित्व		
६	अन्य दायित्व	१३,४५२२७	२४,५००००
	कुल दायित्व	**४४०४,६०७८७**	**४६१६,९०००० **

क्र.स	पूँजी	आ.व ०८२/०८३	आ.व ०८३/०८४
१	शेयर पूँजी	२५९,७५१००	२७०,०००००
२	साधारण जगेडा कोष	२६२,००७८६	३०५,०००००
३	संरक्षित पूँजी फिर्ताकोष	८,१३७१५	२०,५००००
४	अन्य वैधानिक कोष	८०,६७५१३	१४४,८००००
५	संचित मूनाफा		००
	कुल पूँजी	**६१०,५७११४**	**७४०,३०००० **
	कुल पूँजी तथा दायित्व	**५०१५,१७९००**	**५३५७,२०००० **

अनुमानित नाफा नोक्सान हिसाव

विवरण	आ.व०८२/०८३	आ.व ०८३/०८४
ब्याज आम्दानी	४१४,९४००२	४७२,५००००
ब्याज खर्च	३२६,३५५५५	३३७,५००००
खुद ब्याज आम्दानी	**८८,५८४४७**	**१३५,०००० **
सञ्चालन आम्दानी	६८,७०३४०	८०,०००००
अन्य सञ्चालन आम्दानी	२८१२	२००००
खुद ब्याज,शुल्क तथा कमिसन आम्दानी	**१५७,३१५९९**	**२१५,२०००० **
कर्जाको क्षयिकरण कर्जा तथा अन्य हानीको फिर्ता	(४,२४९०८)	**१४,८०००० **
खुद संचालन आम्दानी	**१५३,०६६९१ **	**२३०,०००० **
कर्मचारी खर्च	(७२,८५२११)	(६८,७२०००)
संचालन खर्च	(३२,३०८६८)	(३३,५८०००)
ह्रास कट्टी खर्च	(१,९२६५३)	(१,८००००)

सञ्चालन नाफा	**४५,९७९५९।**	**१२५,९०००।**
गैरसञ्चालन आम्दानी	२३५३००	५०००।
आयकर अघिको नाफा	**४८,३३२५९**	**१२६,४०००।**
चालु कर	(५,०४२५८)	(१२,६४०००)
स्थगन कर आम्दानी /(खर्च)	१०८१२	**(१२,८०००)**
यस अवधिको नाफा	**४३,३९८१३**	**१००,९६०००।**

छलफल तथा निर्णयार्थ प्रस्तुत प्रस्तावहरू

१. आ.व.२०८२/०८३को संचालक समितिको वार्षिक प्रतिवेदन पारित सम्बन्धमा ।
२. आ.व.०८३/०८४ को लागि नीति,कार्यक्रम तथा बजेट पारित सम्वन्धमा
३. आ.व ०८२/०८३ को लेखापरीक्षण प्रतिवेदन पारित सम्बन्धमा ।
४. आ.व ०८२/०८३ को लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित सम्बन्धमा ।
५. आ.व ०८२/०८३ मा समितिबाट भएको सम्पुर्ण निर्णयहरू अनुमोदन सम्वन्धमा ।
६. आ.व ०८३/०८४ को लागि लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक तोक्ने सम्वन्धमा ।
७. शेयर लाभांश र संरक्षित पूँजी फिर्ता कोष वितरण सम्वन्धमा
८. कार्यविधि पारित सम्वन्धमा
९. कार्यविधि संशोधन सम्वन्धमा ।
१०. सञ्चालक समिति र लेखा सुपरिवेक्षण समिति निर्वाचन सम्वन्धमा
११. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधि चयन सम्वन्धमा ।

अन्तमा हाम्रो निमन्त्रणालाई स्वीकार गरि सभ्य तथा जिम्मेवारीका साथ आफ्नो संस्थाको १७औं वार्षिक साधारण सभामा उपस्थित भई वार्षिक प्रतिवेदन,नीति तथा कार्यक्रमहरू अध्ययन गरि दिनुभएकोमा उपस्थित सम्पूर्ण सदस्यज्यूहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै संस्थालाई निरन्तर रूपमा सहयोग गरि वर्तमान अवस्थासम्म पुरयाउने सदस्यज्यूहरू,समिति उप समितिका साथीहरू,कर्मचारी एवं समस्त शुभेच्छुकहरू प्रति आभार व्यक्त गर्दछु । संस्था सञ्चालन तथा व्यावसायिकता वृद्विमा मार्ग दर्शन गर्ने सहकारी रजिष्टारको कार्यालय, राष्ट्रिय सहकारी नियमन प्राधिकरण, चन्द्रागिरि न.पा., राष्ट्रिय सहकारी बैंक लि,सहकारीको छाता संगठनहरू नेपाल वचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कुन),बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ (प्रोस्कुन), जिल्ला सहकारी संघ काठमाण्डौं र काठमाण्डौ वचत तथा ऋण सहकारी संघ (कास्कुन), साधारण सभा सम्पन्न गर्न स्थान उपलब्ध गराईदिने ग्रिनल्याण्ड वैकेट लाई हार्दिक धन्यवाद प्रकट गर्न चाहान्छु । आगामी दिनहरूमा पनि यहाँहरूको अमुल्य सुझाव तथा सहयोगको अपेक्षा सहित सहकारी सिद्वान्त,नियामकीय निर्देशर र सदस्यहरूको सर्वोपरि हितलाई मनमा राखी अघि बढने प्रतिवद्वता व्यक्त गर्दछु । साथै हाम्रो निमन्त्रणा लाई स्वीकार गरि यस सभाको शोभा बढाइ दिनुहुने अतिथिज्यूहरू तथा सम्पूर्ण उपस्थित सदस्यज्यूहरू प्रति आभार व्यक्त गर्दै आगामी दिनमा समेत यहाँहरूको साथ,सहयोग तथा ऐक्यवद्वताका प्राप्त भइ रहने विश्वास लिएको छु । धन्यवाद । जय सहकारी,जय युगवाणी

मोहन बहादुर बलामी
अध्यक्ष

"उद्यमशीलता र पारदर्शिता : सहकारीको प्राथमिकता"

दफा ११(४) संग सम्बन्धित
१७ औं वार्षिक साधारण सभाका २०८३ आश्विन १७ गते
लेखा सुपरिवेक्षण समितिको तर्फबाट संयोजक श्री कृष्णभगत बस्नेतद्वारा प्रस्तुत
आ.व. २०८२/०८३ को बार्षिक समिक्षा प्रतिवेदन

युगवाणी वचत तथा ऋण सहकारी संस्था लि. को १७ औं वार्षिक साधारण सभाका सभाध्यक्ष ज्यू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, लेखा सुपरिवेक्षण समिति तथा उप समितिका सदस्य साथीहरू, कर्मचारी वर्ग तथा आफनो संस्थाको गरिमामय साधारण सभामा उपस्थित सम्पूर्ण सदस्यज्यूहरूमा लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक स्वागत एवं सहकारी अभिवादन गर्दछु ।

संस्थामा आन्तरिक सुशासन कायम गर्न सञ्चालक समिति,उप समितिहरू र व्यवस्थापनले गरेको निर्णय एवं कार्यान्वयनको समक्षा गरि प्रतिवेदन पेश गर्नु पर्ने वैधानिक व्यवस्थालाई आत्मसात गरि आजको १७औं वार्षिक साधारण सभामा लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन पेश गर्न पाँउदा हामी ज्यादै खुशी र गौरवान्वित भएका छौं । सहकारी ऐन २०७४,नियामक निकायहरूको निर्देशन र संस्थाको विनियम २०६६ले निर्दिष्ट गरेको लेखा सुपरिवेक्षण समितिको काम,कर्तव्य र अधिकारको सीमा भित्र रही सुपरिवेक्षणको क्रियाकलाप अगाडी बढाइएको व्यहोरा अवगत गर्न चाहान्छु । नियमित रूपमा संस्थाको आन्तरिक लेखापरीक्षण प्रतिवेदनहरू समपरीक्षण एवं आवश्यकता अनुसार नमुना परीक्षणको आधारमा भौतिक परीक्षण समेत गरी सो सम्वन्धमा देखिएका कैफियतहरू उपर चौमासिक प्रतिवेदन मार्फत सञ्चालक समितिलाई सुझाव दिएको व्यहोरा समेत अवगत गर्न चाहान्छु । सहकारीका मूल्य मान्यता,अन्तराष्ट्रिय सिद्वान्त,सहकारी ऐन नियमावली, प्रचलित कानुन तथा निर्देशन,संस्थाको विनियम तथा आन्तरिक कार्यविधिको पालनामा प्रभावकारिता भूमिका निर्वाह गरि संस्थाको आन्तरिक एवं समग्र सुशासन प्रणलीलाई थप व्यवस्थित गराउन लेखा सुपरिवेक्षण समितिको महत्वपूर्ण भूमिका रहने विदितै छ । तरलता व्यवस्थापन,ऋण लगानी तथा असुली, प्रतिफल दर जस्था वित्तिय बजारमा देखिने यस्ता नकारात्मक परिणामहरूलाई न्यूनीकरण गर्न पारदर्शी अनुगमन,उपयुक्त सुझाव र सोको प्रभावकारी कार्यान्वयनबाट सहकारीलाई सुशासित एवं व्यवस्थित गर्न सकिन्छ भन्नेमा हामी विश्वस्त छौं । यस्तो महत्वपूर्ण भूमिकालाई प्राथमिकतामा राखि आ.व.२०८२/२०८३ मा यस संस्थाको आन्तरिक लेखा परिक्षण मार्फत नीति नियमको परिपालना, ऋण लगानीका मापदण्डहरू,संस्थागत सुशासन,वित्तिय अनुशासन तथा मानव संसाधनको समग्र अध्ययन पश्चात निस्किएको निश्कर्षलाई यस समितिको पटक पटक वैठक बसी गरेका कार्यहरूको संक्षिप्त प्रतिवेदन सहकारी मापदण्ड २०६८को दफा ११(४) मा व्यवस्था भए बमोजिमको संरचनामा प्रस्तुत गर्न चाहान्छु ।

१. अघिल्लो वार्षिक साधारण साधारण सभाको निर्णयको कार्यान्वयनको अवस्था:

मिति २०८२ पौष ५ गते बसेको १६औं वार्षिक साधारण सभाले पारित गरेका ११ वटा निर्णयहरू मध्य भवन निर्माण सम्वन्धी निर्णय शुरूवाती चरणमा रहेको र अन्य निर्णयहरू पूर्णरूपमा कार्यान्वयन भएको देख्न सकिन्छ ।

२. आ.व २०८२।०८३मा बसेको बैठक विवरण र निर्णयहरूको कार्यान्वयनको अवस्था :

सञ्चालक समितिको १३ पटक(३पटक संयूक्त सहित), पदाधिकारी वैठक ११ पटक, ऋण उप समितिको २० पटक र शिक्षा उप समितिको २ पटक पटक वैठक बसी मौजुदा ऐन, विनियम, कार्यविधिको अधिनमा रही निर्णयहरू गर्ने गरेको तथा अन्य विषयगत उप समितिहरूलाई पनि कार्यविधि तथा कार्ययोजना बमोजिम समयमा नै कार्यान्वयनमा जोड दिइएको पाइयो ।

३. ऋण लगानीको प्रक्रिया, अवस्था, ऋण वापतको सुरक्षण र धितो सम्वन्धी व्यवस्था :

ऋण लगानी तथा असुली प्रक्रियालाई व्यवस्थित गर्न ऋण कार्यविधि-२०७६ लाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याइएको र समयसापेक्ष परिमार्जन समेत गरेको पाइयो । संस्थाको विस्तार संगै बढदै गरेको चुनौतिको मुल्याङकन गरि धितोको आन्तरीक तथा वाह्य मुल्याङकन गरि सुरक्षित तरिकाले ऋण लगानी गरेको देख्न सकिन्छ । संस्थामा गरेको वचत कारोवार तथा सामुहिक जमानत दिनेको कारोबार तथा विश्वस्नीयता हेरेर रू ३०००००। सम्म सामुहिक जमानीमा र सो भन्दा माथी सहकारी ऐन नियम, सहकारी रजिष्ट्रारको कार्यालयबाट जारी मापदण्ड,राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन ,संस्थाको विनियम, ऋण कार्यविधि-२०७६ मा व्यवस्था भए बमोजिम पदाधिकारी वैठक, समिति अध्यक्ष, समिति पदाधिकारी ,व्यवस्थापन प्रमूख र ऋण शाखा प्रमुखले आफ्नो क्षेत्राधिकार भित्रको ऋण ५% विश्लेषण लगायत आवश्यक प्रक्रिया पुरा गरि सुरक्षित लगानी गरिएको छ ।

४. नियामक निकायबाट जारी मापदण्डहरूको पालना सम्वन्धी विवरण :

यस आ.वमा राष्ट्रिय सहकारी नियमन प्रधिकरण, सहकारी रजिष्ट्रारको कार्यालयबाट सहकारी संस्थाहरूलाई सहकारी ऐन र नियमावलीको अधिनमा रही सञ्चालन हुन र ऋणी सदस्यहरूलाई समेत ऋण चुक्ता गर्न विशेष निर्देशन जारी हुनुलाई सकारात्मक रूपमा लिइका छौं । सहकारी रजिष्टार कार्यलयको अन्य निर्देशनहरू जस्तै दोहोरो सदस्यता,दोहोरो पद, सदस्य केन्द्रीयता सूचकाङ्क, सन्दर्भ ब्याजदर,कोपोमिसमा दर्ता तथा मासिक प्रतिवेदन प्रविष्टि, गो.ए.एम.एल प्रणालीमा मासिक प्रतिवेदन प्रविष्टि, साधारण सभा सञ्चालन सम्वन्धी मार्गनिर्देशन,सेवा शुल्क सम्वन्धी निर्देशन पूर्ण रूपमा पालना भएको र मापदण्ड पालनामा सञ्चालक समिति तथा व्यवस्थापन विशेष चनाखो रहेको पाइयो ।

५. सहकारी कार्यालय,विभाग वा सम्वन्धित संघले अनुगमन गरि दिइएको प्रतिवेदन अनुसारको निर्देशन/सुझावहरू कार्यान्वयन सम्वन्धी विवरणहरू :

स्थानीय निकायबाट जारी भएका तरलता व्यवस्थापन,पदाधिकारीले लिएका ऋणहरू,ऋण नोक्सानी कोषको व्यवस्था सम्वन्धी निर्देशन पूर्ण रूपमा कार्यान्वयन भएको साथै सहकारी संघहरू नेफस्कुन,कास्कुन र सहकारी बैंकबाट जारी ऋण नोक्सानी कोषको व्यवस्था, तरलता व्यवस्थापन, प्रविधिको प्रयोग सामाजिक जनचेतना,मन्दीको समयमा लगानी सचेत भई लगानी गर्ने जस्ता मार्गनिर्देशन तथा सुझावहरू समेत चनाखो भई कार्यान्वयन गरेको पाइयो ।

६. पदाधिकारीहरूको पारिश्रमिक, भत्ता तथा अन्य सुविधाहरूको विवरण :

६.१ पारिश्रमिक :संस्थामा समिति उप समितिका पदाधिकारीहरूले पारिश्रमिक लिएको पाइएन ।

६.२ भत्ताः संस्थाका पदाधिकारीहरूले समिति वैठक बापत प्रति वैठक रू१३००। तथा उप समिति वैठकमा उपस्थित भए बापत प्रति वैठक रू ६५० वैठक भत्ता लिएको र यसरी वितरण गरिएको भत्तामा नियमानुसार कर कट्टा गरिएको छ ।

६.३ अन्य सुविधा : संस्थाका पदाधिकारीहरूले अन्य थप सुविधा लिएको पाइएन ।

७. कर्मचारी प्रशासन सम्वन्धी व्यवस्था :

७.१ साधारण सभाबाट पारित मानव संशाधन व्यवस्थापन कार्यविधि २०७६ भएको पाइयो ।

७.२ मानव संशाधन व्यवस्थापन कार्यविधि अद्यावधिक गर्दै पूर्ण रूपमा प्रयोगमा ल्याइएको पाइयो । वार्षिक रूपमा कर्मचारीहरूको कार्यसम्पादन मुल्याङकन गर्ने परिपाटीलाई प्रयोगमा ल्याउने गरिएको छ ।

७.३ कर्मचारी भर्ना प्रकृया मौजुदा मानव संशाधन व्यवस्थापन कार्यविधि २०७६ बमोजिम उप समिति गठनको व्यवस्था गरि पारदर्शी र प्रतिस्पर्धी रूपमा गर्ने गरेको पाइयो ।

७.४ कार्यरत कर्मचारीहरू र कार्यवोझ बीच तादम्यता रहेको तथा मानव संशाधन व्यवस्थापन कार्यविधिको

अधिनमा रही विभाग हेरफेर,कर्मचारी भर्ना तथा सेवा सुविधा निर्धारणको लागि नीतिगत रूपमा नै उप समिति गठनको व्यवस्था गरिएकोछ । कर्मचारी उत्पादकत्व विश्लेषण गर्दा प्रति कर्मचारी सदस्य संस्या २१५.३६ जना ,प्रति कर्मचारी ऋणको भार रकम रू.२७४,९९२१७।, प्रति कर्मचारी कूल सम्पतिको भार रू. ४८१,२१५४०। रहेकोले भारगत विश्लेषण हेर्दा कर्मचारी र कार्यवोझको तादम्यता मिलाइएको छ ।

७.५ मानव संशाधन व्यवस्थापन कार्यविधिमा व्यवस्था भए बमोजिम व्यवस्थापन प्रमुखको योग्यता रहेको तथा कार्यक्षमता सन्तोषजनक रहेको पाइयो ।

७.६ कर्मचारीको भर्ना प्रक्रिया र संख्या : मानव संशाधन व्यवस्थापन कार्यविधिको अधिनमा रही संस्थाको आवस्यकता तथा संस्थाको वित्तिय क्षमता अनुरूप पारदर्शी एवं प्रकृयागत रूपमा कर्मचारी भर्ना गरेको पाइयो ।

७.६.१ कार्यगत : ३ जना कर्मचारी कार्यगत सेवामा नियुक्त गरेको पाइयो ।

७.६.२ समयगत : १ जना कर्मचारीलाई समयगत सेवामा नियुक्त गरिएको पाइयो

७.६.३ नियमित : ७ जना कर्मचारीलाई नियमित सेवामा नियुक्त गरिएको पाइयो ।

८. लेखा सुपरिवेक्षण समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरूको कार्यान्वयनको अवस्था :

गत वर्षको प्रतिवेदनमा उल्लेख भएका ऋण लगानीको अभ्यासहरूको पुनरावलोकन, उपसमिति पुर्नगठन, राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन, डिजिटल प्रविधिको प्रयोग,भाखा नाघेको ऋणको न्युनिकरण, कार्यविधिहरूको पूर्ण कार्यान्वयनमा जोड जस्ता विषयहरूमा केन्द्रीत रहेर प्रस्तुत गरिएको ६ वटा सुझावहरू मध्य उपसमिति पुर्नगठन बाहेकका सवै सुझावहरू कार्यान्वयनमा ल्याएको पाइयो ।

९. लेखा सुपरिवेक्षण समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरू :

९.१. संस्थालाई कानुन पालना र थप सुरक्षित गर्न राष्ट्रिय सहकारी नियमन प्राधिकरण तथा कर्जा सूचना केन्द्रमा सुचिकृत हुनुलाई सकारात्मक रूपमा लिन सकिन्छ ।

९.२ सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा नियामक निकायबाट प्राप्त निर्देशनको पालनामा सहकारी पूर्ण रूपमा प्रतिवद्व रहेको देख्न सकिन्छ ।

९.३. संस्थालाई सुशासनयुक्त तथा व्यवस्थित तवरले सञ्चालन गर्न आवश्यक कार्यविधि निर्माण तथा नियमित रूपमा परिमार्जन गरि रहेको देख्न सकिन्छ ।

९.४ संस्थाको वित्तिय कारोवार दोहोरो लेखा प्रणालीमा व्यवस्थित,स्पष्ट र पारदर्शी रूपमा भएको साथै लेखा परिक्षणलाई प्रभावकारी बनाउन नेपाल वित्तीय प्रतिवेदनमानको आधारमा प्रचलित कानुन अनुसार चार्टड एकाउण्टेन्ट मार्फत लेखा परिक्षण भएको देख्न सकिन्छ ।

९.५. नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कून)को नियमित निरीक्षण तथा अनुगमन कार्यक्रम (स्क्यान) मा सहभागिताले संस्थागत सुदृढीकरण र संरक्षणलाई मजबुत बनाउन महत्वपूर्ण भूमिका रहेको देख्न सकिन्छ ।

९.६. विश्वव्यापी आर्थिक मन्दी, सहकारी अभियानमा देखिएको विचलनका बावजुत संस्थाले वित्तिय कारोवारलाई मजबुत राखी वित्तिय सफलता कायम गर्नुलाई अत्यन्त सकारात्मक रूपमा देख्न सकिन्छ ।

९.७ सदस्यहरूले संस्थाबाट प्राप्त गर्ने सेवा सुविधा,वित्तिय अवस्था र सो को पारदर्शिताको बारेमा जानकारी प्रदान गर्न सदस्य बडापत्र, सुचना पाटी,सामाजिक सञ्जालको प्रयोग साथै वार्षिक प्रतिवेदनमा समेत संस्थागत जानकारीहरू प्रभावकारी रूपमा सार्वजनिक गरेको देख्न सकिन्छ ।

९.८ डिजिटल कारोबार तथा सुचना प्रविधिलाई आत्मसात गर्दै सफ्टवेयर,एस.एम.एस सुविधा, सी.सी क्यामेरा,निःशुल्क मोवाइल बैंकिङको प्रयोगलाई सुरक्षित रूपमा प्रयोगमा ल्याएको देख्न सकिन्छ ।

१०. लेखा सुपरिवेक्षण समितिको सुझावहरू :

१०.१ तरलताको व्यवस्थापनमा ध्यान पुरयाउदै ऋण लगानीका अभ्यासहरूलाई पुनरावलोकन गरि सुरक्षित तथा उत्पादनमूलक क्षेत्रमा पहिचान गरि ऋण लगानी गर्न सुझाव गरिन्छ ।

१०.२. भाखा नाघेको ऋण न्युनिकरणको लागि ऋण लगानीपूर्व परामर्श,क्षमतामा आधारित ऋण लगानी,व्यवहारिक किस्ता निर्धारण,ऋणको सदुपयोगता परिक्षण आदी विषयहरूमा विशेष ध्यान पुर्याउन साथै भाखा नाघेका ऋण असुलीको लागि कानुनी बाटो अवलम्वन गर्नुपर्ने देखिन्छ ।

१०.३. संस्थामा कार्यरत कर्मचारीहरूको व्यवसायिक क्षमता विस्तारका साथै समिति उप समिति पदाधिकारीहरूको नेतृत्व क्षमता विकाश हुने गरि तालिम तथा गोष्ठीहरू आयोजना तथा सहभागीताको लागि प्रोत्साहन गर्नु पर्ने साथै विस्तारित मञ्चलाई समेत निरन्तरता दिनुपर्ने देखिन्छ ।

१०.४ सदस्यहरूको सुविधालाई ध्यानमा राखेर शुरू गरिएको नविनतम एवं डिजिटल प्रविधिको निशुल्क प्रयोग भईरहेकोमा यसको उपयोगलाई व्यापक रूपमा प्रचार प्रसार गरि सदस्यहरूको पहुँच वृद्वि गर्नु पर्ने देखिन्छ ।

१०.५ संस्थाले परिकल्पना गरेका रणनीतिक व्यावसायिक योजनाको सफलताको लागि गठन भएका उप समितिहरू निष्ठा,क्षमता तथा सक्रियताको आधारमा पुर्नगठन गरि उत्तराधिकार योजनाको तयारीमा समेत ध्यान दिन पूनःसुझाव गरिन्छ ।

१०.६ बढदो चुनौतीको मुल्याङ्कन गर्दै नीति, विधि र प्रविधिको प्रयोगलाई उच्च प्राथमिकतामा राखी सहकारी ऐन,नियमावली, नियमनकारी निकायहरूबाट जारी भएका निर्देशन,विनियम तथा कार्यविधिहरूको पूर्ण कार्यान्वयनमा जोड दिन सुझाब गर्दछौं ।

अन्तमा संस्थामा निरन्तर वित्तिय तथा गैर वित्तिय रूपमा सहयोग गरि संस्थालाई सवल बनाउन सहयोग पुरयाउने सदस्य महानुभावहरू,समिति उप समितिका साथीहरू,कर्मचारी वर्ग एवं शुभेच्छुकहरू प्रति आभार व्यक्त गर्न चाहान्छु । साथै प्रस्तुत प्रतिवेदनमा यहाँहरूको रचनात्मक सुझावको अपेक्षा गर्दै प्रतिवेदन पारितको लागि अनुरोध गर्दछौं । धन्यवाद । जय सहकारी

प्रतिमा खडका	केशब के.सी	कृष्णभगत बस्नेत
सदस्य	सदस्य	संयोजक
लेखा सुपरिवेक्षण समिति	लेखा सुपरिवेक्षण समिति	लेखा सुपरिवेक्षण समिति

S. PYATHA & ASSOCIATES
CHARTERED ACCOUNTANTS

Firm Registration No. 800
Membership No. 1311
PAN 608536750

Madhyapur Thimi-3, Bhaktapur, Nepal
Email : casureshpyatha@gmail.com; spyathaandassociates@gmail.com
Mobile: 9801910441; 9849691671

युगवाणी बचत तथा ऋण सहकारी संस्था लिमिटेडका शेयरधनी सदस्य महानुभावहरू समक्ष स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

हामीले यसै साथ संलग्न युगवाणी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २०८३ आषाढ ३२ को वित्तीय अवस्थाको विवरण, र सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सानको विवरण, नगद प्रवाहको विवरण, इक्विटिमा भएको परिवर्तन सम्बन्धी विवरण, र प्रमुख लेखा नीति तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

कैफियत सहितको राय (Qualified Opinion)

हाम्रो रायमा र हामीले पाएको अधिकतम जानकारी तथा हामीलाई दिइएका स्पष्टीकरणहरू बमोजिम माथिका वित्तीय विवरणहरूले संस्थाको मिति २०८३ आषाढ ३२ गतेको वित्तीय अवस्था, सो मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा, इक्विटिमा भएको परिवर्तन र नगद प्रवाहलाई तल कैफियत सहितको रायका आधारमा उल्लेख गरिएका विषयवस्तु बाहेक साना तथा मझौला संस्थाका लागि नेपाल वित्तीय प्रतिवेदन मान (NFRS for SMEs) बमोजिम उचित तथा यथार्थ चित्रण गर्दछ ।

कैफियत सहितको रायका आधारहरू (Basis of Qualified Opinion)

यस प्रतिवदेनको "अन्य कानुनी तथा नियमक निकायका आवश्यकता सम्बन्धी प्रतिवेदन" अनुच्छदेमा उल्लेखित बुँदा (ख) देखि (च) को पालना नभएको र यस सम्बन्धी विषयवस्तुबाट पर्न जाने असरहरूलाई वित्तीय विवरणहरूमा समावेश नगरिएकोले कैफियत सहितको राय पेश गरेका छौं ।

हामीले नेपाल लेखापरीक्षण मानहरू (Nepal Standards on Auditing) तथा प्रचलित सिद्धान्तको आधारमा लेखापरीक्षण सम्पन्न गरके ा छौ । यी मानल हामीलाई व्यावसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरू सारभतू रूपमा त्रुटि रहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न हामीलाई लेखापरीक्षणको योजना बनाई तदअनुसार लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउँदछन् । लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासलाई पुष्टि गर्ने प्रमाण प्राप्त गर्ने सम्बन्धी सम्पादन कार्यविधि संलग्न हुन्छ। यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रूपमा त्रुटियुक्त प्रस्तुती हनु सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यावसायिक निर्णयमा आधारित छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा, हामीले संस्थाको आन्तरिक नियन्त्रण उपर नै राय व्यक्त गर्ने उद्देश्यले नभई परिस्थिति अनुसार हाम्रो लेखापरीक्षण कार्यविधि तयार गर्दा, संस्थाले वित्तीय विवरण तयार एवं प्रस्तुति गर्ने क्रममा अवलम्वन गरेका आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गरेको छौ । वित्तीय विवरणहरूमा उल्लेखित रकम र खुलस्त गरिएको अन्य विवरणहरूलाई पुष्ट्याई गर्ने प्रमाणको नमूना परीक्षण (Test Check) समेत लेखापरीक्षणमा समावेश हुन्छ । संस्थाले अवलम्बन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरको महत्वपूर्ण अनुमान एवं वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ । हाम्रो लेखापरीक्षणले हाम्रो मन्तब्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

मुख्य लेखापरीक्षण व्यहोराहरू (Key Audit Matters):

मुख्य लेखापरीक्षण व्यहोराहरु ती विषयहरु हुन् जुन हाम्रो पेशागत निर्णयका आधारमा लेखापरीक्षण गरिएको हालको अवधिको वित्तीय विवरणहरूसँग सबैभन्दा महत्वपूर्ण थिए ।

क्र.सं.	मुख्य लेखापरीक्षण व्यहोरा	लेखापरीक्षणमा उक्त विषय कसरी सम्बोधन गरियो
१	भाका नाघेको ऋणहरूको प्रावधान सहकारीका सदस्यहरूलाई दिइएको ऋण सो अवधिको अन्त्यमा सहकारीको कुल सम्पत्तिको ५९% रहको छ, जसको परिमाण रू. २९.७५ करोड छ । यसमा रू. १.५२ करोडको प्रावधान कटाइएपछि बाँकी रकम देखाइएको छ। ऋणको जोखिम प्रावधानलाई प्रमुख लेखापरीक्षण विषयको रूपमा पहिचान गरिएको छ, किनभने यसमा व्यवस्थापनको महत्वपूर्ण निर्णय संलग्न छ र बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको संचालन सम्बन्धमा जारी गरिएको नियामकिय मापदण्ड, २०८२ को पालना आवश्यक हुन्छ ।	हामीले ऋण क्षति प्रावधानको परीक्षण सम्बन्धमा तलका कार्यविधिहरु लागू गरेका छौं: • ऋणीहरूको फाइलको समीक्षा, जसमा ऋणीको भुक्तानी व्यवहारको मूल्याङ्कन, धितो/सुरक्षाको पर्याप्तता, आवश्यक कानूनी कागजातहरूको प्राप्ति समावेश हुन्छ। • बक्यौता भुक्तानीका आधारमा ऋण क्षति प्रावधान प्रदान गर्ने सूचना प्रविधि प्रणालीको समीक्षा। • नमूना आधारमा, सूचना प्रविधि प्रणालीद्वारा गणना गरिएको प्रावधानको प्रयाप्तता साथै नमूना आधारमा म्यानुअल गणना। • सक्रिय ऋणीहरूका लागि व्यवस्थापनले गरको व्यक्तिपरक निर्णयहरूको उपयुक्तताको मूल्याङ्कन।

अन्य विषयबस्तु (Other Matters)

सहकारीको सूचना प्रविधि प्रणाली लेनदेनहरु प्रशोधन गर्न र प्रतिवेदनहरु तयार गर्न व्यापक रूपमा प्रयोग गरिएको थियो । यद्यपि मूल प्रशोधन सामान्यतया भरपर्दो देखियो, तर केही Maker–Checker नियन्त्रणहरु निरन्तर रूपमा लागू गरिएको पाइएन ।

अन्य जानकारीहरू व्यवस्थापनको जिम्मेवारी हो । अन्य जानकारीमा वार्षिक विवरण सँगै प्रस्तुत गरिने वित्तीय विवरण तथा हाम्रो लेखापरीक्षकको प्रतिवेदन बाहेकको सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिका संयोजकको प्रतिवेदनहरू पर्दछन् । त्यस्ता प्रतिवेदनहरू यस लेखापरीक्षण प्रतिवेदनको मिति पश्चात् प्राप्त हुने अपेक्षा गरेका छौं ।

वार्षिक वित्तीय विवरण माथिको हाम्रो रायले अन्य जानकारीलाई समेट्दैन तथा यस्ता अन्य जानकारीका सम्बन्धमा हामी कुनै पनि पक्र ारका` आश्वासन निचोड व्यक्त गर्दैनौं ।

वित्तीय विवरणको हाम्रो लेखापरीक्षणको सन्दर्भमा, हाम्रो जिम्मेवारी अन्य जानकारी पढी त्यस्ता जानकारीहरू वित्तीय विवरण वा हामीले लखे ापरीक्षणको क्रममा प्राप्त गरेका ज्ञानहरूसँग सारभूत रूपमा असंगत रहे वा नरहेको वा अन्यकुनै पनि कारणले सारभूत रूपमा गलत वर्णन देखिने वा नदेखिने सम्बन्धमा विचार गर्नु हो । हामीले गरेको कार्यहरूको आधारमा, यदि अन्य जानकारीहरू सारभतू रूपमा गलत वर्णन गरिएको निष्कर्ष निस्किएमा, त्यस्ता तथ्यहरूको प्रतिवेदन दिनु हाम्रो जिम्मेवारी हो । यस सम्बन्धमा हामीले प्रतिवेदन दिनु पर्ने कुनै तथ्यहरू छैनन् ।

हामीलाई त्यस्ता प्रतिवेदनहरू प्राप्त भए पश्चात् सो को अध्ययन गरी कुनै सारभूत असंगत तथ्यहरू रहेको निचाडे निस्किएमा हामीले त्यस्तो तथ्यहरूको बारेमा शासकीय भूमिका बहन गर्नेहरू समक्ष सूचित गर्नु आवश्यक छ ।

वित्तीय विवरण उपर व्यवस्थापन तथा शासकीय भूमिका वहन गर्नेहरूको जिम्मेवारी :

प्रचलित वित्तीय प्रतिवेदन ढाँचा वमोजिम वित्तीय विवरणहरू तयार पार्ने तथा यथोचित प्रस्तुतीकरण गर्ने, र जालसाजी वा त्रुटिका कारणले वित्तीय विवरणहरू सारभूत रूपमा गलत आँकडा रहितको हुन निजहरूले

आवश्यक ठानको त्यस्ता आन्तरिक नियन्त्रण प्रणालीहरूको जिम्मेवारी यस सहकारी संस्थाको व्यवस्थापनमा रहेको छ । वित्तीय विवरणहरू तयार गर्दा, सस्थाको अविच्छिन्न रूपमा जारि रहनसक्ने क्षमताको मुल्यांकन गर्ने, लागु भएमा, अविच्छिन्नता सम्बन्धि कुराहरूको, खुलासा गर्ने र व्यवस्थापनको मनसाय संस्था वा कारोबार बन्द गर्ने वा त्यस्तो गर्ने बाहेक अन्य कुनै यथार्थ परक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्नता आधारको लेखाको प्रयोग गर्न व्यवस्थापन जिम्मेवार छ । शासकीय भूमिका वहन गर्नेहे रूको जिम्मेवारी वित्तीय प्रतिवेदनका प्रक्रियाहरूका` निरीक्षण गर्नु हो ।

वित्तीय विवरणको लेखापरीक्षणको लागि लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्यहरु समग्रमा वित्तीय विवरणहरु जालसाजी वा त्रुटिको कारणले हुने सारभुत गलत आंकडा रहित छ कि छैन भन्ने बारे उचित आश्वासन प्राप्त गर्नु हो, र हाम्रो राय समावेश गर्ने लेखापरीक्षकको प्रतिवेदन जारी गर्नु हो । उचित आश्वासन एक उच्चस्तरको आश्वासन हो, तर यो प्रत्याभुति (Guarantee) छैन कि लेखापरीक्षण मान अनुसार सम्पन्न गरिएको लेखापरीक्षणले जहिले पनि सारभुत गलत आंकडा पत्ता लगाउँदछ । गलत आंकडाहरु जालसाजी वा त्रुटिबाट उत्पन्न हुन सक्दछन् र त्यसलें, एकल वा समष्टिमा, यदी प्रयोगकर्ताहरुको आर्थिक निर्णयमा प्रभाव पार्ने भएमा मात्र सारभूत रूपमा गलत रहेको मानिन्छ । हामीले नेपाल लेखापरीक्षण मान अनुसार लेखापरीक्षण कार्य गर्दा लेखापरीक्षण अवधिभर पेशागत विवेक (Professional Judgment) र व्यावसायिक सन्देह (Professional Skepticism) कायम गरेका छौं । यस क्रममा, हामीले

- जालसाजी वा त्रुटिको कारणले वित्तीय विवरणहरू सारभूत रूपमा गलत आँकडा सहितको प्रस्तुत हुन सक्ने जोखिम पहिचान गरी जोखिमको निर्धारण गरेको, जोखिमको प्रभाव अनुकूलको लेखापरीक्षण विधिको ढाँचा तयार गरी त्यसको प्रयोग गरेको र हाम्रो रायको लागि आवश्यक पर्याप्त र उपयुक्त प्रमाणहरू प्राप्त गरेका छौं । जालसाजी (fraud) मा मिलीभगत (Collusion), जालसाजी (forgery), जानाजान छोड्ने काम (intentional omission), गलत आँकडाको प्रस्तुती (wrong representation) वा आन्तरिक नियन्त्रणको उल्लंघन जस्ता कार्य समावेश हुन सक्ने जालसाजीको कारणले गर्दा हुने सारभूत गलत वर्णन पहिचान हुन नसक्ने जोखिम त्रुटिको कारणले हुने सारभूत गलत वर्णन पहिचान हुन नसक्ने जोखिम भन्दा बढी हुन्छ ।
- संस्थाको यथार्थ स्थितिको लागि उपयक्त हुने लेखापरीक्षण विधि अवलम्बन गर्न लेखापरीक्षण सँग प्रासंगिक आन्तरिक नियन्त्रणको बारेमा बुझ्ने कार्य गरेका छौं तर लेखापरीक्षणको क्रममा आन्तरिक नियन्त्रणको प्रभावकारिता बारे राय व्यक्त गर्ने उद्देश्य राखिएको हुँदैन ।
- संस्थाको वित्तीय विवरण तयार गर्दा व्यवस्थापनले प्रयोग गरेका लेखानीतिहरूको उपयुक्तता (Appropriateness) र लेखा अनुमानहरूको व्यावहारिकता (Reasonableness) तथा ती सँग सम्बन्धित खुलासाहरूको मूल्याङ्कन गरेका छौं ।
- व्यवस्थापनले प्रयोग गरेको अनवरत सञ्चालन मान्यतामा आधारित लेखाको उपयुक्तताको बारे, र लेखापरीक्षणको क्रममा प्राप्त प्रमाणहरूको आधारमा संस्था अनवरत सञ्चालन मान्यतामा आधारित रही सञ्चालन हुन सक्ने घटना वा अवस्थाको सारभूत अनिश्चितता रहेको वा नरहेको निष्कर्ष निकालेका छौं । हाम्रो निष्कर्षको आधारमा सारभूत अनिश्चितता रहेमा, व्यवस्थापनले वित्तीय विवरणमा सो सन्दर्भमा गरेको खुलासा तर्फ शयेर धनीहरूको ध्यानाकर्षण गराउने जिम्मेवारी हामीमा रहेको छ, साथै व्यवस्थापनले गरेको खुलासा अपर्याप्त भएमा हाम्रो प्रतिवेदन परिमार्जन गर्नुपर्ने हुन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षकको प्रतिवदेन जारी गर्ने मिति सम्म हामीले प्राप्त गरेको लेखापरीक्षण प्रमाणमा आधारित हुन्छ । तथापि भविष्यका घटना तथा अवस्थाको कारण पनि संस्थाको अनवरत सञ्चालन मान्यता खण्डित हुन सक्छ ।
- व्यवस्थापनबाट वित्तीय विवरणमा गरिएका खुलासाहरू लगायत वित्तीय विवरणको समग्र प्रस्तुतीकरण, संरचना र सामग्रीको मूल्याङक्न गरेका छौं ।
- लेखापरीक्षकको रायव्यक्त गर्न संस्थाको वित्तीय जानकारी वा व्यावसायिक क्रियाकलापसँग सम्बन्धित

पर्याप्त र उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त गरेका छौं । हामी लखेापरीक्षणको निर्देशन, पर्यवेक्षण तथा कार्यसम्पादनको लागी जिम्मेवार छौं । हामी हाम्रो लेखापरीक्षण रायको लागि मात्र जिम्मेवार रहन्छौं ।

हामीले शासकीय भूमिका वहन गर्नेहरू समक्ष अन्य व्यहोराको अतिरिक्त लेखापरीक्षण गर्ने योजनाबद्ध क्षत्रे र समयावधिका साथै आन्तरिक नियन्त्रणमा रहेको कमजोरी लगायत लेखापरीक्षणको क्रममा प्राप्त उल्लेखनीय टिप्पणीहरू सूचित गरेका छौं । शासकीय भूमिका वहन गर्नेहरू समक्ष हामीले लेखापरीक्षणको क्रममा स्वतन्त्रतासगँ सम्बन्धित प्रासंगिक आचारको पालना गरेका व्यहोरा उल्लेख गरी विवरण पेश गरेका छौं यसका अतिरिक्त हाम्रो स्वतन्त्रतालाई प्रभावपार्ने सबै सम्बन्धहरू र अन्य व्यहोरा र आवश्यकता अनुसार स्वतन्त्रता जगेर्ना गर्न अवलम्बन गरिएका उपायहरूको बारेमा पनि सूचित गरेका छौं ।

अन्य कानूनी र नियमक निकायका आवश्यकता सम्बन्धी प्रतिवदेन

माथि उल्लिखित व्यहोराका अतिरिक्त हामीले गरेको लेखापरीक्षण तथा हामीलाई प्राप्त सूचना एवं उपलब्ध स्पष्टिकरणको आधारमा देहाय बमोजिम थप प्रतिवेदन पशे गर्दछौं :

(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेको सबै सूचना तथा स्पष्टिकरणहरु उपलब्ध भएका छन् ।

(ख) सहकारी ऐन, २०७४ को दफा ५०(८) को प्रावधानले सदस्यता प्राप्त गरेको तीन महिना व्यतित नभई ऋण लगानी गर्न नपाउने व्यवस्था रहेकोमा सो प्रावधानको पालना भएको पाइएन ।

(ग) संस्थाले सहकारी ऐन, २०७४ को दफा ७०(२) को व्यवस्था बमोजिम सहकारी प्रबर्द्धन कोषको रकमलाई कोषमा जम्मा गरिएको पाइएन ।

(घ) सहकारी ऐन, २०७४ को दफा ३२(२) बमोजिम कृत्रिम व्यक्ति सदस्य हुन नपाउने व्यवस्था रहेकोमा सो प्रावधानको पालना भएको पाइएन ।

(ङ) सहकारी विभागद्वारा जारी सहकारी संघसंस्थामा सुशासन प्रबद्धर्न का लागि एकिकृत निर्देशन, २०८२ को बुंदा ३८ अनुसार सहकारी संस्थाको कायम रहको प्राथमिक पूजीं कोषको १५ प्रतिशत भन्दा बढि हुने गरी प्रति सदस्य ऋण प्रवाह गर्न नपाउने व्यवस्था रहकोछ । तर सहकारी सस्थाले सदस्यलाई ऋण लगानी गर्दा सो व्यवस्था पालना गरेको पाइएन ।

(च) नेपाल राष्ट्र बंकै द्वारा जारी बैंक बचत तथा ऋणको कारोबार गर्ने सहकारी सस्थाका लागि निर्देशन तथा मापदण्ड, २०८१ तथा राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको संचालन सम्बन्धमा जारी गरिएको नियामकीय मापदण्ड, २०८२ को व्यवस्थाअनुसार ऋणको वर्गीकरणको गरी गरी सोहि अनुसारको दरका आधारमा ऋण जोखिम कोष व्यवस्था गर्नुपर्ने र सोको आधारमा रू ४४,१३७,६१६ को ऋण जोखिम कोष व्यवस्था गर्नु पर्ने देखिन्छ। यसबाट यस वर्षको ऋण जोखिम व्यवस्था खर्च रू २८,८८०,४४० ले कमी भएको देखिन्छ ।

S. Pyakurel & Associates * Bhaktapur * Chartered Accountants

सि.ए. सुरेश प्याठ
प्रोपाइटर
एस्. प्याठ एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स
UDIN No : 260922CA01311NuMsM
स्थान: काठमाडौं
मिति: २०८३।०५।३१

वित्तीय स्थितीको विवरण (वासलात) २०८३ साल आषाढ मसान्तको

विवरण	नोट	२०८३ आषाढ ३२	२०८२ आषाढ ३२
सम्पति			
नगद तथा नगद सरह	४.१	१८८,३८०,०२९	८३,१९२,११७
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	४.२	-	-
सदस्यहरुलाई ऋण तथा सापट	४.३	२८२,३०२,८७६	३२७,३८७,४०३
कर्मचारीलाई ऋण तथा सापट	४.४	४,४२३,८३५	४,४०५,४८४
लगानी धितोपत्रहरु	४.५	९७०,०००	९७०,०००
चालु कर सम्पति	४.६	३४७,३१८	४६०,७४५
स्थगन कर सम्पति	४.१०	२७,५२०	१६,७०८
लगानी सम्पतिहरु	४.७	-	-
सम्पति संयन्त्र तथा उपकरण	४.८	२३,९६८,१५१	२४,०१३,२२७
ख्याती तथा अमूर्त सम्पति	४.९	१४४,९३६	१७०,५१३
अन्य सम्पति	४.११	९५३,२३५	९६२,३५६
कुल सम्पति		५०१,५१७,९०२	४४१,५७८,५५४
विवरण	**नोट**	**२०८३ आषाढ ३२**	**२०८२ आषाढ ३२**
दायित्वहरु			
सदस्यबाट बचत र निक्षेप दायित्व	४.१२	४३८,७७०,६८९	३७५,४०७,२९६
कर्जा सापटी	४.१३	५,५२५	३,६८४,८८०
कर्मचारी लाभहरुको लागि व्यवस्था	४.१४	३३९,३४६	२०४,५७४
स्थगन कर दायित्व	४.१०		-
अनुदान दायित्वहरु	४.१५		-
अन्य दायित्व	४.१६	१,३४५,२२७	१,९६४,३७७
कुल दायित्व		४४०,४६०,७८७	३८१,२६१,१२७
पूँजी			
शेयर पूँजी	४.१७	२५,९७५,१००	२६,५३४,३००
साधारण जगेडा कोष	४.२	२६,२००,७८६	२४,८४३,०३१
संरक्षित पूँजी फिर्ता कोष		८१३,७१५	९३९,१०३
अन्य वैधानिक कोषहरु	४.१९	८,०६७,५१४	८,०००,९९४
कूल पूँजी		६१,०५७,११५	६०,३१७,४२७
कूल पूँजी तथा दायित्व		५०१,५१७,९०२	४४१,५७८,५५४

- आजको मितिमा संलग्न प्रतिवेदन अनुसार

सुनिता बस्नेत	किशोर सिलवाल	करन थापा	मोहन बहादुर बलामी	सुरेश प्याठ
लेखा प्रमुख	प्रमुख अधिकृत	कोषाध्यक्ष	अध्यक्ष	एस. प्याठ एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स

S. Pyakha & Associates, Bhaktapur, Chartered Accountants

मिति : २०८३/०५/३१
स्थान : काठमाडौं

नाफा नोक्सान विवरण

विवरण	नोट	आ.व. २०८२/२०८३	रकम (रू) आ.व. २०८१/२०८२ (संशोधित)
ब्याज आम्दानी	४.२२	४१,४९४,००२	४८,९१०,६८४
ब्याज खर्च	४.२३	(३२,६३५,५५५)	(३६,३५६,६८०)
खुद ब्याज आम्दानी		८,८५८,४४७	१२,५५४,००५
अन्य सञ्चालन आम्दानी	४.२४	६,८७०,३४०	७,८१४,१८०
बिक्रिको लागत तथा अन्य प्रत्यक्ष खर्च	४.२५	–	–
खुद बिक्रि तथा अन्य सञ्चालन आम्दानी		६,८७०,३४०	७,८१४,१८०
खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी		१५,७२८,७८७	२०,३६८,१८४
अन्य सञ्चालन आम्दानी	४.२६	२,८१२	५,८९१
जम्मा सञ्चालन आम्दानी		१५,७३१,५९९	२०,३७४,०७५
कर्जाको क्षयिकरण/कर्जा तथा अन्य हानीको फिर्ता	४.२७	(४२४,९०८)	(४,७६३,६५७)
खूद सञ्चालन आम्दानी		१५,३०६,६९१	१५,६१०,४१८
सञ्चालन खर्च			
कर्मचारी लाभ खर्च	४.२८	(७,२८५,२११)	(७,२२८,१९९)
अन्य सञ्चालन खर्च	४.२९	(३,२३०,८६८)	(२,८३९,३००)
ह्रास कट्टि, परिशोधन तथा क्षयिकरण खर्च	४.३	(१९२,६५३)	(१७२,५७९)
सञ्चालन नाफा		४,५९७,९५९	५,३७०,३३९
गैर संचालन आम्दानी	४.३१	२३५,३००	२४३,६००
गैर संचालन खर्च	४.३२	–	–
आयकर अघिको नाफा		४,८३३,२५९	५,६१३,९३९
आयकर खर्च	४.३३		
चालू कर		(५०४,२५८)	(५७६,८२९)
स्थगन कर आम्दानी/(खर्च)		१०,८१२	१३,२२८
यस अवधिको नाफा		४,३३९,८१३	५,०५०,३३९

- आजको मितिमा संलग्न प्रतिवेदन अनुसार

सुनिता बस्नेत लेखा प्रमुख	किशोर सिलवाल प्रमुख अधिकृत	करन थापा कोषाध्यक्ष	मोहन बहादुर बलामी अध्यक्ष	सुरेश प्याठ एस्. प्याठ एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स

S. Pyakurel & Associates, Bhaktapur, Chartered Accountants

मिति : २०८३/०५/३१
स्थान : काठमाडौं

अन्य विस्तृत आम्दानीको विवरण
श्रावण १, २०८१ देखि आषाढ ३२, २०८२ सम्मको

विवरण	आ.व.२०८२/२०८३	रकम(रू) आ.व.२०८१/२०८२
यस वर्षको नाफा	४,३३९,८१३	५,०५०,३३९
आयकर पछिको अन्य विस्तृत आम्दानी (Other Comprehensive Income)		
क) नाफा/(नोक्सान) मा पुनः वर्गिकरण नगरिने पुनः मुल्याङ्कन बाट भएका नाफा/(नोक्सान) परिभाषित लाभ योजनाबाट विमाङ्कित नाफा/(नोक्सान)	– –	– –
माथि उल्लेख गरिएको बुँदाको आयकर	–	–
नाफा/(नोक्सान) मा पुनः वर्गिकरण नगरिने खुद अन्य विस्तृत आम्दानी (Other Comprehensive Income)	–	–
ख) नाफा/(नोक्सान) मा पुनः वर्गिकरण गरिएका वा गर्न लायक		
सटही नाफा/(नोक्सान) (विदेशी सञ्चालनको वित्तीय सम्पत्तिको रूपान्तरणमा भएको)	–	–
माथि उल्लेख गरिएको बुँदाको आयकर		
नाफा/(नोक्सान) पुनः वर्गिकरण		
नाफा/(नोक्सान) मा पुनः वर्गिकरण गरिएका वा गर्न लायक अन्य विस्तृत आम्दानी (Other Comprehensive Income)	–	–
यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी (Other Comprehensive Income)	–	–
जम्मा विस्तृत आम्दानी	४,३३९,८१३	५,०५०,३३९

– आजको मितिमा संलग्न प्रतिवेदन अनुसा

सुनिता बस्नेत लेखा प्रमुख	किशोर सिलवाल प्रमुख अधिकृत	करन थापा कोषाध्यक्ष	मोहन बहादुर बलामी अध्यक्ष	सुरेश प्याठ एस. प्याठ एण्ड एसोसिएट्स चाटर्ड एकाउन्टेन्ट्स

S. Pyakh & Associates, Bhaktapur, Chartered Accountants

मिति : २०८३/०५/३१
स्थान : काठमाडौं

नगद प्रवाह विवरण
श्रावण १, २०८१ देखि आषाढ ३२, २०८२ सम्मको

विवरण	आ.व.२०८२/२०८३	रकम(रू) आ.व.२०८१/२०८२
कारोबार संचालनबाट नगद प्रवाह		
व्याज आम्दानी	४१,४६६,५२८	४८,६९३,९२२
शुल्क तथा अन्य सञ्चालन आम्दानी प्राप्ती	७,१०८,१६७	८,०५७,७८०
भुक्तानी गरिएका व्याज खर्च	(३२,६३५,५५५)	(३६,३५६,६८०)
भुक्तानी गरिएको अन्य प्रत्यक्ष खर्च	–	–
नगद भुक्तानी कर्मचारी खर्च	९६,९४५,८६५९	(६,८०६,८६३)
भुक्तानी गरिएको अन्य कार्यालय सञ्चालन खर्च	९३,२३०,८६८९	(२,८३९,३००)
सञ्चालन सम्पत्ति र दायित्वको घटबढ अघिको संचालक नगद प्रवाह	५,७६२,४०७	१०,७४८,८५९
सञ्चालन सम्बन्धी सम्पत्तिमा कमी/(वृद्धि)		
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	–	–
सदस्यलाई ऋण लगानी	४४,५०७,४४१	(४१,३४५,११७)
कर्मचारीलाई ऋण लगानी	९,१२३	(२,८५२,१९६)
अन्य सम्पत्ति	(१८,३५३)	१,४५९,११३
सञ्चालन सम्बन्धी चालु दायित्वमा (कमी)/वृद्धि		
सदस्यबाट बचत र निक्षेप दायित्व	६३,३६३,३९३	५१,४७१,३५९
तिर्न बाँकी कर्जा सापट	(३,६७९,३५५)	(१३,८०५,०४६)
अन्य दायित्व	९,६१९,१५००	(३५८,४२६)
आयकर अगाडिको कार्यगत गतिविधिबाट खुद नगद प्रवाह	१०९,३२५,५०५।०९	५,३१८,५४५।७०
आयकर भुक्तानी	(३९०,८३१)	(१,०२४,८३३)
सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह	१०८,९३४,६७५	४,२९३,७१३
लगानी कारोवारमा नगद प्रवाह		
सम्पत्ति संयन्त्र तथा उपकरणको खरिद	(१२२,०००)	(१११,६६३)
सम्पत्ति संयन्त्र तथा उपकरण को विक्री	–	–
लगानी सम्पत्ति खरिद	–	(२५०,०००)
अमुर्त सम्पत्तिको खरिद	–	०
लाभांश तथा फिर्ता भएको संरक्षण पुँजीकोष प्राप्ती	२८५	५,८९१
लगानी गतिविधिको खुद नगद प्रवाह	(१२१,७१५)	(३५५,७७२)
शेयर निष्काशन	५२८,४००	२,६२७,९००
शेयर फिर्ता	(१,०८७,६००)	(६९१,३००)
लाभांश भुक्तानी	(१,८१३,३७७)	(३,५५५,१२९)
संरक्षण पुँजीकोष भुक्तानी	(८६९,७०५)	(१,८२१,५१०)
कोषमा थप/(उपयोग)	(३८२,७६५)	(५३४,६५०)
वित्तीय गतिविधिबाट खुद नगद प्रवाह	(३,६२५,०४७)	(३,९७४,६८९)
नगद तथा नगद सरहमा भएको खुद बृद्धि (कमी)	१०५,१८७,९१२	(३६,७४८)
सुरू मौज्दात रहेको नगद तथा नगद समान	८३,१९२,११७	८३,२२८,८६५
नगद तथा नगद समानमा विनिमय दरको उतार चढावको असर	–	–
नगद तथा नगद सरहमा अन्तिम मौज्दात	१८८,३८०,०२९	८३,१९२,११७

S. Pyakurel & Associates * Bhaktapur * Chartered Accountants

सुनिता बस्नेत लेखा प्रमुख	किशोर सिलवाल प्रमुख अधिकृत	करन थापा कोषाध्यक्ष	मोहन बहादुर बलामी अध्यक्ष	सुरेश प्याठ एस. प्याठ एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स

मिति : २०८३/०५/३१
स्थान : काठमाडौं

इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण
२०८२ श्रावण १ देखि २०८३ आषाढ ३२ सम्मको

विवरण	शेयर पुँजी	साधारण जगेडा कोष	पूनमूल्याङ्कन कोष	संरक्षित पुंजी फिर्ता कोष	वास्तविक मुल्य कोष	अन्य वैधानिक कोषहरू	सञ्चित मुनाफा	जम्मा
श्रावण १, २०८१ सालको मौज्दात	२४,५९७,७००	२२,६२२,६३५	-	१,९८१,४१४	-	९,८०६,३७५	(३१,३४२)	५८,९७६,७८२
यस वर्षको विस्तृत आम्दानी आ.व २०८१/८२								
नाफा	-	-	-	-		-	५,०५०,३३९	५,०५०,३३९
आयकर पश्चात्तको अन्य विस्तृत आम्दानी (OCI)	-	-	-	-		-	-	-
पुनः मूल्याङ्कन बाट भएका नाफा/(नोक्सान)			-					-
परिभाषित लाभ योजनामा विमाङ्कित नाफा/(नोक्सान)				-			-	-
कुल विस्तृत आम्दानी	-	-	-	-		-	५,०५०,३३९	५,०५०,३३९
सामूहिक क्षयीकरण तथ्याङ्कीय मोडेलिङ प्रयोग गरेर गरिन्छ जस्तै नउठ्ने सम्भावनाको ऐतिहासिक प्रवृत्ति, पुनःप्राप्तिको समय, र हालको आर्थिक र बजार अवस्थामा आधारित हुन्छ ।

३.३ सम्पत्ति, संयन्त्र तथा उपकरण

पहिचान र मापनः

सम्पत्ति संयन्त्र तथा उपकरणहरु लागतमा संचित मूल्यह्रास र क्षयीकरण भएमा घटाई मापन गरिन्छ । लागतमा सम्पत्तिको अधिग्रहणसँग प्रत्यक्ष रूपमा सम्बन्धित खर्चहरु समावेश हुन्छन् ।

मूल्यह्रासः सहकारी संस्थाले व्यवस्थापनको स्वविवेकमा आधारित मूल्यह्रास दरहरूलाई लागु गर्दै घट्दो दर diminishing balance विधि अपनाएर सम्पत्ति तथा उपकरणको मूल्यह्रास गर्दछ । सम्पत्ति तथा उपकरणका महत्त्वपूर्ण वस्तुहरूको वर्तमान र तुलनात्मक अवधिको लागि सम्पत्तिको मूल्यह्रासको लागि प्रयोग गरिने दरहरु देहाय बमोजिम छन् :

स.नं.	सम्पत्तिहरु	मूल्यह्रास दरहरू
१	कार्यालय उपकरणहरू	२५%
२	कम्प्युटरहरू तथा प्रिन्टरहरु	२५%
३	फर्निचरहरू	२५%
४	अन्य उपकरणहरू	२५%
५	सवारी साधनहरु	२०%

सहकारी संस्थाले आफ्नो जग्गाको लागी पुनर्मूल्याङ्कन मोडेल अपनाएको छ । सामान्यतया एक व्यवसायिक मूल्याङ्कनकर्ताको रिपोर्टको आधारमा प्रत्येक दुई वर्षमा उचित मूल्यहरु निर्धारण गरिन्छ । सहकारीले सम्पत्ति,संयन्त्र तथा उपकरणहरुको अन्य वर्गका लागि लागत मोडेल अपनाएको छ । सम्पत्ति, संयन्त्र तथा उपकरणका वस्तुहरु लागतमा संचित मूल्यह्रास र कुनै पनि संचित क्षयिकरण घटाई मापन गरिन्छ ।
नयाँ खरिद गरिएको सम्पत्तिको मूल्यह्रास बीजकको मितिमा गणना गरिन्छ र लागत रू. १,००० भन्दा कम भएको सम्पत्तिलाई नाफा नोक्सान विवरणमा उक्त अवधिको लागि खर्चको रूपमा लेखिएको छ ।

३.४ ख्याति/अमूर्त सम्पत्तिहरू

व्यापार संयोजनमा प्राप्त पहिचान योग्य खुद सम्पत्तिको उचित मूल्य भन्दा अधिग्रहण लागतको कुनै पनि अतिरिक्ततालाई ख्यातिकोरूपमा पहिचान गरिन्छ । ख्यातिलाई लागतमा कुनै पनि संचित क्षयिकरणलाई घटाई मापन गरिन्छ । यदि घटनाहरु वा परिस्थितिहरूमा परिवर्तनहरूले वहन मूल्यमा क्षति पुग्न सक्ने घटनाहरु वा परिस्थितिहरूको परिवर्तनहरूले संकेत गरेमा वार्षिक रूपमा वा त्यो भन्दा बढी पटक क्षतिको लागि ख्यातिको क्षयीकरणको समीक्षा गरिन्छ ।
ख्याति बाहेक छुट्याउन सकिने वा सम्झौता वा अन्य कानुनी अधिकारहरूबाट उत्पन्न हुने उचित मूल्य निर्धारण गर्न सकिने अर्मूत सम्पत्तिहरुको अलग्गै पहिचान गरिन्छ । यी अमूर्त सम्पत्तिहरूलाई तिनीहरूको अनुमानित उपयोगी जीवन अवधिभर लागतमा क्षयिकरण/परिशोधन घटाई लेखाङ्कन गरिन्छ ।
सहकारी संस्थासँग अमूर्त सम्पत्तिको रूपमा हाल सफ्टवेयर रहेको छ र यसलाई घट्दो दर विधिमा १५% मा परिशोधन गरिन्छ ।

३.५ लगानी सम्पत्ति

लगानी सम्पत्तिहरु लाभ तथा भाडा प्राप्त गर्ने उदेश्यले राखिएको जग्गा र/वा भवन हुन् । यसमा सहकारीले गैर-बैंकिङ सम्पत्तिको रूपमा अधिग्रहण गरेको तर प्रतिवेदन मितिमा बिक्री नभएको जग्गा, जग्गा र भवन समावेश हुन्छन् ।
लगानी सम्पत्तिहरु सुरूमा लागतमा पहिचान गरिन्छ र पछि वास्तविक मूल्य मोडेल प्रयोग गरेर मापन गरिन्छ ।

सहकारीले उचित मूल्य (Fair Value) प्रयोग गरेर आफ्नो लगानी सम्पत्तिहरु मापन गर्दछ । सम्पत्तिहरु सुरूमा लागतमा र त्यसपछि प्रत्येक रिपोर्टिङ मितिहरुमा उचित मूल्यमा (Fair Value) मापन गरिन्छ, भिन्नताहरु नाफा वा नोक्सानमा स्थानान्तरण गरिन्छ ।

३.६ आयकर

कर खर्चमा चालु कर र स्थगित कर समावेश छन् ।

चालु कर

चालु कर भनेको इक्विटी वा अन्य विस्तृत आम्दानी (OCI) मा प्रत्यक्ष रुपमा मान्यता प्राप्त वस्तुहरुसँग सम्बन्धित भई इक्विटी वा अन्य विस्तृत आम्दानीमा पहिचान गरिएको बाहेक नाफा वा नोक्सान विवरणमा पहिचान गरिएको आयकर खर्च हो । चालु कर भनेको चालु वर्षको सन्दर्भमा लागू गरिएको कर दरहरु वा वस्तुगत रुपमा लागु गरिएको कर कानूनहरु प्रयोग गरेर र अघिल्ला वर्षहरुको सम्बन्धमा तिर्नुपर्ने करमा कुनै पनि समायोजन गरेर आन्तरिक राजस्व विभागलाई भुक्तानी गर्नुपर्ने अपेक्षित रकम हो ।

स्थगित कर

सम्पत्ति तथा दायित्वहरूको वित्तीय विवरणमा गणना गरिएको रकम तथा आयकर ऐन अनुसार गणना गरिएको रकममा हुने भिन्नतालाई वासलातमा स्थगन कर सम्पत्ति वा स्थगन कर दायित्वका रूपमा लेखाङ्कन गरी प्रत्येक वर्ष यस्तो सम्पत्ति वा दायित्वमा हुने परिवर्तनलाई नाफा वा नोक्सान हिसाबमा स्थगन कर आय वा स्थगन कर खर्च को रुपमा लेखाङ्कन गरिन्छ ।
स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तिको रूपमा पहिचान गरिँदैन । स्थगन कर सम्पत्ति वा दायित्वको मापन गर्दा उक्त सम्पत्तिबाट प्राप्ति हुने वा दायित्व राफसाफ हुने बखतमा लागू हुन सक्ने कर दरको आधारमा गरिन्छ ।

३.७ जारी गरिएको निक्षेप, ऋण धितोपत्र र अधीनस्थ दायित्वहरू

निक्षेप:

सदस्यहरुको निक्षेपहरु प्रारम्भमा कारोबारको लागत घटाई उचित मूल्यमा पहिचान गरिन्छ । कारोबारको लागत निकै कम हुने भएकाले यी खर्चहरूलाई नाफा वा नोक्सानमा पहिचान गरिन्छ । निक्षेप मापनको लागि लेनदेन मूल्यलाई नै उचित मूल्य मानिन्छ ।

३.८ प्रावधानहरू, अन्य दायित्वहरू आकस्मिक दायित्वहरू

कुनै विगतको घटनाको परिणामस्वरुप सहकारी संस्थासँग वर्तमानमा कानूनी वा परोक्ष दायित्व उत्पन्न भएको छ, जसको भरपर्दो अनुमान गर्न सकिन्छ, र उक्त दायित्व चुक्ता गर्न आर्थिक स्रोत बाहिरिन सक्ने सम्भावना बढी छ भने, व्यवस्थाको (Provision) लेखाङ्कन गरिन्छ । लेखाङ्कन गरिने रकम भनेको प्रतिवेदन मितिमा वर्तमान दायित्व चुक्ता गर्न आवश्यक अनुमानित सबैभन्दा उपयुक्त रकम हो, जसमा त्यस समयमा रहेको जोखिम र अनिश्चितालाई समेत ध्यानमा राखिन्छ । व्यवस्थाहरु हरेक प्रतिवेदन मितिमा पुनरावलोकन गरिन्छ र वर्तमानमा सबैभन्दा उपयुक्त अनुमान अनुसार परिमार्जन गरिन्छ। यदि स्रोत बाहिरिन सक्ने सम्भावना नरहेमा त्यस्ता व्यवस्थाहरु उल्ट्याइन्छ ।

लेखाङ्कन गरिने रकम भनेको प्रतिवेदन मितिमा वर्तमान दायित्व चुक्ता गर्न आवश्यक अनुमानित सबैभन्दा उपयुक्त रकम हो, जसमा त्यस समयमा रहेको जोखिम र अनिश्चितालाई समेत ध्यानमा राखिन्छ ।
संयोगिक (सम्भाव्य) दायित्वहरु ती दायित्वहरु हुन् जसको सृजना हुने वा नहुने भन्ने कुरा कुनै अनिश्चित घटनामा निर्भर गर्दछ । अनिश्चित भविष्यको घटना र यी रकमहरु वासलात बाहिरका (Off balance sheet items) शीर्षकहरु हुन् र आर्थिक स्रोत बाहिरिन सक्ने सम्भावना कम भएकाले खुलासा गरिन्छ ।

सम्झौताबाट प्राप्त गर्ने अपेक्षित लाभ सम्झौता अन्तर्गतको दायित्व पूरा गर्ने अपरिहार्य लागतभन्दा कम हुँदा कष्टसाध्य सम्झौताको लेखाङ्कन व्यवस्था गरिन्छ । २०८३ को आषाढको अन्त्यमा सहकारीसँग त्यस्तो संयोगिक दायित्व र कष्टसाध्य सम्झौताहरु छैनन् ।

३.९ आयको पहिचान

सहकारी संस्थामा आर्थिक लाभ प्रवाहित हुने सम्भावना भएको हदसम्म र मूल्य विश्वसनीय रूपमा मापन गर्न सकिने भएमा आम्दानी लेखाङ्कन गरिन्छ । आय बाध्नको लागि देहायका मापदण्डहरु पनि पूरा गर्नुपर्ने हुन्छ ।

ब्याज आम्दानी

परिशोधित लागतमा मापन गरिएका सबै वित्तीय उपकरणहरु, बिक्रिको लागी राखिएको ब्याज आर्जन गर्ने वित्तीय उपरणहरु, नाफा वा नोक्सान मार्फत उचित मूल्यमा तोकिएका वित्तीय उपकरणहरुको ब्याज आम्दानी प्रभावकारी ब्याज दर (EIR) प्रयोग गरेर लेखाङ्कन गरिन्छ । EIR भनेको वित्तीय उपकरणको अपेक्षित जीवन अवधिमा वित्तीय सम्पत्तिको खुद वहन रकममा अनुमानित भविष्यको नगद भुक्तानी वा प्राप्तिहरूलाई ठ्याक्कै छुट ९मष्कअयगलत० गर्ने दर हो । प्रभावकारी ब्याज दरको गणनामा प्राप्त गरिएको शुल्कहरु समावेश हुन्छ । ऋणको जीवनकालमा यसरी पहिचान गरिएको आय प्रभावकारी व्याज विधि अन्तर्गत प्राप्त हुने आम्दानीको लगभग बराबर हुने भएकाले र प्रत्यक्ष रूपमा नाफा र नोक्सानको विवरणमा पहिचान हुने भएकाले यस्ता शुल्कहरु परिशोधित हुँदैनन् ।

नाफा विवरणमा पहिचान गरिएको ब्याज आम्दानी र नोक्सानीमा निम्न समावेश छन् :

- क्षतिग्रस्त ऋण बाहेकका प्रभावकारी ब्याजदर विधिमा गणना गरिएको परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्तिको ब्याज आम्दानी । यी वित्तीय सम्पत्तिहरूमा नेफ्स्कुन, राष्ट्रिय सहकारी बैंक र जिल्ला सहकारी संघ धितोपत्रहरूमा लगानीहरू समावेश छन् ।
- हालसम्म सञ्चालन ऋणबाट प्राप्त तर आर्जित नभएको ब्याज आम्दानीलाई चालू वर्षको ब्याज आम्दानीमा मान्यता दिइएको छ ।

शुल्क र कमिशनको आम्दानी

सेवा प्रदान गरिसकेपछि शुल्क र कमिसनहरु सामान्यतया प्रोदभावी आधारमा लेखाङ्कन गरिन्छ ।

लाभांश आम्दानी

इक्विटी शेयरबाट प्राप्त लाभांश आम्दानीलाई लाभांश प्राप्त गर्ने अधिकार स्थापित भएपछि लेखाङ्कन गरिन्छ ।

अनुदान आय

निर्दिष्ट भविष्य कार्यसम्पादन शर्त तोकिएका अनुदानहरु; कार्यसम्पादन सर्तहरु पूरा हुँदा आयको रूपमा लेखांकन गरिन्छ । निर्दिष्ट भविष्य कार्यसम्पादन शर्त नतोकिएका अनुदानहरु अनुदान प्राप्त हुने कुरा निश्चित हुने बित्तिकै आयको रूपमा लेखांकन गरिन्छ । प्राप्त भएका तर आम्दानीको रूपमा लेखांकन नगरिएका अनुदानलाई दायित्वको रूपमा लेखांकन गरिन्छ।

३.१० ब्याज खर्च

निक्षेप सहित परिशोधन लागतमा मापन गरिएका सबै वित्तीय दायित्वहरूमा ब्याज खर्चलाई प्रभावकारी ब्याजदर विधि प्रयोग गरि नाफा वा नोक्सानको विवरणमा पहिचान गरिन्छ ।
नाफा वा नोक्सान मार्फत उचित मूल्यमा मापन गरिएका सबै वित्तीय दायित्वहरूको ब्याज खर्चलाई प्रोदभावी आधारमा लेखाङ्कन गरिन्छ ।

३.११ कर्मचारी लाभहरू

अल्पकालीन कर्मचारी लाभ

सहकारी संस्थाको छोटो अवधिको कर्मचारी लाभहरूमा मुख्यतया प्रचलित कानून अन्तर्गत प्रदान गरिएको ज्याला, तलब, भत्ता, बोनस र अन्य कर्मचारी सम्बन्धित खर्चहरु समावेश छन् । छोटो अवधिको कर्मचारी लाभहरु छुट बिनाको आधारमा (undiscounted) मापन गरिन्छ र सम्बन्धित सेवा प्रदान गर्दा नाफा वा नोक्सानको विवरणमा देखाइन्छ ।

पारिश्रमिक सहितको अल्पकालीन बिदाहरू

सहकारी संस्थाले कर्मचारीहरूलाई प्रत्येक वर्ष १२ दिनको विरामी विदा, ६ दिनको भैपरि बिदा, २४ दिनको घर बिदा प्रदान गर्दछ । यी बिदाहरु संचित हुने र निहित हुँदैनन् । यसका साथै, सहकारी संस्थाले आफ्नो उपनियम अनुसार ९८ दिनको प्रसूति बिदा, १५ दिनको प्रसूति स्याहार बिदा र क्रिया बिदा प्रदान गर्दछ ।

रोजगारी पछि कर्मचारी लाभहरू

परिभाषित योगदान योजनाहरू

रोजगारी पछिको लाभ योजना भनेको परिभाषित योगदान योजना हो जस अन्तर्गत सहकारीले छुट्टै संस्थालाई निश्चित योगदान तिर्दछ र भविष्यमा रकम तिर्न कुनै कानुनी वा परोक्ष दायित्व राख्दैन । संस्थाले परिभाषित योगदान योजनाहरूमा तिरेको योगदानलाई खर्चको रुपमा नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गर्दछ ।

सामाजिक सुरक्षा कोष योगदान

सामाजिक सुरक्षा कोष भनेको सहकारी संस्थाले छनोट गरेको परिभाषित योगदान योजना हो । श्रम ऐन, २०७४ को अनुपालनमा, सहकारीले सबै कर्मचारीहरूको आधारभूत तलब रकमको २०% कोषमा योगदान गर्दछ र ११% कर्मचारीहरूको तलबबाट कटौती गरि जम्मा ३१% सामाजिक सुरक्षा कोषमा जम्मा गरिन्छ जुन सरकारद्वारा सञ्चालित कोष हो । सहकारी संस्थाको यी योजनाहरु अन्तर्गत आवधिक योगदानको दायित्व बाहेक अरु कुनै दायित्व छैन ।

परिभाषित लाभ योजनाहरू

परिभाषित लाभ योजनाहरु भनेको परिभाषित योगदान योजनाहरु बाहेकका रोजगारी पछिको लाभ योजनाहरु हुन् । परिभाषित लाभ योजनाहरु अन्तर्गत, संस्थाको दायित्व वर्तमान र पूर्व कर्मचारीहरूलाई सहमत लाभहरु प्रदान गर्नु हो, र बीमांकिक जोखिम (लाभहरु अपेक्षा भन्दा बढी वा कम खर्च हुने) र लगानी जोखिम (कोषमा छुट्याइएको सम्पत्तिमा प्रतिफल अपेक्षा भन्दा फरक हुने) तत्वमा, संस्थाद्वारा वहन गरिन्छ । यदि बीमांकिक वा लगानी अनुभव अपेक्षा भन्दा खराब छ भने, संस्थाको दायित्व बढ्न सक्छ, र यदि बीमांकिक वा लगानी अनुभव अपेक्षित परिभाषित लाभ योजना भन्दा राम्रो छ भने संस्थाको दायित्व घट्न सक्छ ।

यदि कुनै संस्थाले अनुचित लागत वा प्रयास बिना, आफ्नो परिभाषित लाभ दायित्व र सम्बन्धित खर्च मापन गर्न अनुमानित एकाइ क्रेडिट विधि (Projected Unit Credit Method) प्रयोग गर्न सक्षम छ भने गर्न सक्दछ । यदि परिभाषित लाभहरु भविष्यको तलबमा आधारित छन् भने, अनुमानित एकाइ क्रेडिट विधिमा अनुमानित भविष्यको तलब वृद्धिलाई प्रतिबिम्बित गर्ने आधारमा परिभाषित लाभ दायित्वहरु मापन गरिन्छ । यसैगरि अनुमानित एकाइ क्रेडिट विधिमा परिभाषित लाभ दायित्व मापन गर्न विभिन्न बीमांकिक अनुमानहरु प्रयोग गरिन्छ , जसमा छुट दरहरु, योजना सम्पत्तिमा प्रतिफलको अपेक्षित दरहरु, तलब वृद्धिको अपेक्षित दरहरु, मृत्युदर, र (परिभाषित लाभ चिकित्सा योजनाहरूको लागि) चिकित्सा लागत प्रवृत्ति दरहरु समावेश हुन्छन् ।

यदि कुनै संस्थाले अनुचित लागत वा प्रयास बिना, परिभाषित लाभ योजनाहरु अन्तर्गत आफ्नो दायित्व र लागत मापन गर्न अनुमानित एकाइ क्रेडिट विधि प्रयोग गर्न सक्षम छैन भने, संस्थालाई अनुमानित भविष्यको तलब वृद्धि, भविष्यको सेवा अवधि, सम्भावित कर्मचारी मृत्युदर आदिलाई बेवास्ता गरेर वर्तमान कर्मचारीहरूको सम्बन्धमा आफ्नो परिभाषित लाभ दायित्व मापन गर्न सरलीकृत प्रकृया अपनाउन अनुमति दिइएको छ । सहकारीले परिभाषित लाभ योजनाका लागि सरलीकृत प्रकृया अपनाएको छ र कर्मचारी लाभमा परिभाषित लाभ योजनाहरूसँग सम्बन्धित सबै खर्चहरु नाफा वा नोक्सान खातामा खर्चको रूपमा लेखांकन गरेको छ ।

अन्य दीर्घकालीन कर्मचारी लाभहरू

अन्य दीर्घकालीन कर्मचारी लाभहरु छोटो अवधि, सेवानिवृत्ति पछि वा समाप्ति लाभको रूपमा वर्गीकृत गरिएका बाहेक कर्मचारी लाभहरु हुन्। यस्ता लाभहरूको सम्बन्धमा सहकारीको खुद दायित्व प्रत्येक योजनाको लागि छुट्टाछुट्टै गणना गरिन्छ । वर्तमान र अघिल्लो अवधिमा कर्मचारीहरूलाई उनीहरूको सेवाको बदलामा प्राप्त भविष्यका लाभहरूको रकम अनुमान गरेर त्यो लाभलाई यसको वर्तमान मूल्य निर्धारण गरिन्छ । कुनै विगतको सेवा लागत र कुनै पनि योजना सम्पत्तिको उचित मूल्य कटौती गरिन्छ । छुट दर भनेको कर्पोरेट बन्डहरूमा हुने व्याजको लाभ हो जसको परिपक्वता मिति सहकारीको दायित्वको सर्तहरु सँग लगभग नजिक हुन्छन् । अनुमानित एकाइ क्रेडिट विधि प्रयोग गरी योग्य बीमाङ्कीयको प्रतिवेदनको आधारमा दायित्वलाई मान्यता दिइन्छ । नाफा वा नोक्सानको विवरणमा अन्य दीर्घकालीन कर्मचारी लाभहरूको पुनः मापनमा बीमाङ्कीय लाभ/नोक्सान सहित सबै खर्चहरूलाई लेखाङ्कन गरिन्छ ।

यदि कुनै संस्थाले अनुचित लागत वा प्रयास बिना आफ्नो दायित्व र लागत मापन गर्न अनुमानित एकाइ क्रेडिट विधि प्रयोग गर्न सक्षम छैन भने, संस्थालाई अनुमानित भविष्यको तलब वृद्धि, भविष्यको सेवा अवधि, सम्भावित कर्मचारी मृत्युदर आदिलाई बेवास्ता गरेर वर्तमान कर्मचारीहरूको सम्बन्धमा आफ्नो परिभाषित लाभ दायित्व मापन गर्न सरलीकृत प्रकृया अपनाउन अनुमति दिइएको छ ।

सहकारीले सरलीकृत प्रकृया अपनाएको छ र सबै खर्चहरु नाफा वा नोक्सान खातामा खर्चको रूपमा लेखांकन गरेको छ ।

पट्टाहरू

सहकारी संस्थाले दफा २० पट्टा लागू सञ्चालन पट्टा भुक्तानीलाई खर्चको रूपमा रूपमा लेखाङ्कन गरेको छ । दफा २० अन्तर्गत लेखा नीतिहरूको विवरण प्रस्तुत गरिएको छ ।
सहकारीले आङ्नो सेवा केन्द्र कार्यालय भाडामा लिएको छ । पट्टा सम्झौताहरु सहकारीले यसको मुख्य कार्या कार्यालयहरूको लागि भाडामा लिएको भवन परिसरसँग सम्बन्धित छन् । आर्थिक वर्ष २०८२/८३ मा सहकारीसँग २ वर्षको औसत पट्टा अवधिको भाडामा छ । कुनै पनि पट्टा सम्झौताले पट्टा अवधिको अन्त्यमा खरिद विकल्प प्रदान गर्दैन र खरिद विकल्प समावेश गर्दैन । अपेक्षित मुद्रास्फीतिसँग मिल्दोजुल्दो हुने गरी पट्टा भुक्तानी निर्धारण भएको छ ।
निम्न अवस्थामा बाहेक सहकारीले सञ्चालन पट्टा अन्तर्गत पट्टा भुक्तानी (बीमा र मर्मतसम्भार जस्ता सेवाहरूको लागत बाहेक) लाई सरल रेखा विधिको आधारमा पट्टा अवधिमा खर्चको रूपमा लेखांकन गरेको छ :
(क) अर्को कुनै विधिबाट पट्टा खर्च लेखांकन गर्नु उपयुक्त देखिएमा वा
(ख) पट्टा भुक्तानी अपेक्षित मुद्रास्फिति अनुसार तय गरिएको देखिएमा

पट्टा भुक्तानी अपेक्षित मुद्रास्फिति अनुसार तय गरिएको हुँदा भुक्तानी भएको रकमलाई नै खर्चको रूपमा लेखांकन गरिएको छ ।

३.१३ शेयर पूँजी र कोषहरु

शेयर पूँजी

जारी गरिएका वित्तीय उपकरणहरूलाई इक्विटीको रूपमा वर्गीकृत गरिन्छ जब नगद र अन्य वित्तीय सम्पत्तिहरु स्थानान्तरण गर्ने वा उपलब्ध संख्यामा आफ्नै इक्विटी उपकरणहरु जारी गर्ने कुनै दायित्व हुँदैन । यी उपकरणहरूले दफा २२ वित्तीय उपकरणको उपदफा २२.४ (क) द्वारा निर्दिष्ट मापदण्ड पूरा गर्छन्, त्यसैले इक्विटीको रूपमा वर्गीकृत गरिन्छ ।
शेयर निष्कासन खर्चलाई, सोही वर्षमा इक्विटीमा लेखाङ्कन गरिएको छ र इक्विटीमा भएको परिवर्तनको विवरणमा खुलासा गरिएको छ र कर प्रभाव पनि खुलासा गरिएको छ ।

उचित मूल्य कोष

लगानी सम्पत्तिलाई उचित मुल्यमा मापन गरिएको छ र सो मुल्यांकनको समायोजन यस कोषमा जम्मा गरिएको छ । उचित मूल्य कोष भनेको लगानी सम्पत्तिको उचित मूल्यमा परिवर्तनहरूको संचय हो । सम्पत्ति बिक्रि भएपश्चात यस कोषको रकम सहकारी ऐनबमोजिम साधारण जगेडा कोषमा रकमान्तर गरिन्छ।

वैधानिक कोषहरू

यस कोषमा कानूनद्वारा कायम रकम समावेश छ ।

साधारण जगेडा कोष

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को प्रावधान अनुसार, आर्थिक वर्षको खुद नाफाको २५% साधारण जगेडा कोषमा स्थानान्तरण गरिन्छ । स्थिर सम्पत्तिको बिक्रीबाट प्राप्त हुने नाफा र सम्पत्तिसँग सम्बन्धित अनुदानमा परिशोधित स्थगित आम्दानी पनि यस कोषमा स्थानान्तरण गरिन्छ ।

संरक्षित पूँजी फिर्ता कोष

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को प्रावधान अनुसार; साधारण जगेडा कोषमा विनियोजन पछि बाँकी खुद नाफाको २५% संरक्षित पूँजी फिर्ता कोषमा स्थानान्तरण गरिएको छ ।

सहकारी प्रवर्द्धन कोष

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को व्यवस्था अनुसार; साधारण जगेडा कोषमा विनियोजन पछि बाँकी खुद नाफाको ०.५% सहकारी प्रवर्द्धन कोषमा स्थानान्तरण गरिएको छ । यो कोष भूमि व्यवस्थापन, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको सहकारी विभागद्वारा व्यवस्थापन गरिएको छ ।

अन्य कोषहरू

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को व्यवस्था अनुसार, संस्थाको कानून, नियमावली र उपनियम बमोजिम सञ्चालक समितिको निर्णय अनुसार साधारण जगेडा कोष, संरक्षण पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा विनियोजन पछि बाँकी नाफाको रकम देहाय बमोजिम विनियोजन गरिएको छ ।

विवरण	बाँडफाड
शेयर लाभाशं कोष	६७ %
घाटा पुर्ति कोष	५ %
सामुदायिक विकास कोष	५ %

सहकारी शिक्षा र तालिम कोष	८ %
डुबन्ते ऋण कोष	५ %
संस्था विकास कोष	५ %
सहकारी संस्था स्थिरीकरण कोष	५ %
जम्मा	१०० %

५. खुलासा र थप जानकारी

५.१ जोखिम व्यवस्थापन

सहकारी संस्थाको व्यवसायीक क्रियाकलापमा जोखिम निहित रहेको हुन्छ । विशेष गरी, सहकारी संस्थाले आफ्ना सदस्यहरूलाई वित्तीय सेवाहरु प्रदान गर्दछ । ग्रामीण घरपरिवारका मानिसहरूमा चेतना र व्यावसायिक सीपको कमी भएकोले, उनीहरूसँगको कारोबारमा लगनशीलता र हेरचाह आवश्यक पर्दछ । यस प्रकारको वित्तीय सेवा पनि बढी जोखिममा हुन्छ किनकि व्यक्तिलाई यस्ता सेवाहरूप्रति सचेत र सक्षम बनाएर वित्तीय सेवाहरु प्रदान गर्नुपर्छ । त्यसैले, सहकारी संस्थाले वर्तमान र सम्भावित भविष्यका जोखिमहरूलाई कम गर्न जोखिमको पहिचान गर्नुपर्छ र पर्याप्त नियन्त्रण प्रणाली अपनाउनु पर्दछ । प्रभावकारी जोखिम व्यवस्थापन ढाँचा प्राप्त गर्न र व्यवसायसँग सम्बन्धित जोखिमहरु समावेश गर्न बलियो जोखिम व्यवस्थापन क्षमताहरु अनिवार्य छन्, कर्जा जोखिम, सञ्चालन जोखिम, बजार जोखिम र तरलता जोखिम पहिचान गर्न, नियन्त्रण र व्यवस्थापन गर्न लेखा सुपरिवेक्षण समिति जिम्मेवार छ । लेखा सुपरिवेक्षण समितिले दैनिक व्यवसाय सञ्चालनबाट उत्पन्न हुने विश्वव्यापी, बृहत्, सूक्ष्म र विभागीय स्तरको जोखिमको आवधिक रूपमा निरीक्षण गर्दछ र यसमा वरिष्ठ व्यवस्थापन र संचालक समितिको ध्यानाकर्षण गर्दछ र प्रतिवेदनहरु छलफल गरि उपयुक्त भएमा निर्देशन जारी गर्दछ ।

लेखा सुपरिवेक्षण समिति:

वार्षिक साधारण सभाद्वारा नियुक्त लेखा सुपरिवेक्षण समिति एक स्वतन्त्र समिति हो, जसले जोखिम व्यवस्थापन ढाँचाको कार्यान्वयन र सहकारीको समग्र आन्तरिक लेखापरीक्षणको निरीक्षण गर्ने जिम्मेवारी बोकेको हुन्छ । समितिले सहकारी संस्थाले आफ्नो जोखिम र व्यावसायिक गतिविधिहरु, जोखिम व्यवस्थापन, अनुपालन ढाँचा, र निरीक्षण जिम्मेवारीहरु पूरा गर्न सञ्चालक समितिलाई सहयोग गर्दछ । यसले अखण्डता, शुद्धता र व्यावहारिकता सुनिश्चित गर्न वित्तीय तथ्याङ्कको समय-समयमा समीक्षा गर्दछ । यसले व्यवसायको सुव्यवस्थित र विवेकपूर्ण आचरण सुनिश्चित गर्न आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन प्रणाली पर्याप्त छ वा छैन भनेर पनि समीक्षा गर्दछ। समितिले समग्र जोखिम व्यवस्थापन संरचनाको समीक्षा गर्ने र जोखिम व्यवस्थापन प्रणालीको प्रभावकारिताको अनुगमन गर्दछ । लेखा सुपरिवेक्षण समितिमा देहायका सदस्यहरु छन्

स.न.	नाम	पद
१	कृष्ण भगत बस्नेत	संयोजक
२	केशव के.सी.	सदस्य
३	प्रतिमा खड्का	सदस्य

जोखिम सम्बन्धी सुशासन प्रणाली

सहकारी संस्थाले उद्यम स्तरमा संस्थामा उत्पन्न हुने जोखिम न्यूनीकरण गर्न नीति र प्रक्रियाहरु लागू गर्दछ र नेतृत्वको मानसिकता, क्षमता अभिवृद्धि कार्यक्रमहरु, परिभाषित कार्य जिम्मेवारीहरु र नैतिक संस्कृति बसालेर कर्मचारीहरूमा जोखिम व्यवस्थापन संस्कृति जगाएको छ । सञ्चालन जोखिम र कर्जा जोखिम सम्बन्धी नीतिहरु स्थापना र अनुपालनको लागि सञ्चालक समिति जिम्मेवार छ ।

सहकारी संस्थाको जोखिम सुशासन संरचना सहकारीको जोखिम दायरा भित्र कायम राख्ने गरि स्थापित गरिएको छ र यसको जिम्मेवारी बोर्डबाट उपयुक्त कार्यात्मक, ग्राहक व्यवसाय, वरिष्ठ व्यवस्थापन र समितिहरूमा दिइएको छ । सञ्चालक समितिले उत्कृष्ट अभ्यासहरु अनुरूप जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण, र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरु निर्धारण गरेको छ र प्रभावकारी रूपमा कार्यान्वयन गरेको छ । सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता संचालक समिति, यस अर्न्तगतका समितिहरु, वरिष्ठ व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रूपमा समीक्षा गरिन्छ ।

तरलता जोखिम

तरलता जोखिम भनेको छोटो अवधिको वित्तीय मागहरु पूरा गर्ने क्षमतासँग सम्बन्धित जोखिम हो । यो सामान्यतया सुरक्षण वा सम्पत्तिलाई नगदमा रूपान्तरण गर्न असमर्थताको कारणले उत्पन्न हुन्छ । सामान्य र तनावपूर्ण दुवै परिस्थितिहरूमा नगद प्रवाहको समयमा बेमेलको परिणामस्वरूप, सहकारीले आफ्नो भुक्तानी दायित्वहरु पूरा गर्न असमर्थ हुन सक्ने सम्भावनाको कारणले तरलता जोखिम उत्पन्न हुन्छ । भुक्तानीको लागी तरल सम्पत्तिहरुको सहकारीलाई स्वीकार्य सर्तहरूमा आवश्यक कोष उपलब्ध नभएको अवस्थामा यस्ता परिस्थितिहरु उत्पन्न हुन सक्छन् । तरलताको अभावका कारण, संस्थाहरूले ग्राहकको माग अनुसार ऋण दिन सक्दैन र बचत र अन्य कानुनी दायित्वहरु समयमै चुक्ता गर्न सक्दैनन् । त्यसैले, सहकारी संस्थाले यस्तो अवस्थालाई रोक्नको लागि समयमै आफ्नो आवश्यकता अनुसार तरलता व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

ब्याजदर जोखिम

ब्याजदर जोखिम भनेको समग्र ब्याजदरमा परिवर्तनले ऋणपत्र वा अन्य निश्चित-दर लगानीको मूल्य घटाउने सम्भावना हो । सहकारीले ब्याजदरबाट उत्पन्न हुने जोखिमलाई कम गर्न निम्न उपायहरु अपनाउँछः
ब्याजदरमा परिवर्तनबाट प्रभावित सम्पत्ति र दायित्वहरु मात्र सम्पत्ति र दायित्वहरूमा समावेश गरिएको छ । सम्पत्ति र दायित्वको भुक्तानीको अवधि नमिल्ने परिस्थितिमा भिन्नताको विश्लेषण गर्दा, नगद मौज्दात र नतिरेको ब्याज रकम समावेश गरिएको छ ।

कर्जा जोखिम

कर्जा जोखिम भनेको कुनै पनि ऋणीले स्वीकार गरेको सर्त अनुसार ऋण तिर्न नसक्ने सम्भावना हो । कुनै पनि वित्तीय संस्थाको मुख्य सम्पत्ति वा आम्दानीको स्रोत भनेको ऋण हो । ऋणीले ऋण लिँदा सहमति जनाएको ऋण तिर्न नसक्दा वित्तीय संस्थाको भविष्य खतरामा पर्छ । त्यसैले, जोखिममा रहेको ऋणको अवस्थाको बारेमा जानकारी प्राप्त गर्न प्रभावकारी सूचकहरूको अध्ययन गर्नु आवश्यक छ । लगानी गरिएको ऋणको नोक्सानी रोक्न र यससँग सम्बन्धित जोखिमहरूलाई कम गर्न, मानक ऋण वितरण मापदण्ड प्रक्रिया पालना गरिन्छ । ऋण स्वीकृत गर्ने प्रक्रियामा संलग्न प्रत्येक कर्मचारीलाई निश्चित जिम्मेवारी तोकिएको हुनाले, सम्बन्धित कर्मचारीले वास्तविक जोखिम-मूल्याङ्कन गरेपछि ऋण स्वीकृत गर्नुपर्छ । जोखिम-मूल्याङ्कनको लागी देहायका प्रक्रियाहरु/अभ्यासहरु पालना गरिएको छ ।

- माग गरिएको ऋणको आवश्यकता र चुक्ता क्षमताको विश्लेषण गर्ने
- ऋणीहरूको अनुशासनात्मक रेकर्डको आधारमा ऋणमा लगानी गर्ने,
- ऋण लिएको पछिल्ला महिनाहरूमा ऋणको उपयोगिताको निगरानी गर्ने र आय आर्जन गर्ने गतिविधिहरु/व्यवसायहरूमा प्रयोग भएको सुनिश्चित गर्ने,
- सदस्यहरूलाई बचत बढाउन प्रेरित गर्ने,
- व्यावसायिक ऋणको लागि ऋण आवेदनको समयमा ऋणीले गरेको व्यवसाय र आम्दानी र खर्चको विवरण लिने,

- यदि धितो ऋण हो भने, सुरक्षित सम्पत्तिको आवश्यक कागजातहरु लिने,
- सहकारी निर्देशिका अनुसार ऋण वर्गीकरण गर्ने र नोक्सान व्यवस्था मिलाउने,
- सहकारी संस्थाको उपनियम बमोजिमको सीमा भित्र ऋण वितरण गर्ने,
- ऋणको निरन्तर अनुगमन र निरीक्षण गर्ने ।

सञ्चालन जोखिम

सहकारी संस्थाको दैनिक कार्य सञ्चालनको क्रममा उत्पन्न हुने जोखिमलाई सञ्चालन जोखिम भनिन्छ । यस कार्यक्रमअन्तर्गत साना तर ठूलो संख्यामा कारोबार गरिएको छ, विकेन्द्रीकृत कार्य विधि अपनाइएको छ, क्षेत्र विस्तारमा बढी ध्यान दिइएको छ, लागत घटाउन प्राथमिकता दिइएको छ । एकीकृत सूचना प्रणालीको अभाव, पूर्वाधारको अभावमा कार्यक्रमहरुको विस्तार र ग्राहकहरुको आवश्यकता अनुसार सेवा प्रदान गर्न उपयुक्त प्रविधिको अभावका कारण यस कार्यक्रममा सञ्चालन जोखिमको सम्भावना सधैं रहन्छ । संस्थाले दैनिक कार्य सञ्चालनका लागि विभिन्न जिम्मेवारीहरु पूरा गर्न आवश्यक कर्मचारीहरुको व्यवस्था गरेको छ । सबै कर्मचारीहरुले संस्थाले तोकेको नीति नियम भित्र कार्य प्रक्रियामा आफ्नो पद जिम्मेवारी पूरा गर्नुपर्छ । तर कहिलेकाहीं कर्मचारीहरुको लापरवाही र व्यक्तिगत स्वार्थका कारण नीति नियमभन्दा बाहिर जाँदा संस्था जोखिममा पर्छ । यस प्रकारको जोखिमले संस्थाको आम्दानी घटाउने, संस्थाको प्रतिष्ठा जोखिम बढ्ने सम्भावना हुन्छ । सञ्चालन जोखिम आन्तरिक कारकहरुको कारणले हुने भएकाले आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाएमा मात्र यो जोखिम कम गर्न सकिन्छ ।

बजार जोखिम

बजार जोखिम भनेको बजार स्तरमा ब्याजदर वा धितोपत्रको मूल्य (इक्विटी), विदेशी विनिमय दर र ती मूल्यहरुको अस्थिरतामा प्रतिकूल परिवर्तनको कारणले सहकारी संस्थाको आम्दानी वा आर्थिक मूल्यमा क्षति हुने सम्भावना हो ।

बजारको अवस्था तथा माग बुझेर सञ्चालक समिति र व्यवस्थापनले बजारको सम्भावना र अवस्था अनुरुप कार्यक्रमहरु आयोजना गर्दछन् र सोहि अनुरुप माथिदेखि तलसम्मका कर्मचारीहरुलाई उनीहरुको क्षमताको आधारमा उपयुक्त जिम्मेवारी प्रदान गरेर जोखिम कम गर्छन् । यसका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ पारिएको छ ।

बजार विश्लेषणमा निम्न कुराहरू विचार गरिएको छः

- प्रतिस्पर्धीहरुको सेवा (कार्यक्रम) र ब्याजदरहरुको बारेमा जानकारी
- संस्थाप्रति सदस्यहरुको दृष्टिकोण
- यस संस्थाप्रति अन्य संस्थाहरुको धारणा
- सेवाको लागत
- नीति नियमहरुमा परिवर्तनबाट हुने उतारचढावहरु
- अन्य संस्थाहरुले आफ्ना ग्राहकहरुलाई आकर्षित गर्न अपनाएका रणनीतिहरु
- ग्राहकले छोड्ने/रहने दर

संस्थागत वा रणनीतिक जोखिम

सहकारी संस्थाको विकास र प्रगतिको क्रममा रणनीतिक जोखिम प्रायः एक प्रमुख कारक हुन्छ, विशेष गरी यदि संस्थाले छोटो अवधिमा तीव्र गिरावट अनुभव गर्छ भने अवलोकन गर्न सकिन्छ । संस्थागत जोखिम र अनुपालन जोखिममा यसको प्रभावको कारण, यो आधुनिक जोखिम व्यवस्थापनमा एक प्रमुख कारक हो। यो जोखिम व्यवस्थापन गर्न, तलका कुराहरु विचार गरिएको छ :

- देशको समग्र आर्थिक र सामाजिक वातावरण अनुसार रणनीतिहरु तय वा परिमार्जन गरिएको छ,
- आफ्ना प्रतिस्पर्धीहरुले प्रदान गर्ने सेवाहरु र उनीहरुको स्थितिको बारेमा जानकार रहँदै,

- आफ्ना ग्राहकहरूको अपेक्षा र चाहनालाई नभुल्दै सकेसम्म धेरै सेवा सुविधाहरु प्रदान गर्ने
- स्रोत परिचालनमा उपयुक्त रणनीतिहरु अपनाउने,

आन्तरिक नियन्त्रण जोखिम

आफ्नो व्यवसाय र वित्तीय गतिविधिहरूबाट नाफामुखी व्यावसायिक अवसरहरूलाई अधिकतम बनाउन, नोक्सान वा प्रतिष्ठामा क्षति पुर्याउन सक्ने जोखिमहरूबाट बच्न वा कम गर्न, लागू हुने कानून र नियमहरूको पालना सुनिश्चित गर्न र बाह्य घटनाहरूको लागि लचिलोपन बढाउन सक्षम बनाउने तरिकाले नियन्त्रण गर्न संस्था प्रतिबद्ध छ । सञ्चालक समिति र व्यवस्थापनले जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरु अपनाएको छ ।

सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारितालाई सञ्चालक समिति, व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रूपमा समीक्षा गरिन्छ । लेखा सुपरिवेक्षण समितिले वर्षभरि संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताको समीक्षा गरेको छ र उपयुक्त भएमा सञ्चालक समितिलाई प्रतिक्रिया प्रदान गरेको छ । संस्थाको आन्तरिक नियन्त्रण प्रणालीमा स्वतन्त्रता कायम राख्न संस्थाले चार्टर्ड एकाउन्टेन्ट्स फर्मलाई आन्तरिक लेखा परीक्षकको रूपमा नियुक्त गरेको छ । आन्तरिक लेखा परीषण विभागले आफ्नो व्यवसाय/इकाई लेखा परीक्षकको कार्यक्रम मार्फत नीति/मानकहरूको अनुपालन र संस्थाभत्र आन्तरिक नियन्त्रण संरचनाहरूको प्रभावकारिताको निगरानी गर्दछ। जोखिम-आधारित मूल्याङ्कन पद्धतिद्वारा निर्धारण गरिए अनुसार सबैभन्दा ठूलो जोखिमका क्षेत्रहरूमा आन्तरिक लेखा परिक्षकको कार्य केन्द्रित छ । आन्तरिक लेखा परीक्षक प्रतिवेदनहरु त्रैमासिक रूपमा सञ्चालक समितिलाई पठाइन्छ । सबै लेखा परीक्षकहरूको निष्कर्ष तत्काल सुधारात्मक उपायहरु सुरू गर्न प्रमुख कार्यकारी अधिकृत र व्यवसाय प्रमुखहरूलाई रिपोर्ट गरिन्छ ।

अनुपालन जोखिम

जवाफदेहिता, पारदर्शिता र व्यावसायिक नैतिकताको क्षेत्रमा उत्कृष्ट अभ्यासहरु र बजार मापदण्डहरु पालना गर्नका लागि संस्था प्रतिबद्ध छ । यसले दुर्व्यवहारको शून्य सहनशीलताको लक्ष्य राख्छ । दैनिक सञ्चालनमा तीन पङ्क्तिको सुरक्षा मोडेलले सहकारीमा अनुपालन र अखण्डता जोखिमको लागि भूमिका र जिम्मेवारीहरु परिभाषित गर्दछ । रक्षाको पहिलो पङ्क्ति सम्बन्धित सहकारी विभागहरु र एकाइहरूसँग छ, जो अनुपालन जोखिमहरु पहिचान गरिएको, बुझिएको र व्यवस्थापन र अनुगमन र अनुपालन अधिकारीलाई रिपोर्ट गरिएको कुरा सुनिश्चित गर्न जिम्मेवार छन् । रक्षाको दोस्रो पङ्क्ति अनुगमन र अनुपालन अधिकारीसँग छ, जसले अनुपालन र अखण्डता जोखिमहरूको मूल्याङ्कन र अनुगमन गर्दछ र व्यवस्थापनसँग यसको नियन्त्रण गतिविधिहरु समन्वय गर्दछ । अनुगमन र अनुपालन अधिकारीले व्यवस्थापकलाई रिपोर्ट गर्दछ । रक्षा पङ्क्ति अनुपालन कार्यले संस्था, यसको सञ्चालन र कर्मचारी सदस्यहरूको व्यक्तिगत आचरणसँग सम्बन्धित मामिलाहरूमा अनुपालन जोखिमहरु पहिचान गर्न, मूल्याङ्कन गर्न, अनुगमन गर्न र रिपोर्ट गर्न सहकारी संस्थालाई सहयोग गर्दछ ।

५.२ वित्तीय सम्पत्ति र दायित्वहरूको उचित मूल्य

उचित मूल्य भनेको बजार-आधारित मापन हो, कुनै संस्था-विशिष्ट मापन होइन । केही सम्पत्ति र दायित्वहरूको लागि, अवलोकनयोग्य बजार लेनदेन वा बजार जानकारी उपलब्ध हुन सक्छ । अन्य सम्पत्ति र दायित्वहरूको लागि, अवलोकनयोग्य बजार लेनदेन र बजार जानकारी उपलब्ध नहुन सक्छ । यद्यपि, दुवै अवस्थामा वास्तविक मूल्य मापनको उद्देश्य एउटै हो - वर्तमान बजार अवस्थाहरु अन्तर्गत मापन मितिमा बजार सहभागीहरु बीच सम्पत्ति बेच्न वा दायित्व हस्तान्तरण गर्न व्यवस्थित लेनदेन हुने मूल्य अनुमान गर्नु हो । (अर्थात्, सम्पत्ति धारण गर्ने वा दायित्व तिर्नुपर्ने बजार सहभागीको दृष्टिकोणबाट मापन मितिमा निकास मूल्य) ।

तलको पदानुक्रम अनुसार वास्तविक मूल्यहरू निर्धारण गरिन्छः

क) उचित मूल्यको सबैभन्दा राम्रो प्रमाण भनेको सक्रिय बजारमा समान सम्पत्ति को लागि सूचिकृत मूल्य हो । यो सामान्यतया हालको बोली मूल्य हो ।

ख) सूचिकृत मूल्यहरु उपलब्ध नभएको बेला, बाध्यकारी बिक्री सम्झौतामा मूल्य वा सूचिकृत मूल्यहरुको लागि हालसालै गरिएको कारोबार उपलब्ध नभएको बेला, बाध्यकारी बिक्री सम्झौतामा मूल्य वा जानकार, इच्छुक पक्षहरु बीचको सामान्य बजार बिचको कारोबारमा समान सम्पत्तिको लागि हालसालै गरिएको कारोबारले सूचिकृत मूल्यको प्रमाण प्रदान गर्दछ । यद्यपि, यदि आर्थिक परिस्थितिमा उल्लेखनीय परिवर्तन भएको छ वा बाध्यकारी बिक्री सम्झौताको मिति, वा लेनदेन, र मापन मिति बीचको महत्त्वपूर्ण अवधि भएको छ भने यो मूल्य वास्तविक मूल्यको राम्रो अनुमान नहुन सक्छ । यदि संस्थाले अन्तिम लेनदेन मूल्य वास्तविक मूल्यको राम्रो अनुमान होइन भनेर प्रदर्शन गर्न सक्छ (उदाहरणका लागि, किनभने यसले जबरजस्ती लेनदेन, अनैच्छिक परिसमापन वा संकट बिक्रीमा संस्थाले प्राप्त गर्ने वा भुक्तानी गर्ने रकमलाई प्रतिबिम्बित गर्दछ), तब त्यो मूल्य समायोजन गरिन्छ ।

ग) यदि सम्पत्तिको बजार सक्रिय छैन र कुनै पनि बाध्यकारी बिक्री सम्झौताहरु वा समान सम्पत्ति (वा समान सम्पत्तिको) को हालसालैको लेनदेनहरु आफैंमा वास्तविक मूल्यको राम्रो अनुमान होइन भने, एक संस्थाले अर्को मूल्याङ्कन प्रविधि प्रयोग गरेर उचित मूल्यको अनुमान गर्दछ । मूल्याङ्कन प्रविधि प्रयोग गर्नुको उद्देश्य सामान्य व्यापारिक सर्न्दभद्वारा प्रेरित सामान्य बजार बिचको कारोबारको निमयमा मापन मितिमा लेनदेन मूल्य कति हुने थियो भनेर अनुमान गर्नु हो ।

५.३ सम्बन्धित पक्षको खुलासा

सञ्चालक समितिका सदस्यहरु, लेखा समिति र प्रमुख व्यवस्थापकीय कर्मचारीहरूलाई संस्थाको सम्बन्धित पक्षको रूपमा पहिचान गरिएको छ ।

निम्न पक्षहरूलाई सम्बन्धित पक्षको रूपमा पहिचान गरिएको छ :

क.स..	नाम	सम्बन्ध	नियुक्तिको मिति	अवकाश मिति
१	मोहन बहादुर बलामी	अध्यक्ष	२०७९.०९.०९	२०८३.०९.३०
२	पार्वती के.सी.	उपाध्यक्ष	२०७९.०९.०९	२०८३.०९.३०
३	श्रीभगत महर्जन	सचिव	२०७९.०९.०९	२०८३.०९.३०
४	करन थापा	कोषाध्यक्ष	२०७९.०९.०९	२०८३.०९.३०
५	रामराजा सिलवाल	सदस्य	२०७९.०९.०९	२०८३.०९.३०
६	सरस्वती कुमारी के.सी. पाण्डे	सदस्य	२०७९.०९.०९	२०८३.०९.३०
७	ध्रुव कुमार के.सी.	सदस्य	२०७९.०९.०९	२०८३.०९.३०
८	कृष्ण भगत बस्नेत	लेखा.सु.समिति संयोजक	२०७९.०९.०९	२०८३.०९.३०
९	केशव के.सी.	लेखा.सु.समिति सदस्य	२०७९.०९.०९	२०८३.०९.३०
१०	प्रतिमा खड्का	लेखा.सु.समिति सदस्य	२०७९.०९.०९	२०८३.०९.३०
११	श्रीभगत महर्जन	ऋण उपसमिति संयोजक		
१२	हरिहर सुवेदि	ऋण उपसमिति सदस्य		
१३	रेश्मा महर्जन	ऋण उपसमिति सदस्य		

१४	सरस्वती कुमारी के.सी. पाण्डे	शिक्षा उप समिति संयोजक		
१५	प्रमिला कुवर थापा	शिक्षा उप समिति सदस्य		
१६	सन्धया ढकाल	शिक्षा उप समिति सदस्य		
१७	किशोर सिलवाल	मुख्य अधिकृत	२०७८.१०.०७	तोकिएको छैन

संचालकहरू र मुख्य अधिकृतसँगको कारोबार र भुक्तानी

सञ्चालक समितिको भत्ता र सुविधा

विवरण	चालु वर्ष	गत वर्ष
बैठक भत्ता	३३६,०५०	२०३,४५०
सञ्चार र इन्धन सुविधाहरू	छैन	छैन
कुल	३३६,०५०	२०३,४५०
ऋण, पेश्की र अन्य प्राप्य/भुक्तानीयोग्य रकमहरू	११,९३२,४७०	८,००४,५००
प्राप्तिहरू रद्द गरिएको		

मुख्य अधिकृतको पारिश्रमिक र सुविधाहरू

विवरण	चालु वर्ष	गत वर्ष
आधारभूत तलब	**८१५,७७२**	**८१५,७७२**
ग्रेड	८४,१७१	३६,३२४
भत्ता तथा अन्य सुविधाहरु	८२९,५७१	७१४५९८
ऋण, पेश्की र अन्य प्राप्य/भुक्तानीयोग्य रकमहरु	४,३२६,१९१	४,४५६,६६७
प्राप्तिहरु रद्द गरिएको	-	-

माथिका अतिरिक्त बाहेक, सहकारीले संस्थाको वित्तीय नीति अनुसार भ्रमण भत्ता जस्ता अन्य सुविधाहरु पनि प्रदान गर्दछ ।

५.४ मर्जर र प्राप्ति

सहकारीले मर्जर वा प्राप्तिको लागि कुनै सम्झौता गरेको छैन ।

५.५ गैर-समावेशित संस्थाहरूको थप खुलासा

सहकारीको कुनै सहायक र सहयोगी कम्पनीहरु छैनन् । त्यसैले, थप खुलासा आवश्यक छैन ।

५.६ रिपोर्टिङ मिति पछिका घटनाहरू

नपाल लेखामान (NAS) १०० "रिपोर्टिङ अवधि पछि हुने घटनाहरु" अनुसार समायोजन आवश्यक पर्ने कुनै पनि घटनाहरु रिपोर्टिङ अवधि पछि अवलोकन गरिँदैन ।

ब्याजदर

वित्तीय बजारमा देखिएको ब्याजदर परिवर्तनलाई मध्यनजर गरि मिति २०८३।०४।१० को सञ्चालक समिति वैठकको निर्णय बमोजिम मिति २०८३।०४।११ गते आइतबार देखि लागू हुने गरि बचत तथा ऋणको ब्याजदर देहाय बमोजिम कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सुचित गरिन्छ ।

वचत ब्याजदर

क्र.स	वचत खाता	ब्याजदर	क्र.स	वचत खाता	ब्याजदर
१	नियमित वचत	८.५ %	८	जेष्ठ सदस्य वचत	५ %
२	साधारण वचत	३.५ %	९	क्रमिक बचत	५, ६.५, ९.५ %
३	दैनिक वचत	३.५%	१०	विप्रेसन वचत	३.५ %
४	वाल वचत	४.५ %	११	हितकोष वचत	८ %
५	सुनिश्चित भविष्य वाल वचत	८,९,१० %	१२	अक्षय कोष वचत	८ %
६	कर्मचारी वचत	४ %	१३	विशेष वचत	सम्झौता अनुसार
७	नारी वचत	४ %			

आवधिक वचत ब्याजदर

क्र.स	आवधिक योजना	ब्याजदर	क्र.स	आवधिक योजना	ब्याजदर
१	३ महिने	४.५ %	४	१ वर्ष	५.५ %
२	६ महिने	५ %	५	२ वर्ष	६ %
३	९ महिने	५.२५ %	६	३ वर्ष	६.५ %
७	युगवाणी विशेष आवधिक वचत (मासिक ब्याज भुक्तानी)				६.२५ %

ऋण ब्याजदर

क्र.स	ऋण शिर्षक	ब्याजदर	क्र.स	ऋण शिर्षक	ब्याजदर
१	ब्यापार ऋण (जमानीमा)	१०.५, (१३%)	८	सामाजिक ऋण (जमानीमा)	१०.७५, (१३%)
२	हायर पर्चेज ऋण	१०.५ %	९	जग्गा तथा घडेरी खरिद ऋण	१०.७५ %
३	कृषि ऋण	१०.५%	१०	निजी सवारीसाधन खरिद ऋण	१०.७५%
४	शिक्षा ऋण	१०.५%	११	कारोवार ऋण	११.२५ %
५	वैदेशिक रोजगार ऋण	१०.५ %	१२	घर ऋण	१०.७५ %
६	अल्पकालिन (जमानीमा)	१०.५ (१३%)	१३	आपतकालिन ऋण (जमानीमा)	१०.७५ (१३%)
७	औधोगिक ऋण	१०.५ %	१४	आवधिक वचत ऋण	+ २.५ % थप

नोटः सावि‍क ऋणमा तोकिएको अवधीसम्म ब्याजदर यथावत रहनेछ ।

हार्दिक श्रद्धाञ्जली

यस संस्थाका सदस्यहरू

स्व. प्रदिप के.सी. (५५६)
स्व. सुनिल कार्की (७४९)

को असामयिक निधन भएकोले दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

साथै यस दु:खद् घडीमा उहाँहरूको शोक सन्तप्त परिवारजन प्रति धैर्य धारण गर्ने शक्ति प्रदान गरून् भनि प्रार्थना गर्दछौं ।

युगवाणी बचत तथा ऋण सहकारी संस्था लि.
चन्द्रागिरि-७, महादेवस्थान, काठमाडौं

नोट :



राष्ट्रिय सहकारी दिवस



सदस्य सम्मान



सदस्य सम्मान





उत्कृष्ट कर्मचारी सम्मान



सदस्य उपस्थिति सम्मान

युगवाणी साकोसको मोबाइल एप्लिकेसन (YUGBANI SMART APP) प्रयोग विधि






१. मोबाईलमा Play Store मा जानुहोस् ।

२. त्यसको माथि Search मा गएर YUBANI Smart App टाईप गरी Search गर्नुहोस् ।


३. YUGBANI को भएको YUBANI Smart App मा क्लिक गर्नुहोस् र Install बटनमा थिचेर त्यो App Install गर्नुहोस् ।




४. एप खोल्नुहोस र रजिष्टर गर्नुहोस, त्यस पछाडि संस्थाबाट OTP आउनेछ, यो OTP राखेपश्चात, आफुलाई सुविधायुक्त Strong Password राख्नुहोस, सोपश्चात ५ अंकको PIN राख्नुहोस ।

५. उक्त विवरण राखिसकेपछि लगईन गर्ने ठाउँ आउनेछ र सो लगईन गर्ने कोष्ठमा सो Password राखी लगईन गरी युगवाणी मोबाईल बैकिङको सुविधाहरु प्रयोग गर्नुहोस ।

युगवाणी मोबाइल बैंकिङका मुख्य सेवाहरु:



- NTC Ncell, Dishome लगाएत सम्पूर्ण रिचार्ज सेवा,
- ईन्टरनेट र टेलिफोन भुक्तानी सेवा
- खानेपानी तथा बिजुलीको बिल भुक्तानी सेवा
- आफ्नो संस्थामा रहेको सम्पूर्ण बचत तथा ऋण खाताको जानकारी,
- संस्थाको आफ्नो खाताबाट आफन्तको खातामा रकम स्तानान्तरण गर्ने सुविधा,
- आफ्नो बचत खाताको मिनिस्टेटमेन्ट प्राप्त गर्ने सुविधा, बचत जम्मा वा बचत फिर्ता गर्दा आफ्नो मोबाईलमा एम.एम.एस. प्राप्त गर्न सकिने सुविधा,
- Domestic हवाईजहाज टिकट बुकिङ सुविधा,
- E-Sewa तथा Khalti मा पैसा जम्मा गर्न तथा प्राप्त गर्न सकिने सुविधा आदि ।



व्यवस्थापन समूह



किशोर सिलवाल
मुख्य अधिकृत



सुनिता बस्नेत
अधिकृत



रेश्मा महर्जन
सहायक अधिकृत



सन्ध्या ढकाल
सहायक अधिकृत



हरि प्रसाद आचार्य
कार्यालय सहायक



ओसिन राना मगर
कनिष्ठ सहायक



श्रुति भण्डारी
कनिष्ठ सहायक



जेनुका खतिवडा
कनिष्ठ सहायक



सुब्बा बहादुर राई
सुरक्षाकर्मी



तुल बहादुर भण्डारी
सुरक्षाकर्मी



राममाया के.सी.
सहयोगी



नियमित बचत किन गर्ने ?

- ✔ जिम्मेवार सदस्यको पहिचान दिन ।
- ✔ राहत कोषबाट सुविधा प्राप्त गर्न ।
- ✔ ऋण लिदा लाग्ने अतिरिक्त शुल्कबाट बच्न ।
- ✔ बचतको आधारमा ऋण प्राप्त गर्न ।
- ✔ घन जमानिको लागि योग्य हुन ।
- ✔ समृद्ध भविष्य सुनिश्चित गर्न ।

ICA द्वारा प्रतिपादित सहकारी अन्तर्राष्ट्रिय सिद्धान्तहरू :-

१. स्वेच्छिक तथा खुल्ला सदस्यता । (Voluntary and Open Membership)
२. सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण । (Democratic Member Control)
३. सदस्यहरुको आर्थिक सहभागिता । (Member Economic Participation)
४. स्वायत्तता तथा स्वतन्त्रता । (Autonomy and Independence)
५. शिक्षा, तालिम र सूचना । (Education, Training and Information)
६. सहकारी संस्थाहरुका बीच सहयोग । (Co-operation Among Co-operatives)
७. समुदायप्रति चासो । (Concern for Community)

विश्व ऋण परिषद् (WOCCU) को सहकारी सञ्चालन सम्बन्धी सिद्धान्तहरू :-

क) सहकारीको संरचना (Co-operative Structure)

- सदस्यको स्वामित्व (Member Owned)
- सदस्यको नियन्त्रण (Member Control)
- लोकतान्त्रिक नियन्त्रण (Democratic Control)

ख) सदस्यलाई सेवा (Service to Member)

- वित्तीय समावेशीकरण (Financial Inclusion)
- वित्तीय दिगोपना (Financial Sustainability)
- सदस्यको आर्थिक सक्षमताको अभिवृद्धि (Maximizing Member Economic benifit)

ग) सामाजिक उत्तरदायित्व (Social Responsibility)

- वित्तीय साक्षरता (Financial Literacy)
- सञ्जाल सहकार्य (Network Cooperation)
- सामाजिक उत्तरदायित्व (Community Responsibility)
- विश्वव्यापी परिकल्पना (Global Vision)

युगवाणी
बचत तथा ऋण सहकारी संस्था लि.
YUGBANI SAVING & CREDIT CO-OPERATIVE LTD.
चन्द्रागिरि नगरपालिका-७, महादेवस्थान, काठमाण्डौं
फोन नं. ०१-४३११५२९, ०१-४३१५५५१,
Email: yugbanisaccos@gmail.com